Anubhav:Layout 1 3/31/2016 11:36 AM Page a

## संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा संप्रेशण गरिने प्रतिवेदन

## (CRC Reporting)

### विशेष

# अनुभवहरू

**बालसहभागितामा कार्यरत संस्थाहरुको साझा समूह**

**(कन्सोर्टियम–नेपाल)**

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page b


# अनुभवहरू

*वर्ष १६, अङ्क ७, २०७२*

**सल्लाहकारहरू**
युवराज घिमिर
सन्तराम डंगोल
किरण थापा

**सम्पादन**
कुमार भट्टराई

**संयोजन**
मोहन दंगाल

**विशेष सहयोग**
सन्तोष महर्जन
वर्षा श्रेष्ठ

**कभर/लेआउट**
सूर्यनारायण श्रेष्ठ

**प्रकाशक**
बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम-नेपाल)

**प्रकाशन सहयोग**
प्लान इन्टरनेशनल



**सर्वाधिकार**
कन्सोर्टियम नेपाल



**मुद्रण**
न्यू कान्तिपुरी प्रिन्टर्स


## प्रकाशकीय

हामी यतिबेर बालअधिकार आन्दोलनको महत्वपूर्ण क्षणमा आइपुगेका छौं । संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि पारित भएको २५ वर्ष नाघेको छ । यस महासन्धि माथि पक्ष राष्ट्रहरूले प्रतिवेदन पठाउने र नागरिक समाजका तर्फबाट बैकल्पिक प्रतिवेदन पठाउन थालेको पनि धेरैपटक भैसक्यो । यसक्रममा हाम्रो देश नेपालमा पनि सरकार तथा नागरिक समाजले आवधिक प्रतिवेदन र वैकल्पिक प्रतिवेदन लेखन तथा प्रस्तुतिका अनुभव संगाली सकेको छन् ।

यस क्रममा पछिल्लो पटक सन् २०१४ मा तेश्रो, चौथो तथा पाँचौं संयुक्त प्रतिवेदन तयार पारी राष्ट्रसंघीय बालअधिकार समितिमा बुझाउने कार्य सम्पन्न भएको छ । यस क्रममा कन्सोटियम्को संयोजनमा वैकल्पिक प्रतिवेदन बालबालिकाको नेतृत्वमा पनि तयार पार्ने असल अभ्यास पनि सम्पन्न गरियो । बाल सहभागिताको अभ्यास र बालबालिकामा निहित क्षमतालाई सबैका सामु उजागर गर्ने यो एउटा सुनौलो अवसर थियो ।

ठूला दाजु दिदीहरूको सहयोगमा बालबालिकाले आफ्नै नेतृत्वमा विशिष्ट प्रकारको प्रतिवेदन तयार पारे, सम्बन्धित निकाएमा बुझाए, जेनेभा नै पुगेर आफ्ना

कुरा राखे र सर्वत्र प्रसंसा पनि पाए । यसरी हामी वयस्क र बालबालिकाको सहकार्यमा नै बाल सहभागिताले मलजल पाउँछ भन्ने कुरा व्यवहारमा सिद्ध गर्न सफल भयौं ।

प्रतिवेदन लेखनकै क्रममा हामीले अघिल्ला अनुभवहरूको खोजी गऱ्यौं । खोजीका क्रममा खघिल्ला समयका अनुभव तथा सिकाईहरू लिपिवद्ध भएको पाएनौं । जति पनि अनुभवहरू थिए, त्यतिबेलाको प्रक्रियामा सामेल महानुभावहरूसँग मात्र सीमित थिए । हामीले ती अग्रजहरूसँग पनि सम्पर्क गऱ्यौं र निष्कर्षमा पुग्यौं कि हामीले संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि माथिको आवधिक प्रतिवेदन लेखन जस्तो महत्वपूर्ण अनुभवहरूलाई लिपिवद्ध गराउनै पर्छ, गर्नै पर्छ । त्यही निष्कर्षको प्रतिफल हो कन्सोर्टियमको वार्षिक प्रकाशन "अनुभवहरू"को यो अंक । यस विशेष अंकमा हामीले प्रतिवेदन लेखनको पहिलो देखि पछिल्लो अनुभवलाई समेट्ने प्रयास गरेका छौं ।

यसरी यस अंकमा लेख तथा अन्तरवार्ता मार्फत आफ्ना अनुभवहरू उपलब्ध गराइदिएर पछिल्लो पुस्तालाई सिक्ने अवसर प्रदान गरिदिनु भएकोमा म सबै लेखक महानुभावहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । यसैगरी यस अंकको समग्र संयोजनका लागि कर्न्सोटियम क्षेत्र नं ४ का संयोजक मोहन दंगाल र सम्पादन कार्यका लागि कर्न्सोटियम-नेपालका निवर्तमान अध्यक्ष कुमार भट्टराईलाई धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद कै क्रममा कर्न्सोटियम सचिवालयका साथीहरू विशेषगरी वर्षा श्रेष्ठ र यस अंकको प्रकाशनमा आर्थिक सहयोग उपलब्ध गराउने प्लान इन्टरनेशनलाई विशेषरूपमा सम्झन चाहन्छु । यसैगरी कन्सोर्टियम कार्य समिति सदस्य सन्तोष महर्जन र साजसज्जा र डिजाईनमा सहयोग पुऱ्याउने सूर्यनारायण श्रेष्ठलाई उहाँहरूले पुऱ्याउनु भएको योगदानलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

सदा झैं विज्ञ पाठकबाट सिर्जनशील सुझावको अपेक्षा गरेका छौं ।

**युवराज घिमिरे**

अध्यक्ष

# विषय सूची


| | | | |
|---|---|---|---|
| १. | बालअधिकार अन्दोलन एउटा निरन्तर चलिरहने अभियान हो | - *गौरी प्रधान* | १ |
| २. | बालअधिकारसम्बन्धी आवधिक प्रतिवेदनमा हाम्रो सामूहिक सहभागिता | - *कृष्ण सुवेदी* | ९ |
| ३. | नेपालका गैर सरकारी संस्थाहरूका तर्फबाट संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा पठाइएका बालअधिकारसम्बन्धी पूरक प्रतिवेदनहरू | - *चन्द्रिका खतिवडा* | ३५ |
| ४. | बालअधिकार : यात्रा स्मरण | - *ज्ञानेन्द्रकुमार श्रेष्ठ* | ५१ |
| ५. | संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा आफ्ना कुरा राख्दा | - *हिमा राई* | ५८ |
| ६. | बालबालिकाको नेतृत्वमा बनेको बालअधिकार प्रतिवेदन तयारी प्रक्रियामा सहजीकरण गर्दाका केही अनुभवहरू | - *निना महर्जन* | ६१ |
| ७. | नागरिक समाजबाट प्रस्तुत गरिने बैकल्पिक प्रतिवदेनको महत्व ज्यादै ठूलो छ | - *डा. विजय सैंजु* | ७२ |
| ८. | बालअधिकार समितिको समापन टिप्पणी र पक्षराष्ट्रको दायित्व | - *शिव बहादुर थापा* | ७८ |
| ९. | संयुक्त राष्ट्रसंघीय पद्धतिमा नेपाल र बालअधिकार | - *कपिल अर्याल* | ८७ |
| १०. | अनुभवहरूको यो अंक र मेरो आफ्नै कुरा | - *कुमार भट्टराई* | ९० |
| ११. | जेनेभाको बालअधिकार समितिमा पुग्दा | - *राकेस पौडेल* | ९३ |
| १२. | बालक्लबदेखि बालअधिकार समितिसम्म पुग्दा | - *मोहन दंगाल* | ९५ |
| १३. | सपनाले साकार रूप लिँदा | - *सन्तोष महर्जन* | १०० |
| १४. | बालअधिकार अभियानमा सम्लग्तना र महासन्धिको प्रतिवेदन लेखनः एक अनुभूति | - *तारक धिताल* | १०२ |

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 1



# बालअधिकार अन्दोलन एउटा निरन्तर चलिरहने अभियान हो



**गौरी प्रधान**

*(बालबालिकाको हक र अधिकारलाई कल्याणकारी धारबाट अधिकारमुखी धारतर्फ डोऱ्याउने र संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि घोषणा हुनुपूर्व नै नेपालमा बालअधिकारका पक्षमा वकालत गर्ने पहिलो व्यक्तित्व हुनुहुन्छ* ***गौरी प्रधान*** *। सन् १९८७ मा स्थापना भएको सिविन-नेपाल नामक संस्थाको उहाँ संस्थापक अध्यक्ष हुनुहुन्छ । यसै संस्था मार्फत उहाँले बालअधिकार आन्दोलनलाई स्थानीय तहदेखि राष्ट्रिय र अन्तर्राष्ट्रिय तहसम्म पुऱ्याउन योगदान दिनुभयो । नेपाल सरकारलाई संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि अनुमोदन गराउन र नेपालमा बालबालिकासम्बन्धी ऐन निर्माणमा उहाँको उल्लेखनीय योगदान रहेको छ । यसै ऐनले निर्देशित गरे अनुरूप उहाँ केन्द्रीय बाल कल्याण समितिको पहिलो अध्यक्ष हुनुभयो र नेपालमा बालबालिकासम्बन्धी दश वर्षे राष्ट्रिय कार्ययोजना निर्माण गर्न सक्रिय भूमिका खेल्नुभयो । बालश्रम, बाल दुर्व्यवहार, सडक बालबालिका, बालविवाह र बालबालिकको बेचविखन विरूद्ध नागरिक समाजको अभियानको नेतृत्व गर्नुभएका गौरी प्रधानले जोखममा परेका बालबालिकाका लागि काम गर्ने सञ्जाल* Children at Risk Networking Group (CAR-NWG) *को सन् १९९२ देखि १९९७ सम्म अध्यक्षता गर्नुभयो । उहाँ* Global March Against Child Labor *को दक्षिण एसिया क्षेत्रीय संयोजकका साथै अन्तर्राष्ट्रिय समन्वय समितिको सदस्यका रूपमा पनि कार्यरत हुनुभयो । उहाँले सन् २००८ देखि २०१३ सम्म राष्ट्रिय मानवअधिकार आयोगको माननीय सदस्य एवं प्रवक्ताका रूपमा जिम्मेवारी सम्हाल्नुभएको थियो । नेपालको बालअधिकार आन्दोलन र संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिमाथि नागरिक समाजका तर्फबाट प्रस्तुत गरिने वैकल्पिक प्रतिवेदनका सम्बन्धमा उहाँसँग वर्षा श्रेष्ठले लिनुभएको अन्तर्वार्ता तल प्रस्तुत गरिएको छ ।)*

## १. नेपालको बालअधिकार आन्दोलनको पृष्ठभूमि बताइदिनुहोस् ?

नेपालमा बालबालिकासँग सरकारी या गैरसरकारी क्षेत्रबाट जसरी काम गरिन्थ्यो विगतमा यी सबै अवधारणाहरू अधिकारमुखी थिएनन् । हामीले धेरै पछाडिमात्र बालअधिकारको बारेमा कुरा गर्न थालेका हौँ । बालबालिकासँग काम गर्ने कुरा मूलतः कल्याणकारी अवधारणामा आधारित थियो । हामीले बाल अधिकारका बारेमा कुरा गरिरहँदा कतिपय मानिसहरू बालअधिकार पनि हुन्छ र ? भनेजस्तो गरेर अचम्म मान्नु हुन्थ्यो । समाजमा "बालबालिका भनेका बुवा-आमा, शिक्षक, आफूभन्दा ठूलाको निर्देशन र अरूको आश्रयमा हुर्कने हुन् । तसर्थ उनीहरूको अफ्नो छुट्टै अधिकार हुँदैन" भन्ने सोच व्याप्त थियो । यसप्रकारको सोच जन साधरणमा मात्र होइन, सरकार तथा मानव अधिकारको क्षेत्रमा काम गर्ने मानिसहरूमा समेत थियो । यसै परिप्रेक्षमा बालअधिकार आन्दोलनको शुरूवात भएको हो ।

मैले बालअधिकारको क्षेत्रमा काम गर्न र बालअधिकारको सवाल उठाउन थाल्दा संयुक्त राष्ट्रसंघको आह्वानमा संसार भरी युवा वर्ष १९८५ चलिरहेको थियो । मैले बालअधिकारको सवाललाई उठाइ रहँदा म मानव अधिकार र युवा आन्दोलनमा पनि उत्तिकै सक्रिय थिएँ । यस दौरान गरिएका छलफल र बहसको निचोड स्वरूप सन् १९८७ मा सिविन-नेपालको गठन गरियो । त्यसपछि बालअधिकार आन्दोलन संस्थागत अभियानको रूपमा समाजमा अगाडि बढ्यो ।

## २. तपाई बालअधिकार आन्दोलनमा लाग्नुको प्रेरणा ?

म बालअधिकार आन्दोलनमा लाग्नुका मेरा प्रेरणास्रोत बालबालिका स्वयम् नै हुन् । मलाई कसैले सिकाएर या यसको विषयमा लाग्नको निम्ति भनेको होइन । मानव अधिकारको क्षेत्रमा मेरो संलग्नता रहिरहँदा मैले पढेको मानवअधिकार र मैले भोगेको मानवअधिकारको बीचमा केही भिन्नताहरू पाएँ । त्यतिबेला हाम्रो देशमा लोकतान्त्रिक सरकार व्यवस्था थिएन । राजनीतिक पार्टीहरू प्रतिवन्धित थिए । ट्रेड युनियनहरू निषेधित थिए । अहिलेको जस्तो शान्तिपूर्ण जुलुस गर्न पाउने, सरकारको विरोध गर्न पाउने अवस्था थिएन । प्रशस्त मात्रामा मानवअधिकारको हनन् हुन्थ्यो ।

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 3



सरकारको आलोचना गर्नेहरूलाई जेलमा राख्ने, बन्दी बनाउने चलन थियो ।

त्यतिबेलाका मान्छेहरूले मानवअधिकार भनेको दुई चारवटा कुरामा मात्र केन्द्रित भएर बुझ्दथेँ- लेख्न पाउनु, अभिव्यक्ति गर्न पाउनु, बोल्न पाउनु, संगठन खोल्न पाउनुलाई नै मानवअधिकार भनिन्थ्यो । तर मानवअधिकारको सिद्धान्तले त्यतिमात्र भन्दैन, मानवअधिकारको सिद्धान्तले त नागरिक, राजनीतिक, सांस्कृतिक र सामाजिक अधिकार समेतलाई समेट्छ । यतिमात्र नभएर मानवअधिकारका विषयगत अधिकारहरू भनेर महिला, बालबालिका, अपाङ्गता भएका मानिसहरू र अल्पसंख्यकहरूको अधिकार बुझिन्छ ।

त्यस पछाडि मलाई लाग्यो, "मानवअधिकार मै लागेका मानिसहरूलाई नै बालअधिकारको बारेमा स्पष्ट अवधारणा छैन भने, बाँकी समाजमा कस्तो होला ?" त्यसपछि मैले बालबालिकाको बारेमा जुन अध्ययन, अनुसन्धान गरेँ, बालबालिकासँग काम गरेँ, त्यही नै मेरो प्रेरणा श्रोत बन्न गयो । यसरी बालबालिका स्वयम् मेरा प्रेरणा स्रोत हुन् । बालबालिकाले उनीहरूको आवाज आफैंले राख्न सक्ने अवस्था थिएन । उनीहरूको निम्ति उनीहरूको आवाज बनेर हामीले काम गर्‍यौं । तर पछिको चरणमा हामीले बालबालिका स्वयंको आवाज हुन्छ, भन्ने जान्यौं र उनीहरूलाई सोही अनुसार संगठित गर्दै लग्यौं ।

## ३. तपाईको बुझाईमा बालअधिकार के हो ?

बालबालिका हरेक परिवार, समुदाय, राज्य र नागरिक समाजका एउटा अभिन्न अंग हुन् । कुनै पनि कुराको अभिन्न अंग भनेको, त्यहाँ उनीहरूको स्थान हुनु हो । उनीहरू विकासमान प्रक्रियामा हुर्की राखेको, बढी राखेको हुँदा उनीहरूलाई सानो-सानो राम्रो कुराले पनि राम्रो प्रभाव पार्छ भने नराम्रो कुराले नराम्रो प्रभाव पार्छ । ठूलोले त झनै ठूलो प्रभाव पार्ने नै भै गो । त्यसैकारण पनि बालबालिकाको निम्ति बालसंरक्षण, बाँच्न पाउने, विकास गर्न पाउने, त्यतिमात्र होइन विभिन्न घर, समुदाय, समाज, राज्यका विभिन्न विकासका कुराहरूमा उनीहरू सहभागी हुन पाउने, आफ्नो कुराहरू भन्न पाउने, अधिकार सुनिश्चित गरिनु पर्दछ । यी अधिकारहरू भन्नासाथ मानवअधिकारको सिद्धान्तमा एकअर्कासँग गाँसिएका हुन्छन् । कुनै १ नं. मा

कुनै २ नं. मा भन्ने हुँदैन । उनीहरूको सराबरीको अवस्था रहन्छ र उनीहरू एक-अर्कासँग अन्तरनिर्भरताको सिद्धान्तमा अडेका हुन्छन् ।

## ४. सन् १९८९ मा संयुक्त राष्ट्रसंघले बालअधिकारसम्बन्धी महासन्धि पारित गऱ्यो । नेपाल सरकारले त्यस महासन्धिलाई सन् १९९० मा नै अनुमोदन गरेको हो । यसरी अनुमोदन गरेपछि बालअधिकार प्रति राज्यको के दायित्व रहन्छ ?

संयुक्त राष्ट्रसंधीय बालअधिकारसम्बन्धी महासन्धिको नेपालका तर्फबाट अनुमोदनको कुरा गर्दा, त्यतिबेला हामीले गरेको मिहिनेतको संभना हुन्छ । त्यतिबेला नेपालमा भर्खर भर्खरै प्रजातन्त्रको पुनःस्थापना भएको थियो । नयाँ प्रजातान्त्रिक सरकार बनेको थियो र हाम्रो देशमा त्यतिबेला अहिलेको जस्तै नयाँ संविधान बन्न खोज्दै थियो । यस परिप्रेक्षमा नेपालमा नयाँ संविधान बन्नुका साथै अन्तर्राष्ट्रिय महासन्धिमा नेपालले हस्ताक्षर गऱ्यो र पछि अनुमोदन गऱ्यो । यी सबै कामहरूमा विशेषगरी सरकारलाई सम्भाउन, बुभाउन, दवाव दिन र अनुमोदित महासन्धिमा रहेका प्रावधानहरूलाई राष्ट्रियकरण गर्नका निम्ति नेपालको बालअधिकार आन्दोलन र नागरिक समाजले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ।

कुनै पनि सरकारले मानवअधिकारसम्बन्धी मूल महासन्धिहरूलाई हस्ताक्षर गरेपछि तीनवटा दायित्वहरू सँगै गाँसिएर आउँछन् । यीनमा त्यसको सम्मान, संरक्षण र पालना गर्ने दायित्व पर्दछन् । यसका निम्ति सरकारले अन्तर्राष्ट्रिय महासन्धिहरूको अवधारणाहरूलाई देशमा लागू गर्नका निम्ति प्रयत्न गर्नु पऱ्यो । बालबालिकाको हकका संरक्षण गर्नु पऱ्यो र त्यसलाई साँचो व्यवहारमा संयन्त्रहरूको माध्यमबाट, कानुनको माध्यमबाट, कार्यक्रमको माध्यमबाट व्यवहारमा लागू गर्नपऱ्यो । यो राज्यको दायित्व हो र त्यो कुरा पूरा गर्नुपर्छ भन्ने बाध्यकारी प्रावधानहरू छन् । राज्यले अहँ म गर्दिनँ भन्न पाउँदैन र गर्न सकेन भने स्पष्टिकरण दिन सक्नुपर्दछ । यी कुराहरूमा संयुक्त राष्ट्रसंघमा सुनुवाइ हुन्छ अनि नागरिक समाजले त्यसलाई अनुगमन पनि गर्छ ।

## ५. के नेपाल सरकारले महासन्धि अनुकल सबै दायित्वहरु पूरा गर्न सकेको छ ? यदि छैन भने किन होला ?

नेपाल सरकारले बालअधिकारसम्बन्धीका दायित्वहरूलाई पूरा गर्नका निम्ति प्रयत्न गरेको देखिन्छ । यसरी हेर्दा महासन्धिमा हस्ताक्षर गर्‍यो, अनुमोदन गर्‍यो, त्यसपछाडि त्यसलाई राष्ट्रियकरण गर्नको निम्ति ऐन र कानुनमा सोही अनुरूपका प्रावधानहरू समट्यो । त्यसलाई लागू गर्नका निम्ति संयन्त्रहरू, मन्त्रालय बनायो, केन्द्रीय बालकल्याण समिति, जिल्ला बालकल्याण समिति र तल्लो तहसम्म बालसंरक्षण समितिहरू बनायो । राष्ट्रिय योजनाहरूमा पनि बालबालिकाको निम्ति छुट्टै दस वर्षे योजना तर्जुमा गरियो । यी सबै राम्रा कामहरू हुन् । तर यी कामहरू व्यवहारमा प्रभावकारी भए कि भएनन् भन्ने अर्को महत्वपूर्ण कुरा हो । त्यसकारण प्रतिवद्धताको हिसाबबाट नेपाल सरकारका कामहरू प्रसंशनीय छन् । तर त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने लगायत संयन्त्रगत र बनेका योजनाहरूलाई व्यवहारमा लागू गर्ने हिसाबबाट प्रशस्त कमी कमजोरीहरू पनि रहेका छन् । त्यसकारण सरकारले गरेका महत्वपूर्ण राष्ट्रिय लक्ष्यहरू र प्रतिवद्धताहरू अझै पूरा भएका छैनन् । यी कमी कमजोरीहरूलाई सरकारले महसुस गर्नु पर्दछ ।

## ६. बालअधिकार महासन्धि माथिको राज्यपक्षले दिने आवधिक प्रतिवेदनको कस्तो महत्व रहेको छ ?

संयुक्त राष्ट्रसंघको कुनै पनि महासन्धिको अनुमोदन पछि राज्यका दायित्वहरू सुरू हुन्छन् । बालअधिकार महासन्धिमा राज्यका दायित्वसम्बन्धी संयन्त्रहरू महासन्धि मै व्यवस्था गरिएको छ । यस्ता धेरै दायित्वहरू मध्ये आवधिक प्रतिवेदन तयार गरी बालअधिकार समितिमा संप्रेषण गर्नु पनि एक हो । यस किसिमको संयन्त्रको व्यवस्था भएन भने राज्यहरूले महासन्धि अनुमोदन गर्ने तर त्यसको राष्ट्रियकरणलाई प्राथमिकतामा नराख्न पनि सक्दछन् । साथै, महासन्धि अनुकुलका राष्ट्रिय कानुन र कार्यक्रमहरू तर्जुमा नगर्ने वा ढिलो गर्न सक्दछन् । त्यस्तै, समितिका सिफारिसको उचित कार्यान्वयमा राज्यपक्षबाट ढिलाई हुने वा कार्यान्वयन नै नगर्ने अवस्था पनि आउन सक्ने संभावना धेरै हुन्छ । त्यसका धरै उदाहरण हुन सक्दछन् ।

उदाहरणका रूपमा नेपाल सरकारले जातीय विभेद विरूद्धको महासन्धि अनुमोदन गरेको २० औँ वर्षसम्म पनि अवधिक प्रतिवेदन नपठाएको अवस्थालाई लिन सकिन्छ ।

आवधिक प्रतिवेदन बालअधिकार समितिमा संप्रेषण गर्नु भनेको हाम्रा सवालहरूलाई अन्तर्राष्ट्रिय मञ्चमा प्रस्तुत गर्नु हो । त्यसैले यसलाई अवसरका दृष्टिले पनि हेर्नु जरूरी हुन्छ । हिजो स्थानीय र राष्ट्रिय तहमा मात्र छलफल हुने विषयहरू अन्तर्राष्ट्रिय मञ्चमा पनि चर्चाका विषय बन्न सक्छन् । साथै, अन्तर्राष्ट्रिय समुदायमा बालअधिकारका क्षेत्रमा राज्यले गरेको प्रगति प्रस्तुत गर्नकालागि पनि यो एक अवसर हो । बालअधिकारका क्षेत्रमा राज्यले झेल्दै आएका चुनौतीहरूका सवालमा छलफल गर्ने र राम्रा सिकाईहरूलाई ग्रहण गर्ने दृष्टिबाट पनि यसलाई हेर्न जरूरी छ । यसका अतिरिक्त, राज्यले समयमै प्रतिवेदनहरू पठाउनु मात्र राज्यको दायित्व होइन । महासन्धि अनुकलका कामहरू गर्न राज्यले कस्ता राष्ट्रिय लक्ष्यहरू तय गरेको छ र त्यसको प्राप्तिको अवस्था कस्तो रहेको छ भन्ने सवालमा पनि यो प्रक्रिया केन्द्रित हुने हुँदा राज्यपक्षले दिने आवधिक प्रतिवेदनको धेरै महत्व रहेको छ ।

## ७. बालअधिकार महासन्धि माथिको प्रतिवेदन तयारी सम्बन्धमा तपाईंका विगत देखिका अनुभव बताइ दिनुहोस् ?

नेपालबाट सन् १९९५ मा पहिलो प्रतिवेदन प्रस्तुत भयो । यस क्रममा सरकार र नागरिक समाजबीच सहकार्य गर्ने समझदारी भएको थियो । यस समझदारीका क्रममा हामीले सरकारी संयन्त्रलाई बालअधिकारको अवस्था जस्ताको त्यस्तै राख्नुपर्नेमा जोड दिएका थियौं । प्रतिवेदन लेख्ने मात्र नभई कस्ता प्रक्रियाबाट तयार भएको छ भन्ने विषय धेरै महत्वपूर्ण हुने भएकाले यसकालागि सरकारलाई हामीले सबै सरोकारवालासँगको सहकार्य र सहभागिताका विषयमा जोड दिएका थियौं । यो सवालमा नेपाल सरकारलाई प्रष्ट जानकारी नभएकोले हामीसँग आवश्यक सहयोगको माग भएको थियो । हामीले पनि सरकारको विरूद्ध छुट्टै प्रतिवेदन पठाउने भन्दा पनि सरकारलाई नै सहयोग गर्ने पक्षमा अगाडि बढ्यौं । यो अवस्थामा सरकारसँग सहकार्यका क्रममा निकारागुवा र फिलिपिन्स जस्ता देशहरूको राम्रा

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 7



उदाहरणहरू प्रस्तुत गदै प्रतिवेदन तयार गर्ने कार्य गरेका थियौं । तर, प्रतिवेदनको अन्तिम मस्यौदामा नागरिक समाजसँग धेरै छलफल हुन पाएन र हामीले नागरिक समाजको तर्फबाट धेरै कुराहरू राख्न सकेनौं । बालअधिकारको अवस्थालाई प्रस्तुत गर्ने भन्दा पनि प्रतिवेदनमा सरकारी कामहरू मात्र देखाउने प्रयास भयो । बालबालिकाको अवस्थाको जुन रूपमा विश्लेषण हुनुपर्ने थियो, त्यो भएन । कमी कमजोरीहरूलाई लुकाउने प्रयास भयो । उदाहरणका लागि बालबालिकाको संगठन पनि दर्ता गरेर बालबालिकाको सहभागिताको प्रवर्द्धन गरेको भनेर सरकारले प्रतिवेदनमा प्रस्तुत गरेको थियो तर पछि यहाँ आएर जागृति बालक्लवको दर्ता खारेज गरेको थियो । पछि हाम्रै सहजीकरणमा मुद्दा दायर गरी सर्वोच्च अदालतबाट बालबालिकाको संघसंस्था दर्ता गर्न पाउने भनी कानुनी व्यव्स्था गऱ्यौं । यस्ता धेरै चुनौतीहरूलाई पार गर्दै आजको अवस्थासम्म आइपुग्दा नागरिक समाज निकै सशक्त भइसकेको छ र प्रतिवेदन संप्रेशण प्रक्रिया पनि सरकार र नागरिक समाजको साझा सवाल बनिसकेको छ ।

## ८. नेपाल सरकारले कुन क्षेत्रहरुमा आफ्नो दायित्व पूरा गर्न सकेको छैन र यी दायित्वहरु पूरा गर्न के गर्नुपर्ला ? साथै, बालअधिकार प्रति नागरिक समाजको भूमिका कस्तो हुनुपर्छ ?

यतिबेर हामी बालअधिकार महासन्धि पारित भएको २५ वर्षको समीक्षाको क्रममा छौं । यसबीच हामीले कम्तिमा पनि तीनवटा चरणहरू पार गरेका छौं । यसक्रममा हामीले सामाजिक सचेतना बढाएका छौं । कानुन र योजनाहरू तर्जुमा गरेका छौ र यीनलाई व्यवहारमा लागू गर्न संयन्त्रहरू विकास गरेका छौं । तर ती सबै बालमैत्री भइसकेका छैनन् । र परिणाम देखाउने बेलामा हाम्रा कमजोरीहरू देखिएका छन् । यसको अर्थ राज्य सफल र प्रभावकारी कामहरू गर्नबाट चुकेको छ भन्ने हो ।

बलबालिकाको शिक्षाको अधिकारको कुरा गर्दा ९७ देखि ९८ प्रतिशत बालबालिका विद्यालय भर्ना हुन्छन् तर दस कक्षामा पुग्दा ५० प्रतिशत पनि बाँकी हुँदैनन् । यसरी धेरैजसो बालबालिकालाई विद्यालयमा ल्याउन सकेको भएता पनि उनीहरूलाई विद्यालय शिक्षासम्म टिकाउन सकिएको छैन । बाल

मृत्युदर, मातृशिशु मृत्युदर र बालविवाह घटाउने काममा पनि हामीले प्रगति गऱ्यौं । तर यस क्षेत्रमा अझै धेरै कामहरू गर्न बाँकी छन् ।

नगरिक समाजको कुरा गर्दा यसले तीनवटा भूमिकाहरू निर्वाह गर्नुपर्दछ–जागरण, सहकार्य र दवाबको भूमिका । जागरणका लागि हामीले समुदायमा सचेतना उठाउनु पर्दछ । यसैगरी पैरवी तथा वकालत गर्नुपर्छ । नागरिक समाजले सरकार र गैससलाई सँगसँगै लैजानुपर्छ । तर राज्यले कहिलेकाहीं एउटा कानबाट सुन्ने र अर्कोबाट उडाउने गर्न सक्दछ । यदि सरकारले आफ्नो प्रतिवद्धता पूरा गरेन भने नागरिक समाजले, सामाजिक अभियानबाट दवाव पनि दिनुपर्छ । हामीले यी तीनवटा भूमिकाहरू निरन्तर निर्वाह गर्नु पर्दछ ।

## ६. अन्त्यमा, अबको बालअधिकार आन्दोलन कुन रुपमा अगाडि बढ्नुपर्छ होला ?

बालअधिकार अन्दोलन एउटा निरन्तर चलिरहने अभियान हो । यो कुनै बेलामा रोकिने अभियान होइन । बालबालिका सृष्टिको अति उत्तम सिर्जनाहरू हुन् । यो रोकियो भने सृष्टि नै रोकिन्छ । त्यसकारण बालबालिका जन्मिने क्रम र हुर्किने क्रम भइराख्छ भने बालअधिकार आन्दोलन पनि उनीहरूको हकहितका लागि निरन्तर चलिरहन्छ । तर, यी कुराहरूलाई जीवन शैली पद्धति र राज्य संयन्त्रको मूल प्रवाहीकरणमा पार्न लाग्नु पर्दछ । बालबालिकाको विषय बालबालिकासम्बन्धी मन्त्रालयले मात्र होइन, बालअधिकारका लागि प्रधानमन्त्री कार्यालय, अर्थ मन्त्रालय, स्थानीय विकास लगायतका मन्त्रालय एवम् संयन्त्रले काम गर्न जरूरी छ । बालअधिकारको काम खास तहमा मात्र होइन माथिल्लो तहदेखि तल्लो तहसम्मले गर्नु पर्दछ । त्यसकारण बालअधिकार सम्बन्धित पक्षले मात्र सरोकार गर्ने विषय हो भनेर सोच्नु हुँदैन बरू "बालअधिकार सबैको सरोकारको विषय हो" भन्ने मान्यतामा अगाडि बढ्नु पर्दछ ।

❑❑❑

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 9



# बालअधिकारसम्बन्धी आवधिक प्रतिवेदनमा हाम्रो सामूहिक सहभागिता



कृष्ण सुवेदी

*पहिलो अध्याय*

## बालअधिकार महासन्धि र नेपाल

नेपालले विश्वसमुदाय समक्ष अनेकानेक प्रतिवद्धता गरेको छ । धेरै अन्तर्राष्ट्रिय सन्धि-महासन्धि तथा संभौताहरूमा सही गरेको, त्यसको अनुमोदन गरेको पक्षराष्ट्र भएको छ । २० नोभेम्बर १९८९ मा पारित संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि (Convention on the Rights of the Child)[1]लाई नेपालले अनुमोदन गरी पक्षराष्ट्र भएको छ ।[2] त्यसैगरी नेपाल सरकारले सन् २००० मे २५ मा बालअधिकारसम्बन्धी महासन्धिका थप व्याख्याका रूपमा रहेका बालवालिकाको बेचविखन, बाल देहव्यापार तथा बालबालिकाको अश्लिल चित्रणसम्बन्धी (Optional Protocol to the Convention on the Rights of the Child on the sale of children, child prostitution and child pornography (OPSC)[3]) र सशस्त्र द्वन्द्वमा बालवालिकाको प्रयोगसम्बन्धी (Optional Protocol to the Convention on the Rights of the Child on the involvement of children in armed conflict (OPAC)[4]) गरी दुई ऐच्छिक आलेखहरू (सन्धिपत्रहरू) को पनि

1. हेर्नुहोस् संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिः http://www.ohchr.org /EN/ ProfessionalInterest /Pages/CRC.aspx
2. हेर्नुहोस् संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिको नेपाली आधिकारिक अनुवादः http://childnepal.org /reports/ UNCRC_Nepali %20Version.docx
3. बालवालिकाको वेचविखन, बाल देहव्यापार तथा बालबालिकाको अश्लिल चित्रण सम्बन्धी ऐच्छिक आलेखका लागि हेर्नुहोस् : Mhttp://www.ohchr.org /EN/ProfessionalInterest /Pages/OPSCCRC.aspx
4. सशस्त्र द्वन्द्वमा बालवालिकाको प्रयोग सम्बन्धी ऐच्छिक आलेखको मूल प्रतिका लागि हेर्नुहोस् : http://www.ohchr.org /EN/ProfessionalInterest /Pages/OPACCRC.aspx

अनुमोदन गरिसकेको छ । त्यस्तै गरी देह व्यपारका लागि महिला तथा बालवालिका बेचविखनको रोकथाम तथा नियन्त्रणसम्बन्धी सन् २००५ को सार्क अभिसन्धि तथा निकृष्ट प्रकारका बालश्रमसम्बन्धी आइएलओ महासन्धि नं. १८२ लगायतका अधिकांश अन्तर्राष्ट्रिय सन्धिपत्रहरू पनि नेपालले अनुमोदन गरिसकेको छ ।

अन्तर्राष्ट्रिय सन्धि–महासन्धि तथा संझौताहरूको अनुमोदन गरिसकेपछि अर्थात पक्षराष्ट्र भइसकेपछि मुलुकमा विद्यमान ऐन कानुनहरू तथा नियमहरू तदनुकूल परिमार्जन गर्नु, थप व्यवस्था गर्नु र तिनको कार्यान्वयनबाट ती सन्धिका प्रतिवद्धता अनुरूपका व्यवस्था हुनुपर्दछ । नेपाली जनतामा आएको चेतना र तत्जन्य पैरवी, प्रतिनिधित्व र राज्यका प्रतिवद्धता अनुरूप बालअधिकार सुनिश्चित गर्न नेपाल क्रियाशील पनि देखिएको छ । नेपालले सन् १९९० मा संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धिको अनुमोदन गरेको हो र त्यसको कार्यान्वयनका लागि बालबालिकासम्बन्धी ऐन, २०४८ र नियमावली, २०५१ तथा बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ तथा नियमावली २०६२ जस्ता विशेष कानुनहरू पनि जारी भइसकेका छन् । नेपाल सरकारको बालसंरक्षण नीति पनि आइसकेको छ । हालैका दिनहरूमा बालबालिकासम्बन्धी ऐनको पुनः परिमार्जनका लागि काम भइरहेको अवस्था छ । धेरै लामो समयको प्रयासपछि हालैमात्र नेपालको नयाँ संविधान जारि भएको छ । बालअधिकारको दृष्टिले संवैधानिक व्यवस्थामा संसारकै नवीनतम र उत्कृष्ठतम वैशिष्ठता बोकेको त्यो संविधानका मर्म, आशय र अनुकूलतामा हाम्रा विद्यमान ऐन र नीतिहरू छन् वा छैनन् भन्ने सवाल अव हाम्रा सामूमा चूनौतीका रूपमा रहेका छन् । ती समग्र ऐन, कानुन तथा नीति, नियमहरू संविधानसँग बाझिएका हदसम्म परिमार्जन गरी तिनीहरूलाई संविधान सम्मत् तुल्याउनु मुलुकका सामु अबको महत्वपूर्ण जिम्मेवारी हो ।

## संयुक्त राष्ट्रसंघीय महासन्धि समिति र कमिटीगत प्रतिवेदन पद्धति :

कमिटीगत प्रतिवेदन पद्धति संयुक्त राष्ट्रसंघीय अनुगमन प्रकृयाको एक महत्वपूर्ण पद्धति हो । संयुक्त राष्ट्रसंघीय महासन्धिलाई कुनै पनि देशले

अनुमोदन गरेर पक्षराष्ट्र भइसकेपछि सम्बन्धित समितिमा अनुमोदन गरेको एक वा दुई वर्षमा प्रारम्भिक प्रतिवेदन र त्यसपछि केही वर्षको निश्चित अन्तरालमा आवधिक प्रतिवेदन पठाउनु पर्ने हुन्छ । सबै महासन्धीको प्रारम्भिक र आवधिक प्रतिवेदन बुझाउने समय एकै किसिमको छैन । कुन महासन्धि अन्तर्गतको प्रारम्भिक र आवधिक प्रतिवेदन कहिले बुझाउनुपर्छ भन्ने कुरा त्यही महासन्धिमै लेखिएको हुन्छ । बालअधिकार महासन्धिको चाँही देशले अनुमोदन गरेर पक्षराष्ट्र भइसकेपछि पहिलो दुई वर्षमा प्रारम्भिक प्रतिवेदन र हरेक पाँच पाँच वर्षमा राज्यका तर्फबाट आवधिक प्रतिवेदन पठाउनु पर्ने हुन्छ ।

विश्व समुदाय समक्ष गरेका प्रतिवद्धता अनुरूप परिचालित हुनु मुलुकको अन्तर्राष्ट्रिय दायित्व हो । सामान्य रूपमै बुझ्दा पनि म यसो गर्नेछु भनेर प्रतिवद्धता जनाइसके पछि त्यो पूरा गर्नु नैतिक दायित्व पनि हो । सन्धि–महासन्धि तथा संझौताहरूको अनुमोदन पछि आवधिक रूपमा त्यसको परिपालना भए, नभएको यथार्थ स्थितिको समीक्षा सहितको प्रतिवेदन राज्यले संयुक्त राष्ट्रसंघीय महासन्धि समितिहरूमा आवधिक रूपमा दिनु पर्ने र त्यसपछि प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्न राज्य प्रतिवद्ध हुनेगर्दछ ।

पक्षराष्ट्रका तर्फबाट संयुक्त राष्ट्रसंघीय महासन्धि समितिमा पठाउनु पर्ने आवधिक प्रतिवेदन (State party report) समयमा नपठाएका अवस्थामा नागरिक समाजका तर्फबाट सरोकावालाहरूले वैकल्पिक प्रतिवेदन (Alternative report) पठाउन सक्ने व्यवस्था पनि छ । सामान्य अवस्थामा यो प्रावधान कृयाशील रहेको पाइदैन ।

पक्ष राष्ट्रका तर्फबाट संयुक्त राष्ट्रसंघीय समितिमा पठाउनु पर्ने आवधिक प्रतिवेदन प्रेषित भइसकेपछि त्यस प्रतिवेदन माथि सहमति र असहमति सहितका टिप्पणी, तथ्यहरू माथि थप प्रकाश पार्दै र अपूग भएका सन्दर्भहरूको जानकारी सहित नागरिक समाजका तर्फबाट सरोकावालाहरूले छाँया प्रतिवेदन (Shadow report) या पूरक प्रतिवेदन (Supplementary report) पठाउन सक्ने व्यवस्था छ ।

*दोस्रो अध्याय*

## बालअधिकार महासन्धि समितिमा नेपालको प्रतिवेदनको अवस्था

२० नोभेम्बर १९८९ मा पारित भएको बालअधिकार महासन्धिलाई नेपालले १४ सेप्टेम्बर १९९० मै अनुमोदन गरेर पक्ष राष्ट्र भएको हो । त्यसको कार्यान्वयनको अवस्थाको प्रारम्भिक प्रतिवेदन १९९२ मै दिनुपर्नेमा तीन वर्ष ढिला गरेर १९९५ मा पठाएको थियो ।[5] १० अप्रिल १९९५ लेखिएको त्यो प्रतिवेदन १० मे १९९५ मा कमिटीले स्वीकार गरेको पाइन्छ । उक्त प्रतिवेदनको सुनुवाई पछि ७ जून १९९६ समितिले नेपाल सरकारका लागि समापन टिप्पणी जारी गरेको थियो ।[6]

त्यसपछि नागरिक समाजका तर्फबाट त्यसैको छाँया प्रतिवेदनका रूपमा न्याक्रो नामक गैससको सञ्जालका नाममा २००२ मा एउटा प्रतिवेदन समितिमा पठाइयो ।[7] अल्टरनेटिभ रिपोर्ट भनि उल्लेख गरिएको त्यो प्रतिवेदनलाई राष्ट्रसंघीय बालअधिकार महासन्धि समितिले स्वीकार गरेको थियो । त्यसमा आधारित भई अलग्गै सुनवाई गर्न कुनै प्रिसेसनको आयोजना गरी छलफलको गरेको कुनै आधिकारिक अभिलेख भने फेला परेको छैन ।

प्रारम्भिक प्रतिवेदनको पाँच वर्षमा पठाउनु पर्ने दोस्रो प्रतिवेदन पनि समयमा जान सकेन । सन् २००४ मा मात्र त्यो प्रतिवेदन जान सक्यो ।[8] त्यो प्रतिवेदन पठाउने क्रममा नागरिक समाजको पनि सहभागिता त्यसैमा हुने गरी संयुक्त रूपमा पठाइएको थियो । त्यस दोस्रो प्रतिवेदन उपर कुनै छाँया प्रतिवेदन प्रेषित भएन । न्याक्रोका संयोजक डा.विजय सैजूका अनुसार २००२ मा न्याक्रोद्वारा प्रेषित प्रतिवेदनलाई आधार बनाएर २००५ मा संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धी समितिले न्याक्रोका संयोजकका हैसियतमा

6. समापन टिप्पणीका लागि हेर्नुहोस् : http://tbinternet.ohchr.org /_layouts/ treatybodyexternal /Download.aspx? symbolno=CRC %2fC%2f15% 2fAdd.57& Lang=en
7. न्याक्रोद्वा रा प्रेषित प्रतिवेदनका लागि हेर्नुहोस् : http://childnepal.org/reports /Nepal%20Nacro%20ngo%20report.pdf
8. दोस्रो आवधिक प्रतिवेदनका लागि हेर्नुहोस् : http://tbinternet.ohchr.org /_layout s/treatybodyexternal /Download.aspx?symbolno=CRC %2fC%2f65%2fAdd. 30&Lang=en

उहाँलाई निमन्त्रणा गरेको थियो र उहाँ समेतको उपस्थितिमा समितिको ३९औँ बैठकमा मिति २० मे, २००५ मा न्याक्रोद्वारा प्रेषित प्रतिवेदन र सरकारी आवधिक प्रतिवेदन माथि संयुक्त छलफल भएको थियो ।

त्यसैका आधारमा ३ जुन २००५ मा संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि समितिले सरोकार, सुझाव एवं प्रश्नहरूका रूपमा १०५ बुँदामा अनेक उपबुँदा समेतको आफ्नो समापन टिप्पणी पठायो ।[9] त्यसै समापन टिप्पणीको प्रभावमा नेपालका ऐन कानुनहरूका साथै सरकारी नीति, नियमहरूको तर्जुमा हुने क्रम प्रारम्भ भएको एवं बालसंरक्षणका कार्यक्रमहरूको कार्यान्वयनमा सकारात्मक प्रभाव परेको पाइन्छ । त्यो समापन टिप्पणी बालअधिकारको प्रवर्द्धनका लागि सन्दर्भ सामग्रीका रूपमा पनि परिशीलन भएको छ । त्यसपछि नेपालले लामो समयसम्म संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि समितिमा बालअधिकारसम्बन्धी महासन्धिको आवधिक प्रतिवेदन पठाएन । ३ डिसेम्बर २००४ देखि २२ डिसेम्बर २०१४ यो लामो समयको अन्तरालमा नेपालमा माओवादी सशत्र द्वन्द्व पनि चलेको र द्वन्द्वपछिको शान्ति प्रकृयाका क्रमलाई पनि सङ्क्रमण कालका रूपमा लिएर यो लामो अन्तराललाई सामान्यीकृत गर्ने प्रयास भएको पाइन्छ । यद्यपि यो समयखण्ड भने लामै हो ।

***तेस्रो अध्याय.***

## बालअधिकार समिति, मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC)

नेपालमा नागरिक समाजका संघ, संस्थाहरू मिलेर मानवअधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC)[10] नामक एक सञ्जाल निर्माण गरेका छन् । यो सञ्जाल संयुक्त राष्ट्रसङ्घीय कमिटीगत प्रतिवेदन पद्धतिका प्रावधान अनुकूल क्रियाशील छ । विभिन्न महासन्धिहरूको अवस्थाको

9. राष्ट्रसंघीय बालअधिकार महासन्धी समितिले ३ जुन २००५ मा पठाएको समापन टिप्पणीका लागि हेर्नुहोस : http://tbinternet.ohchr.org /_layouts/treatybodyexternal/Download.aspx?symbolno=CRC %2fC%2f15 %2fAdd.261&Lang=en
10. मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC) बारे जानकारीका लागि हेर्नुहोस् : http://www.hrtmcc.org

अनुगमन गर्ने र प्रतिवेदनहरू पठाउने उद्देश्यका साथ सञ्चालित त्यो सञ्जालको संयोजन गर्ने कार्य नेपालकै सर्वाधिक प्रतिष्ठित मानवअधिकारवादी संस्था इन्सेकले गरिरहेको छ र यसको सचिवालय पनि इन्सेक मै रहेको छ । सन् २००३ देखि सञ्चालित त्यस केन्द्रमा आठैवटा महासन्धिहरूसँग सरोकार राख्ने अलग अलग समितिहरू क्रियाशील छन् । बालअधिकार महासन्धिका सन्दर्भमा काम गर्ने बालअधिकार समिति छ ।

## बालअधिकार समिति

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC) अन्तर्गतको बालअधिकार समितिमा बालअधिकारका क्षेत्रमा काम गर्ने १२ वटा गैससहरू संलग्न देखिन्छन् । हाल क्रियाशीलमा चाइल्ड नेपाल, सिविन नेपाल, सिविस, भ्वाइस अफ चिल्ड्रेन, कन्सर्न नेपाल, शक्ति समूह, युसेप नेपाल, काठमाडौँ स्कुल आफ ल, शिक्षा पत्रकार समूह, पार्टनरसिप नेपाल लगायतका राष्ट्रिय स्तरका १० वटा गैससहरू रहेका छन् । सन् २००९ देखि चाइल्ड नेपालले त्यस समितिको संयोजनको जिम्मेवारी सम्हालिरहेको छ ।

## बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेखको प्रतिवेदन

नेपालले बालअधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेखमा पनि सन् २००२ मा हस्ताक्षर र अनुमोदन गरी पक्ष भएको सन्दर्भ माथि नै उल्लेख छ । ती ऐच्छिक आलेखहरू मध्ये बालवालिकाको वेचविखन, बाल देहव्यापार तथा बालबालिकाको अश्लिल चित्रणसम्बन्धी ऐच्छिक आलेखको अवस्थाका बारेमा नेपालले २००९ मा पहिलो प्रतिवेदन पठायो । त्यसै प्रतिवेदनका आधारमा बालअधिकारसम्बन्धी महासन्धि समितिको प्रावधान अनुरूप निर्धारित समय सन् २०११ मै नागरिक समाजका तर्फबाट CRC Committee, HRTMCC ले छाँया प्रतिवेदन पठाउने कार्य गऱ्यो ।[11]

11 २०११ मा नागरिकसमाजका तर्फबाट CRC Committee, HRTMCC द्वारा प्रेषित छाया प्रतिवेदनका लागि हेर्नुहोस् : http://www.childnepal .org/reports /Final%20Nepal% 20Shadow% 20Report%20on% 20OPSC%202011.doc

## छाँया प्रतिवेदन तयार गरिरहँदाको कार्यविधि र हाम्रो अनुभव

बालवालिकाको वेचविखन, बाल देहव्यापार तथा बालबालिकाको अश्लिल चित्रणसम्बन्धी ऐच्छिक आलेखको नगरिक समाजका तर्फबाट संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि समितिमा प्रेषित गर्ने छाँया प्रतिवेदन तयार गरिरहँदा निम्न अनुसारको प्रकृया र कार्यविधि तय गरिएको र कार्यान्वयन गरिएको थियो । यो प्रकृया र कार्यविधि तय गरिरहँदा संयुक्त राष्ट्रसङ्घीय कमिटीगत प्रतिवेदन पद्धतिका प्रावधानहरू र अन्तराष्ट्रिय प्रचलनहरूलाई आधार बनाइएको थियो ।

- सञ्जालमा सहभागी सबै सदस्य संस्थाहरूका उपस्थितिमा बैठक बसी कार्यविधि तय गरिएको थियो ।
- सचिवालयको कार्यभार निर्धारण गर्ने क्रममा प्रतिवेदन लेखन, तथ्य-तथ्याङ्कहरू सङ्कलन, विभिन्न स्तरमा परामर्श भेलाहरूको आयोजन गरी सल्लाह सुझावहरू संग्रह गरी प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदनलाई संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि समितिमा प्रेषित गर्नेसम्मका कार्यहरू सम्पादन गर्ने जिम्मेवारी सहितको कार्यभार निर्धारण गरिएको थियो ।
- प्रतिवेदन लेखन कार्यका लागि काठमाडौँ स्कुल अफ ल का स.प्रा.कपिल अर्याललाई जिम्मेवार व्यक्तिका रूपमा चयन गरिएको थियो ।
- संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि समितिले निर्धारण गरे अनुरूप प्रतिवेदनको ढाँचा, निर्धारित समयसीमा भित्रमा तयार गरिसक्ने र बालअधिकारका समग्र सन्दर्भहरूलाई समावेश गर्ने गरी प्रतिवेदनको दायरा र मुलुक भरबाट सुझाव तथा परामर्श कार्यक्रमहरूमा सहभागिता गराउने व्यवस्था निर्धारण गरिएको थियो ।
- विषयगत र विधागत संलग्नताका आधारमा सूचना र तथ्य सङ्कलनका लागि सदस्य संस्था तथा सहयोगी संस्थाहरूको समन्वय गरिएको थियो ।
- सरोकारवाला मन्त्रालयहरू, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरीको

महिला तथा बालबालिका सेवा केन्द्र जस्ता सम्बद्ध सबै सरकारी निकायहरूसँग समन्वयात्मक सहकार्यको नीति अपनाइएको थियो ।

- राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय बालकल्याण समिति, युनिसेफ लगायतका सरोकार राख्ने निकायहरूसँग पनि सहकार्य र समन्वयात्मक सहयोग परिचालन गर्ने गरी कार्ययोजना तय भएको थियो ।

## प्रतिवेदन निर्माण र प्रेषण

- सिविन, एक्प्याट इन्टरनेश्नल, सेभ द चिल्ड्रन, काठमाडौँ स्कुल अफ ल, प्लान लगायतका संस्थाहरूबाट र बालअधिकारका क्षेत्रमा क्रियाशील कतिपय व्यक्तित्वहरूबाट प्राप्त जानकारी, सुझाव, तथ्याङ्कहरू समावेस गरी निर्धारित समयभित्रै ड्राफ्ट आएको थियो ।
- त्यस ड्राफ्ट प्रतिवेदनलाई क्षेत्रगत रूपमा पूर्वाञ्चलको बिराटनगर, सुदूर र, मध्यपश्चिमको नेपालगञ्जमा मध्यमाञ्चल र पश्चिमाञ्चलको संयुक्त रूपमा चितवनमा गरी क्षेत्रीय स्तरका वयस्कहरूको र बालबालिकाहरूको छुट्टा छुट्टै परामर्श भेलाहरूको आयोजना गरी सुझाव सङ्कलन गरिएको थियो[12] ।
- राजधानीमा सबै सरोकारवाला, सरकारी, गैर सरकारी क्षेत्र र नागरिक समाजका प्रतिनिधि संघसंस्था तथा निकायहरूको सहभागितामा राष्ट्रिय स्तरको परामर्श कार्यक्रमको आयोजन गरी सुझाव सङ्कलन गरिएको थियो । त्यस क्रममा पनि बालबालिकाहरूसँग छुट्टै परामर्श कार्यक्रम गरी सुझावहरू सङ्कलन गरिएको थियो ।
- बालअधिकारका क्षेत्रका विज्ञहरूसँग छुट्टै परामर्श गरी उहाँहरूको सुझाव लिने कार्य पनि सम्पन्न गरिएको थियो ।
- महिला, बालबालिका तथा समाजकल्याण, गृह, कानुन, अर्थ, स्थानीय

12. परामर्श भेलाका प्रतिवेदनहरू हेर्नुहोस् : http://www.childnepal.org /reports /Biratnagar% 20Consultation% 20Report.pdf

http://www.childnepal.org /reports /National% 20Consultation% 20workshop% 20report.pdf

http://www.childnepal.org /reports/Chitwan% 20Consultation% 20workshop% 20report.pdf

विकास, शिक्षा, स्वास्थ्य लगायतका सरोकारवाला मन्त्रालयहरू, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र जस्ता सम्बद्ध सबै सरकारी निकायहरूसँगको सामूहिक अन्तर्कियात्मक कार्यक्रमको आयोजना गरी सुझाव तथा परामर्श लिने कार्य सम्पन्न गरिएको थियो ।

- सबै सङ्कलित सुझवहरू समावेस गरी तयार गरिएको सो प्रतिवेदनलाई राष्ट्रिय मानव अधिकार आयोगमा सुझावका लागि पठाइएको थियो । राष्ट्रिय मानव अधिकार आयोगले एउटा परामर्श कार्यक्रमको आयोजना गरी थप सुझावहरू उपलब्ध गराएको थियो । राष्ट्रिय मानव अधिकार आयोगले यो परम्पराको थालनी पनि त्यसै पटकदेखि गरेको थियो[13] । यस कार्यलाई संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले पनि सकारात्मक सुरूवात भनि प्रसंशा गरेको थियो ।

यसरी तयार भएको प्रतिवेदनलाई भाषिक शुद्धताका लागि आवस्यक सम्पादन पश्चात् मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC) अन्तर्गतको बालअधिकार समिति, नेपालका तर्फबाट जेनेभास्थित सहयोगी संस्था NGO Group for CRC (हालको Child Rights Connect) मार्फत जुलाई २०११ मा बालबालिकाको बेचबिखन, बाल देहव्यापार तथा बालबालिकाको अश्लिल चित्रणसम्बन्धी ऐच्छिक आलेख (OPSC) को छाया प्रतिवेदन संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा प्रेषित गरिएको थियो ।

यो समग्र कार्य अवधिमा स्रोत परिचालनका साथै हाम्रा साथमा सहकार्य गर्ने हाम्रा साझेदार संस्थाहरू यस प्रकार रहेका थिए ।

१. HRTMCC मार्फत AUS-AID

२. सेभ द चिल्ड्रेन

३. प्लान नेपाल

४. ओर्ल्डभिजन इन्टरनेश्नल

५. बालबालिका शान्ति क्षेत्र तथा बालसंरक्षण राष्ट्रिय अभियान (CZOPP)

13. आयोगसँग गरिएको परामर्शको प्रतिवेदन हेर्नुहोस् : http://www.childnepal.org /reports/Report%20of %20NHRC%20Program.pdf

## प्रिसेसन बैठकमा हाम्रो सहभागिता

संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले नेपालका तर्फबाट प्रेषित बालवालिकाको वेचबिखन, बाल देह व्यापार तथा बालबालिकाको अश्लिल चित्रणसम्बन्धी ऐच्छिक आलेख (OPSC) को छाँया प्रतिवेदनमाथि छलफल गर्न अक्टोवर २०११ मा आयोजना गरिएको संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिको ६०औँ बैठकमा समितिको आमन्त्रणमा बालअधिकार समितिको संयोजकका हैसियतमा यो अनुभवका सङ्कलक कृष्ण सुवेदी र प्रतिवेदन लेखन कार्यमा स्रोत व्यक्तिका रूपमा संलग्न कपिल अर्यालको सहभागिता रहेको थियो । त्याहाँ पर्यवेक्षकका रूपमा युनिसेफको उपस्थिति रहेको र सहजीकरणमा जेनेभास्थित सहयोगी संस्था NGO Group for CRC (हालको Child Rights Connect) को महत्वपूर्ण भूमिका रहेको थियो ।

## पूर्व तयारी

सहयोगी संस्था NGO Group for CRC ले हामीलाई प्रिसेशन लगायत समग्र कार्यक्रमहरू र सञ्चालन पद्धतिको जानकारी उपलब्ध गराएको थियो । हाम्रो जेनेभा बसाईलाई सहज बनाउन पनि उनीहरूको योग रहेको थियो ।

त्यस समयमा केही दिन अघि पछिका राष्ट्रसंघीय बालअधिकार समितिका अरू बैठकहरूमा अष्ट्रेलिया, भियतनाम, टर्की र अल्जेरियाबाट आएका प्रतिनिधिहरू पनि समावेस गरी एक जानकारीमूलक अन्तर्कियात्मक कार्यक्रमको पनि आयोजना भएको थियो । त्यस कार्यक्रमले हाम्रो त्यहाँको प्रस्तुति र सहभागितालाई सकारात्मक सहयोग पुगेको थियो ।

## प्रिसेशन

प्रतिवेदन प्रस्तुतिका लागि निश्चित् समय मात्र छुट्याइएको हुने हुनाले त्यहाँ सकेसम्म संक्षिप्त रूपमा समग्रतालाई उजागर हुने गरी प्रस्तुति गर्नुपर्ने हुन्छ । बैठकमा स्रोत व्यक्ति कपिल अर्यालले निर्धारित समयभित्र हाम्रो प्रतिवेदनको सार संक्षेपमा सशक्त प्रस्तुति दिनुभएको थियो । तीन धन्टाभन्दा

पनि बढि चलेको प्रश्नोत्तरको सेसनमा छलफलमा भाग लिने र उत्तर दिने क्रममा कपिल अर्याल तथा कृष्ण सुवेदी दुवैजनाको सकृय सहभागिता रहेको थियो ।

बैठकपूर्व NGO Group for CRC को सहजीकरणमा UNICEF को समेत सहभागितामा कफी बैठकको आयोजना गरिएको र त्यस बैठकमा संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिका अध्यक्ष लगायत उपलब्ध सदस्य तथा कर्मचारीहरूको पनि उपस्थिति रहेको थियो । त्यस बैठकमा प्रिसेशन सञ्चालन विधि, प्रश्नोत्तर र समयावधि आदि सन्दर्भहरूको पूर्व जानकारीको आदानप्रदान हुनुका साथै परिचय तथा सम्बन्ध स्थापनामा महत्वपूर्ण उपलब्धी भएको थियो ।

### प्रिसेसन बैठकको हाम्रो अनुभव :

- सहभागी हुन जानेले राज्यपक्ष र नागरिक समाजबाट प्रेषित दुवै प्रतिवेदनहरूको राम्रो जानकारी राख्नु पर्ने र त्यसमाथि आधारित रहेर प्रस्तुति गर्न र अपेक्षित र अनपेक्षित सबै प्रकारका उत्तर दिनका लागि राम्रो पूर्वतयारी गर्नु पर्ने ।
- समितिका सदस्यहरूले प्रतिवेदन माथि आधारित रहेर गरेका प्रश्नहरू र उहाँहरूले लिन चाहेका अन्य अतिरिक्त जानकारीहरूको सटिक उत्तर दिन सक्षम हुनुपर्ने ।
- मुलुकका व्यवस्थापकीय संयन्त्रहरू, कानुनी प्रावधानहरू, सामाजिक संरचनाहरूका साथसाथै संयुक्त राष्ट्रसंघीय विधि, प्रकृयाका बारेमा पनि राम्रो ज्ञान सहित त्यहाँ सहभागी हुनुपर्ने ।
- प्रतिवेदनका आधारहरूका बारेमा पनि थप जानकारी राख्नु पर्ने र ती आधारहरूको परिपुष्टि गर्ने ढङ्गले उत्तर दिन सक्नु पर्ने ।
- संयुक्त राष्ट्रसंघमा प्रचलनमा रहेका छ वटा अफिसियल भाषाहरू अरेविक, चाइनिज, इङ्लिस, फ्रेन्च, रसियन र स्पेनिस मध्ये एक भाषामा राम्रो दखल हुनुपर्ने । अर्थात् हाम्रा परिवेशमा अंग्रेजी भाषामा राम्रोसँग प्रस्तुति दिन सक्नुपर्ने ।

- सम्बन्धित विषयका प्रतिवेदनहरू, सरोकार राख्ने अन्य ऐन कानुन एवम् जानकारीहरू अतिरिक्त रूपमा साथै लानुपर्ने ।
- युनिसेफ जस्ता विषयगत रूपमा क्रियाशील संयुक्त राष्ट्रसंघीय निकायका साथसाथै सहजीकरणमा संलग्न जेनेभास्थित NGO Group for CRC (हालको Child Rights Connect) जस्ता सहयोगी निकाय तथा संस्थाहरूसँगको सम्पर्क र सहकार्यलाई घनिभूत बनाउनुपर्ने ।
- थप सूचना र तथ्य तथ्यांकको आवस्यकता पर्दा सहज आपूर्ति हुनसक्ने गरी सम्पर्क र प्रविधिहरूको सहज ज्ञानका साथ पूर्व तयारी सहितको व्यवस्था हुनुपर्ने ।

## सवालका सूची (List of Issues) र त्यसको सम्वोधन :

संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले राज्यपक्षको प्रतिवेदन र नागरिक समाजको प्रतिनिधित्व गर्दै प्रेषित दुवै प्रतिवेदनहरू माथि आधारित हुँदै संवन्धित देशलाई सवालहरू उठाएर एक सूची पठाउने गर्दछ । यसलाई लिष्ट अफ इस्यु भन्ने गरिन्छ । यस सूचीको तात्पर्य भनेको दुवै प्रतिवेदनहरूको अध्ययन पश्चात् समितिले प्रष्ट हुन चाहेको विषयहरूमा आधारित प्रश्नहरूको सूची नै हो ।

नेपालका सन्दर्भमा पनि जुलाई २०११ मा बालवालिकाको वेचविखन, बाल देहव्यापार तथा बालबालिकाको अश्लिल चित्रणसम्बन्धी ऐच्छिक आलेख (OPSC) को २५ अक्टोबर २०११ मा संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा प्रेषित राज्यपक्षको प्रतिवेदन र त्यसमा आधारित भएर प्रेषित छाया प्रतिवेदनका आधारमा थप प्रष्ट हुन चाहेका सवाल र विषयहरूमा आधारित प्रश्नहरूको सूची आएको थियो । [14]

संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिबाट प्रेषित त्यो सवालका सूचीमा आधारित भएर एक कार्यक्रमको आयोजना गरिएको थियो । सो कार्यक्रममा

14. (OPSC) का दुवै प्रतिवेदनहरूका अध्ययनपछि समितिले नेपाल सरकारहअथगष्लाई पठाएको सवालका सूचिका लागि हेनुहोस् : http://tbinternet.ohchr.org /_layouts/treatybodyexternal /Download.aspx? symbolno=CRC% 2fC%2fOPSC% 2fNPL%2fQ%2f1%2fAdd.1&Lang=en

प्रिसेशन हाम्रो सहभागिता, सवालका सूचीहरू र संयुक्त राष्ट्रसंघीय बालअधिकार महान्धिको तेस्रो इच्छाधिन आलेखका सम्बन्धमा छलफल भएको थियो ।[15]

सूचीमा आधारित भएर नेपाल सरकारले निर्धारित समयमै संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा जवाफ दिएको थियो । त्यसपछि संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले बालवालिकाको वेचविखन, बाल देहव्यापार तथा बालबालिकाको अश्लिल चित्रणसम्बन्धी ऐच्छिक आलेख (OPSC) माथिको राज्यपक्ष र नागरिक समाजको प्रतिनिधित्व गरी प्रेषित हाम्रो प्रतिवेदन समेतमा संयुक्त छलफल गर्न ४ जुन २०१२ मा प्लेनरी बैठकको आयोजना गरेको थियो ।

## प्लेनरी बैठक

४ जुन २०१२ मा सम्पन्न प्लेनरी बैठकमा सन्धिको पक्ष राष्ट्रका तर्फबाट पूर्ण उत्तरदायित्वका साथ हुने सरकारी प्रतिनिधित्व हुने व्यवस्था अनुसार त्यस वैठकमा नेपाल सरकारका तर्फबाट महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय, प्रधानमन्त्रीको कार्यालयका साथसाथै जेनेभा स्थित नेपाल नियोगका प्रतिनिधिहरूको सहभागिता रहेको थियो । बालअधिकार समितिको संयोजकका हैसियतमा यो अनुभवका सङ्कलक कृष्ण सुवेदीको पनि पर्यवेक्षको भूमिकामा उपस्थिति रहेको थियो । त्यस बैठकमा पर्यवेक्षक कै हैसियतमा देखिएको युनिसेफको भने सहजीकरणको राम्रो भूमिका रहेको अनुभव हामीलाई भएको थियो । सहजीकरणमा जेनेभा स्थित सहयोगी संस्था NGO Group for CRC को महत्वपूर्ण भूमिका पनि निरन्तर थियो ।

प्लेनरी बैठकमा सम्बन्धित देशका सरकारी प्रतिनिधिलाई प्रस्तुतिका लागि समय दिने र प्रस्तुति पछि संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिका सदस्यहरूले प्रश्नहरू सोध्ने, थप सूचना तथा जानकारीहरू माग्ने कार्य हुन्छ ।

पर्यवेक्षणको नियम अनुसार त्यहाँ उपस्थित रहने नागरिक समाजका प्रतिनिधिको औपचारिक रूपमा बैठकमा कुनै राय व्यक्त गर्ने व्यवस्था र

15. सवालका सूचिमा आधारित कार्यक्रमका सम्बन्धमा हेर्नुहोस् : http://www.childnepal.org /reports/Facilitation% 20Meeting%20Report.pdf

समय हुने गर्दैन । तथापि आफूलाई लागेका केही कुराहरू थप जरूरी सूचनाहरूलाई छोटा लवि मिटिङहरूको आयोजना गरेर कफि बैठकहरूका माध्यमबाट अनौपचारिक रूपमा सदस्यहरू समक्ष पुऱ्याउनु पर्ने हुन्छ । बैठकका सहभागी सदस्यहरू त्यस्ता थप जानकारी र सूचनाहरू खोजी गरि नै रहेका हुन्छन् । त्यसैले उनीहरू पर्यवेक्षकलाई समय दिने र पर्यवेक्षकसँग सुन्ने चाहना राख्दछन् । सहभागी पर्यवेक्षकलाई त्यस कार्यका लागि विषयगत ज्ञान, आवस्यक सूचनाहरूका साथसाथै त्यहाँको परिवेश र अनुकूलताको जानकारी हुनु पर्दछ र त्यसलाई चुस्तताका साथ प्रयोग र परिचालन गर्ने क्षमताको आवस्यकता पर्ने रहेछ भन्ने कुरा त्यहाँको अनुभवले हामीलाई जानकारी भएको हो ।

*चौथो अध्याय.*

## बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाँचौं आवधिक संयुक्त प्रतिवेदन

लामो प्रतिक्षापछि नेपाल सरकारले सरोकारवाला मन्त्रालय महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय मार्फत बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाचौँ आवधिक प्रतिवेदन संयुक्त प्रतिवेदनका रूपमा पठायो । त्यो प्रतिवेदन लेखनमा लामो समयसम्म बालअधिकारका क्षेत्रमा कृयाशील व्यक्तित्व श्री उद्धव पौडेल संलग्न हुनुहुन्थ्यो । प्रतिवेदन तयार गरिरहँदा सम्बन्धित क्षेत्रका विज्ञहरू, मानवअधिकार आयोग, सरोकारवाला संघ-संस्था लगायत बालक्लवहरूसँग पनि राष्ट्रिय र क्षेत्रीय रूपमा परामर्श भेलाहरूको आयोजना गरी राय, सुझावहरू लिइएको थियो । देस्रो, तेस्रो, चौथो र पाचौँको संयुक्त प्रतिवेदन पठाउनु पर्ने अन्तिम मिति पनि २०१० रहेको सो सरकारी प्रतिवेदन ११ अक्टोवर २०१२ मा तयारी भएको उल्लेख गर्दै २३ डिसेम्बर २०१३ मा मात्र बालअधिकार महासन्धि समितिमा पठाउने काम भयो । त्यसलाई महासन्धि समितिले २२ डिसेम्बर २०१४ मा आफ्नो वेभसाइटमा प्रकाशन गऱ्यो ।[16]

16. बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाचौँ आवधिक संयुक्त प्रतिवेदन State party report on CRC, Nepal Periodic 3-5 sf nflu x]g'{xf];\ M http://tbinternet.ohchr.org /_layouts/treatybodyexternal/ Download.aspx?symbolno=CRC% 2fC%2fNPL% 2f3-5&Lang=en

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 23



## सशस्त्र द्वन्द्वमा बालवालिकाको प्रयोगसम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदन :

लामो प्रतिक्षापछि नेपाल सरकारले सरोकारवाला मन्त्रालय महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय मार्फत बालअधिकार महासन्धिको सशस्त्र द्वन्द्वमा बालवालिकाको प्रयोगसम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदन पठायो । त्यो प्रतिवेदन लेखनमा बालअधिकारका क्षेत्रमा कृयाशील व्यक्तित्व श्री चन्द्रिका खतिवडा संलग्न हुनुहुन्थ्यो । धेरै अगाडि नै तयार गरिएको सो प्रतिवेदन लामो समयसम्म रोकी त्यसमा समयानुकूल परिमार्जन सहित महासन्धिको तेस्रो-पाचौँ प्रतिवेदनका साथै प्रेषित गरिएको थियो । सो प्रतिवेदन पठाउनु पर्ने अन्तिम मिति पनि २००९ रहेको सो सरकारी प्रतिवेदन २०१३ मा मात्र बालअधिकार महासन्धि समितिमा पठाउने काम भयो । त्यसलाई महासन्धि समितिले ३१ अगष्ट २०१४ मा आफ्नो वेभसाइटमा प्रकाशन गर्‍यो ।[17]

## सिआरसी रिपोर्टिङ कोलिएशन, नेपालका नाममा हाम्रो वृहत्तर सहभागिता :

त्यसपछि समितिले तोकेकै समयमा नागरिक समाजको प्रतिवेदनका रूपमा निम्न अनुसारको सञ्जालहरूको सामूहिक संलग्नतामा **सिआरसी रिपोर्टिङ कोलिएशन, नेपाल**का नाममा पूरक प्रतिवेदनहरू पठाइयो[18] । माथि चर्चा भएका दुवै प्रतिवेदनमा आधारित भई वयस्कहरूका तर्फबाट र बालबालिकाका अगुवाईको एक प्रतिवेदन समेत तीन पूरक प्रतिवेदनहरू एकै साथ पठाइयो । बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाचौँ आवधिक प्रतिवेदनमाथि आधारित रही बालबालिकाका तर्फबाट तयार पारिएको सो प्रतिवेदनका लागि सहजीकरण गर्ने कार्य सिआरसी रिपोर्टिङ कोलिएशन,

---

17. नेपाल सरकारका तर्फबाट प्रेषित OPAC को पहिलो प्रतिवेदनका लागि हेर्नुहोस् :
    http://tbinternet.ohchr.org /_layouts/treatybodyexternal /Download.aspx?symbolno=CRC% 2fC%2fOPAC% 2fNPL%2f1&Lang=en

18. पुरक प्रतिवेदनहरू का लागि हेर्नुहोस् : http://tbinternet.ohchr.org/ Treaties/CRC/Shared%20Documents/ NPL/INT_CRC_NGO_NPL_17964_E.pdf
    http://tbinternet.ohchr.org/ Treaties/CRC-OP-AC/ Shared% 20Documents/NPL/INT_CRC-OP-AC_NGO_NPL_17968_E.pdf

नेपालकै एक सदस्य सञ्जाल बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम-नेपाल) ले गरेको थियो ।

मानवअधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC)[19] अन्तर्गतको बालअधिकार समितिको अगुवाईमा बनेको त्यस सिआरसी रिपोर्टिङ कोलिएशन, नेपालमा बालबालिका शान्ति क्षेत्र तथा बालसंरक्षण राष्ट्रिय अभियान (सिजप),[20] बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम-नेपाल),[21] बालगृहहरूको सञ्जाल (सिनेट), बालअधिकारमा संलग्न संस्थाहरूको सञ्जाल (न्यात्रो)[22], राष्ट्रिय बालसंरक्षण सञ्जाल (एन्सिपिए)[23], सडक बालबालिकासँग कार्यरत सञ्जाल (नाओस)[24] समेतको संलग्नता रहेको थियो । सबै सञ्जालहरूका सदस्य संस्थाहरू गरी ६०० भन्दा बढि संघसंस्था तथा निकायहरू संलग्न रहेका थिए । यसरी सिआरसी रिपोर्टिङ कोलिएशन, नेपाल बृहत्तर सहभागिता र साझा अभियानका रूपमा एक सकारात्मक अभ्यासको प्रारम्भ भएको छ ।

## सिआरसी रिपोर्टिङ कोलिएशन, नेपालको कार्यविधि र हाम्रो अनुभव :

बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाचौँ आवधिक प्रतिवेदन र साथै पठाइएको बालअधिकार महासन्धिको सशस्त्र द्वन्द्वमा बालवालिकाको प्रयोगसम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदन माथि नगरिक समाजका तर्फबाट संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि समितिमा प्रेषित गर्ने छाया प्रतिवेदन तयार गरिरहँदा निम्न अनुसारको प्रकृया र कार्यविधि तय गरिएको र कार्यान्वयन गरिएको थियो । यो प्रकृया र कार्यविधि तय गरिरहँदा पनि

---

19. मानव अधिकार सन्धि अनुगमन समन्वय केन्दको बारे जानकारीका लागि हेर्नुहोस् : www.hrtmcc.org
20. बालबालिका शान्तिक्षेत्र तथा बालसंरक्षण राष्ट्रिय अभियान (सिजप) बारे जानकारीका लागि हेर्नुहोस् : www.czop.org
21. बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम) बारे जानकारीका लागि हेर्नुहोस् : http://www.consortium.org.np/
22. बालअधिकारमा संलग्न संस्थाहरूको सञ्जाल (न्यात्रो) बारे जानकारीका लागि हेर्नुहोस् : www.concern.org.np
23. राष्ट्रिय बालसंरक्षण सञ्जाल (एन्सिपिए) बारे जानकारीका लागि हेर्नुहोस् : www.ncpanepal.org
24. सडक बालबालिकासँग कार्यरत सञ्जाल (नाओस) बारे जानकारीका लागि हेर्नुहोस् : www.streetchildren.org.np

संयुक्त राष्ट्रसङ्घीय कमिटीगत प्रतिवेदनलाई पद्धतिका प्रावधानहरू र अन्तराष्ट्रिय प्रचलनहरूलाई आधार बनाइएको थियो । संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि समितिमा नागरिक समाजका तर्फबाट हामीले २०११ मै बालवालिकाको वेचविखन, बाल देहव्यापार तथा बालबालिकाको अश्लिल चित्रणसम्बन्धी ऐच्छिक आलेखको छायाँ प्रतिवेदन पठाएको, त्यस प्रतिवेदन उपर छलफल गर्न आयोजना गरिएको प्रिसेशनमा र प्लेनरी बैठकमा समेत सहभागी भएसकेको पूर्व अनुभवले हामीलाई यस महत्तम कार्यलाई व्यवस्थित रूपमा सम्पन्न गर्न सहज भएको थियो ।

- सहभागी सबै सदस्य सञ्जालहरूको उपस्थितिमा बैठक बसी कार्यविधि तय गरिएको थियो । सञ्जालको प्रारम्भिक बैठकका साथै अधिकांश बैठकहरू यस कोलिएशनको सदस्य सञ्जाल कन्सोर्टियम–नेपालको सचिवालयमा सम्पन्न गरिएको थियो ।
- सचिवालयका रूपमा मानवअधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC) अन्तर्गतको बालअधिकार समितिको अगुवाई गरिरहेको संस्था चाइल्ड नेपाललाई तोकिएको र कार्यभार निर्धारण गर्ने क्रममा प्रतिवेदन लेखन, तथ्य-तथ्याङ्कहरू सङ्कलन, विभिन्न स्तरमा परामर्श भेलाहरूको आयोजन गरी सल्लाह सुझावहरू संग्रह गरी प्रतिवेदन तयार गर्ने र सो प्रतिवेदनलाई संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि समितिमा प्रेषित गर्नेसम्मका कार्यहरू सम्पादन गर्ने जिम्मेवारीसहितको सचिवालयको कार्यभार निर्धारण गरिएको थियो ।
- मूल प्रतिवेदन अर्थात बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाचौँ आवधिक प्रतिवेदन माथिको पूरक प्रतिवेदन लेखन कार्यका लागि काठमाडौँ स्कुल अफ ल का स.प्रा.कपिल अर्याललाई जिम्मेवार व्यक्तिका रूपमा चयन गरिएको थियो भने उहाँको सहयोगीका रूपमा चाइल्ड नेपालका मोहन दंगाललाई तोकिएको थियो ।
- त्यस्तै बालअधिकार महासन्धिको सशस्त्र द्वन्द्वमा बालवालिकाको प्रयोग सम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदनका हकमा २०११ देखिनै प्रारम्भ गरिएको प्रतिवेदनदाई अध्यावधिक गरी त्यसको सहजीकरणमा संलग्न श्री इन्दु तुलाधरले पूरक प्रतिवेदनका रूपमा ड्राफ्ट प्रस्तुत गर्नुभएको थियो ।

- संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि समितिले निर्धारण गरेअनुरूप प्रतिवेदनको ढाँचा, निर्धारित समय सीमाभित्रमा तयार गरिसक्ने र बालअधिकारका समग्र सन्दर्भहरूलाई समावेश गर्ने गरी प्रतिवेदनको दायरा र मुलुकभरबाट सुझाव तथा परामर्श कार्यक्रमहरूमा सहभागिता गराउने व्यवस्थासहित यसको व्याप्तिको निर्धारण पनि पूर्ववत नै गरिएको थियो ।
- विषयगत र विधागत संलग्नताका आधारमा सूचना र तथ्य सङ्कलनका लागि सदस्यसंस्था तथा सहयोगी संस्थाहरूको समन्वय गरिएको थियो ।
- सरोकारवाला मन्त्रालयहरू, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र जस्ता सम्बद्ध सबै सरकारी निकायहरूसँग समन्वयात्मक सहकार्यको हाम्रो नीतिलाई निरन्तरता दिइएको थियो ।
- राष्ट्रिय मानव अधिकार आयोग, केन्द्रीय बालकल्याण समिति, युनिसेफ लगायत सरोकार राख्ने निकायहरूसँग पनि सहकार्य र समन्वयात्मक सहयोग परिचालन गर्ने हाम्रो परम्परालाई निरन्तरता दिइएको थियो ।

## प्रतिवेदन निर्माण र प्रेषण

यस सिआरसी रिपोर्टिङ कोलिएशन, नेपालबाट प्रेषित माथि चर्चा गरिएका तीन वटा प्रतिवेदनहरूमध्ये बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाचौँ आवधिक प्रतिवेदन र साथै पठाइएको बालअधिकार महासन्धिको सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदनमाथि वयस्कहरूका तर्फबाट प्रेषित प्रतिवेदन तयार गरिरहँदा अधिकांश पहिलेकै अभ्यासलाई निरन्तरता दिइएको थियो । जसअनुसार सरोकार राख्ने सबै निकायहरू, संस्थाहरू र बालअधिकारका क्षेत्रमा क्रियाशील कतिपय व्यक्तित्वहरूबाट प्राप्त जानकारी, सुझाव, तथ्याङ्कहरू समावेस गरी प्रतिवेदनको ड्राफ्ट तयार गरिएको थियो ।

- ती दुवै प्रतिवेदनलाई क्षेत्रगत रूपमा पूर्वाञ्चलको धनकुटामा, सुदूरपश्चिमको महेन्द्रनगरमा र, मध्यपश्चिमको रूकुममा र नेपालगञ्जमा (***अतिरिक्त परामर्श भेलाका रूपमा नेपालगञ्जमा सम्पन्न भेलाको***

***आयोजन भने सदस्य सञ्जाल बालबालिका शान्तिक्षेत्र तथा बाल संरक्षण राष्ट्रिय अभियानले गरेको थियो।)*** पश्चिमाञ्चलको नवलपरासीमा गरी क्षेत्रीयस्तरका वयस्कहरूको र बालबालिकाहरूको छुट्टाछुट्टै परामर्श भेलाहरूको आयोजना गरी सुझाव सङ्कलन गरिएको थियो[25] ।

- राजधानीमा सबै सरोकारवाला, सरकारी, गैर सरकारी क्षेत्र र नागरिक समाजका प्रतिनिधि संघसंस्था तथा निकायहरूको सहभागितामा राष्ट्रिय स्तरको बृहत् परामर्श कार्यक्रमको आयोजन गरी सुझाव सङ्कलन गरिएको थियो । त्यस क्रममा पनि बालबालिकाहरूसँग छुट्टै परामर्श कार्यक्रम गरी सुझवहरू सङ्कलन गरिएको थियो ।
- बालअधिकारका क्षेत्रका विज्ञहरूसँग छुट्टै परामर्श गरी उहाँहरूको सुझाव लिने कार्य पनि सम्पन्न गरिएको थियो ।
- महिला, बालबालिका तथा समाजकल्याण, गृह, कानुन, अर्थ, स्थानीय विकास, शिक्षा, स्वास्थ्य लगायतका सरोकारवाला मन्त्रालयहरू, केन्द्रीय बालकल्याण समिति, नेपाल प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्र जस्ता सम्बद्ध सबै सरकारी निकायहरूसँगको सामूहिक अन्तकृयात्मक कार्यक्रमको आयोजना गरी सुझाव तथा परामर्श लिने कार्य पनि पूर्ववत सम्पन्न गरिएको थियो ।
- ती प्रतिवेदनहरूलाई राष्ट्रिय मानव अधिकार आयोगले एउटा परामर्श कार्यक्रमको आयोजना गरी थप सुझवहरू उपलब्ध गराएको थियो ।

## विशिष्ठ प्रयोगका रूपमा चाइल्डलेड रिपोर्ट :

परम्परा भन्दा फरक अर्थात थप एक विशिष्ठ प्रयोगका रूपमा त्यस अवसरमा बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाचौँ आवधिक प्रतिवेदनमाथि आधारित रही बालबालिकाका तर्फबाट एक चाइल्डलेड रिपोर्ट[26] तयार पारिएको थियो । त्यसको सहजीकरण गर्ने कार्य सिआरसी

25. परामर्श भेलाका प्रतिवेदनहरू हेर्नुहोस् : http://www.childnepal.org/reports/ Summary% 20Report% 20of%20regional%20consultations _CRC% 20Reporting% 20Coalition% 20Nepal.pdf
26. चाइल्डलेड रिपोर्ट २०१४ का लागि हेर्नुहोस् : http://tbinternet.ohchr.org /Treaties/CRC /Shared%20Documents/ NPL/INT_CRC_ NGO_NPL_18789_E.pdf

रिपोर्टिङ कोलिएशन, नेपाल कै एक एक सदस्य सञ्जाल बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम–नेपाल) ले गरेको थियो । त्यस अवसरमा निम्नअनुसारका बालमैत्री प्रकृया र पद्दतिहरू अपनाइएको थियो :

- कन्सोर्टियमका तर्फबाट प्रस्तावित विधि तथा प्रक्रियालाई क्षेत्रीयस्तरमा बालबालिकाको भेला आयोजना गरी अनुशिक्षण कार्यक्रमका माध्यमबाट बालबालिकामा त्यसको जानकारी र प्रवोधिकरणको कार्य सम्पन्न गरिएको,
- तिनै सहभागी बालबालिकाबाट बालअधिकारका यावत विषयमा आधारित रही देशव्यापि रूपमा सुझावहरू, चित्रहरू, कार्टुन, कथाहरू र अनुभवहरू सङ्कलन गरिएको र तिनै सामग्रीहरूको प्रयोगबाट प्रतिवेदन तयार गरिएको थियो ।
- पछि सबै क्षेत्र र जिल्लाहरूबाट तिनै भाइबहिनीलाई सहभागी गराई राजधानीमा एक वृहत् परामर्श कार्यक्रमको आयोजना गरियो । त्यसै परामर्श कार्यक्रमबाट त्यो बालबालिकाका सहभागितामा तयार गरिएको चाइल्डलेड रिपोर्टलाई पूर्णता प्रदान गरियो र मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC) अन्तर्गतको बालअधिकार समिति मार्फत जेनेभा पठाउने काम भयो ।

वयस्कहरूका तर्फबाट तयार गरिएका दुई प्रतिवेदनहरूका साथै बालबालिकाका तर्फबाट तयार गरिएको चाइल्ड लेड रिपोर्ट समेत तीनैवटा प्रतिवेदनलाई आवस्यक सम्पादन पश्चात् मानवअधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC) अन्तर्गतको बालअधिकार समिति, नेपालका तर्फबाट जेनेभास्थित सहयोगी संस्था Child Rights Connect मार्फत पूरक प्रतिवेदन संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा प्रेषित गरिएको थियो ।

यो समग्र कार्यअवधिमा स्रोत परिचालनका साथै हाम्रा साथमा सहकार्य गर्ने हाम्रा साझेदार संस्थाहरू यस प्रकार रहेका थिए ।

१. सेभ द चिल्ड्रेन

२. प्लान नेपाल

३. ओर्ल्ड भिजन इन्टरनेश्नल

४. एक्प्याट लग्जमवर्ग

५. AIBI

## राष्ट्रसंघीय बालअधिकार समितिको ६६औं बैठकमा (प्रिसेशन) हाम्रो सहभागिता :

संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा नेपाल सरकारका तर्फबाट प्रेषित सिआरसी रिपोर्टिङ कोलिएशन नेपालबाट प्रेषित माथि चर्चा गरिएका तीन वटा प्रतिवेदनहरू मध्ये बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाचौँ आवधिक प्रतिवेदन र साथै पठाइएको बालअधिकार महासन्धिको सशस्त्र द्वन्द्वमा बालवालिकाको प्रयोगसम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदन र ती दुवै प्रतिवेदनमा आधारित रहेर नागरिक समाजको प्रतिनिधित्व गर्दै वयस्कहरूका तर्फबाट प्रेषित दुई प्रतिवेदनहरूका साथै बालबालिकाका तर्फबाट तयार गरिएको चाइल्ड लेड रिपोर्ट समेत तीनैवटा प्रतिवेदनहरूमाथि छलफल गर्न २३ सेप्टेम्बर २०१४ मा आयोजना गरिएको संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिको ६९औँ बैठकमा समितिको आमन्त्रणमा दुई जना बालबालिका सहित निम्न अनुसार ११ जनाको सहभागिता रहेको थियो। त्यहाँ पर्यवेक्षकका रूपमा युनिसेफका मुनिर ममदजादे उपस्थिति रहेको र सहजीकरणमा जेनेभास्थित सहयोगी संस्थो चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect) को महत्वपूर्ण भूमिका रहेको थियो।

**सहभागीको सूची :**

| क्र. | संस्थागत प्रतिनिधित्व | सहभागीको नाम |
|---|---|---|
| १ | बालअधिकार समिति, HRTMCC | संयोजक : कृष्ण सुवेदी |
| | सचिवालय चाइल्ड नेपाल, | प्रतिवेदन सहजकर्ता : स.प्रा. कपिल अर्याल |
| | | प्रतिवेदन सहजकर्ता : इन्दु तुलाधर |
| | | सहयोगी सहजकर्ता : मोहन दंगाल |
| २ | बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम–नेपाल) | अध्यक्ष : कुमार भट्टराई |

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 30



| | | |
|---|---|---|
| | | बालक प्रतिनिधि : राकेश पौडेल |
| | | बालिका प्रतिनिधि : हिमा राई |
| | | सहयोगी सहजकर्ता : नीना महर्जन |
| ३ | बालबालिका शान्तिक्षेत्र तथा बालसंरक्षण राष्ट्रिय अभियान (सिजप) | अध्यक्ष : रामकृष्ण निराला |
| ४ | राष्ट्रिय बालसंरक्षण सञ्जाल (एन्सिपिए) | अध्यक्ष : विमला ज्ञवाली |
| ५ | सडक बालबालिकासँग कार्यरत सञ्जाल (नाओस) | सचिव : आशोक सिवाकोटी |

## पूर्व तयारी :

सेभ द चिल्ड्रेन, युनिसेफ लगायतले स्रोत परिचालन गरी हाम्रो सहभागिता सुनिश्चित गराएको थियो । संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिको मुख्यालय जेनेभाका बैठकहरूमा नियमित कार्यका रूपमा सहजीकरण गर्दैआएको सहयोगी संस्था Child Rights Connect ले एक बैठकको आयोजना गरी हामीलाई जानकारी उपलब्ध गराएको थियो । त्यस बैठकमा प्रिसेशन सञ्चालन विधि, प्रश्नोत्तर र समयावधि आदि सन्दर्भहरूको पूर्व जानकारीको आदानप्रदान हुनुका साथै परिचय तथा सम्बन्ध स्थापनामा महत्वपूर्ण उपलब्धी भएको थियो ।

## प्रिसेशन २३ सेप्टेम्बर २०१४

एकै दिनमा बिहानै देखि आयोजना गरिएको बैठकमा प्रिसेशन बैठकलाई तीन भागमा विभक्त गरी सञ्चालन गरिएको थियो । बालबालिकाका साथमा बिहानै छलफलको आयोजना गरिएको थियो । समितिका सदस्यहरूले बालबालिकाका तर्फबाट तयार गरिएको चाइल्ड लेड रिपोर्टमा आधारित रही उनीहरूका साथमा प्रश्नोत्तर गरेका र कुमार भट्टराई तथा नीना महर्जनले अभिभावकत्व प्रदान गर्नुभएको थियो । दिवासत्रमा बालअधिकार महासन्धिको

तेस्रो, चौथो र पाचौँ आवधिक प्रतिवेदन माथि स्रोतव्यक्ति कपिल अर्यालले निर्धारित समयभित्र हाम्रो प्रतिवेदनको सार संक्षेपमा सशक्त प्रस्तुति दिनुभएको थियो । साथै पठाइएको बालअधिकार महासन्धिको सशस्त्र द्वन्द्वमा बालवालिकाको प्रयोगसम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदन माथि स्रोतव्यक्ति इन्दु तुलाधरले निर्धारित समयभित्र प्रस्तुति दिनुभएको थियो । ती दुवै प्रतिवेदनमा आधारित रहेर नागरिक समाजको प्रतिनिधित्व गर्दै तीन धन्टाभन्दा पनि बढि चलेको प्रश्नोत्तरको सेसनमा छलफलमा भाग लिने र उत्तर दिने क्रममा कपिल अर्याल तथा इन्दु तुलाधरका साथै सहभागीहरू कृष्ण सुवेदी, कुमार भट्टराई, मोहन दंगाल लगायतको सकृय सहभागिता रहेको थियो ।

बैठकपूर्व चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect) को सहजीकरणमा युनिसेफ (UNICEF) को समेत सहभागितामा कफी बैठकको आयोजना गरिएको र त्यस बैठकमा संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिका अध्यक्ष लगायत उपलब्ध सदस्य तथा कर्मचारीहरूको पनि उपस्थिति रहेको थियो ।

त्यस समयमा केही दिन अघि पछिका राष्ट्रसंघीय बालअधिकार समितिका अरू बैठकहरूमा घाना, मेक्सिको, अर्जेन्टिना लगायतका देशहरूबाट आएका प्रतिनिधिहरू पनि समावेस गरी चाइल्ड राइट्स कनेक्ट (Child Rights Connect)ले एक जानकारीमूलक अन्तर्कियात्मक कार्यक्रमको पनि आयोजना भएको थियो । प्रिसेशनको तेस्रो दिनमा आयोजित त्यस कार्यक्रममा युपिआर को जानकारी गराउने एक सेसनमा नेपालका तर्फबाट हाम्रा सहजकर्ता सप्रा कपिल अर्यालको प्रस्तुति रहेको थियो । त्यस कार्यक्रममा हाम्रो त्यहाँको प्रस्तुतिले विभिन्न मुलुकका सहभागीहरूमा नेपालको बालअधिकार माथिको पहुँच र प्रभावको जानकारी का साथै आयोजक र सहभागीहरू पनि नेपाली टिमप्रति सकारात्मक भएका थिए ।

समग्रमा संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिको ६९औँ बैठकमा दुई जना बालबालिका सहितको हाम्रो प्रस्तुति असरदार रह्यो र भ्रमण सफल रह्यो ।

**दुवै प्रतिवेदनहरूमा आधारित सवालका सूची (List of Issues) :**

संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले राज्यपक्षका प्रतिवेदन र नागरिक समाजको प्रतिनिधित्व गर्दै प्रेषित प्रतिवेदन माथि आधारित हुँदै थप जानकारी र प्रष्टताका लागि सवालहरू उठाएर पठाउने प्रकृयानुरूप यस पटक पनि सवालका सूची पठाइसकेको छ । दुवै तर्फका सबै प्रतिवेदनहरूको अध्ययन पश्चात् समितिले प्रष्ट हुन चाहेको विषयहरूमा आधारित प्रश्नहरूको छुट्टाछुट्टै सूची पठाएको छ ।

बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाचौँ आवधिक प्रतिवेदनमाथि आधारित रही नागरिक समाजको प्रतिनिधित्व गर्दै वयस्कहरूका तर्फबाट प्रेषित पूरक प्रतिवेदन बालबालिकाका तर्फबाट तयार गरिएको चाइल्ड लेड प्रतिवेदनमा आधारित रहेर बालअधिकार समितिले २५ बुँदाको सवालका सूचीहरू पठाएको छ ।[27]

त्यसै साथ पठाइएको बालअधिकार महासन्धिको सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगसम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदनमा आधारित रहेर पनि १० बुँदाको सूची पठाएको छ ।[28]

ती सवालका सूचीहरूमा आधारित रही राज्यका तर्फबाट पठाइएका जवाफ, थप जानकारी तथा सूचनाहरूमा पनि आधारित हुँदै संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिले प्लेनरी बैठकको आयोजना गर्ने छ । त्यो बैठक पश्चात् सबै प्रतिवेदनहरू, सूचना, जानकारीहरू र बैठकहरूमा भएका छलफलबाट सिद्ध वैधता र प्रामाणिकता आधारमा समापन टिप्पणी आउने छ ।

27. बालअधिकार महासन्धिको तेस्रो, चौथो र पाचौँ आवधिक प्रतिवेदनमाथि आधारित सवालका सूचिका लागि हेर्नुहोस् : http://tbinternet.ohchr.org/_ layouts/ treatybodyexternal/ Download.aspx?symbolno= CRC% 2fC%2fNPL% 2fQ%2f3-5&Lang=en

28. सशस्त्र द्वन्द्वमा बालवालिकाको प्रयोग सम्बन्धी ऐच्छिक आलेखको प्रतिवेदनमा आधारित सूचिका लागि हेर्नुहोस् : http://tbinternet.ohchr.org/ _layouts/treatybodyexternal/ Download.aspx? symbolno= CRC%2fC% 2fOPAC% 2fNPL%2fQ% 2f1&Lang=en

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 33



*पाचौँ अध्याय*

# सामूहिक संलग्नताले प्राप्त उपलब्धीहरू

बालअधिकारको अभियानमा सामूहिक संलग्नता जुटाउन प्रयासहरू गरिरहँदा वस्तुगत र भावनात्मक दुवै प्रकारका अनुभव हामीले प्राप्त गरिरहेका हुन्छौं । वस्तुगत उपलब्धीका साथसाथै सकारात्मक कुरा नै यसबाट प्राप्त हुने भावनात्मक उपलब्धी पनि हो । वस्तुगत उपलब्धीहरू आँखाले छर्लङै देखिने हुन्छन् भने भावनात्मक उपलब्धीलाई हामीले अन्तर्दृष्टिले अनुभूत गर्नुपर्ने हुन्छ ।

## १. NACG र हाम्रो सामूहिक संलग्नता

दक्षिण एसियामा बालबालिका माथि हुने सबै प्रकारका हिंसाको अन्त्यका लागि एक अन्तर सरकारी संयन्त्रको रूपमा साउथ एसिया इनिसेटिभ टु एन्ड भायोलेन्स एगेन्स्ट चिल्ड्रेन (SAIVAC) को स्थापना भएको छ । यसलाई बालबालिका माथि हुने हिंसा अन्त्यका लागि सार्कको एपेक्स बडिका रूपमा लिइन्छ । त्यसै SAIEVAC लाई सहयोग गर्न दक्षिण एसियाका मुलुकहरूमा नागरिक समाजको संयन्त्र निर्माण गर्ने क्रममा नेश्नल एक्सन कोर्डिनेटिङ ग्रुप (NACG) हरू गठन हुने उपक्रम चलेको छ । नेपालमा हामीले त्यस NACG लाई सफलीभूत पार्न पनि सामूहिक संलग्नता कै बाटो अवलम्बन गरेका छौं । यस अभ्यासमा बालबालिका शान्तिक्षेत्र तथा बालसंरक्षण राष्ट्रिय अभियान (सिजप), बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कन्सोर्टियम-नेपाल), मानवअधिकार सन्धि अनुगमन समन्वय केन्द्र (HRTMCC) अन्तर्गतको बालअधिकार समिति, बालगृहहरूको सञ्जाल (सिनेट), राष्ट्रिय बालसंरक्षण सञ्जाल (एन्सिपिए), सडक बालबालिकासँग कार्यरत सञ्जाल (नाओस), एटविन, इन्क्लुसिभ इजुकेशन फोरम लगायतका १० वटा राष्ट्रिय स्तरका सञ्जालहरूको सामूहिकतामा यसको गठन भएको छ । राज्य र नागरिक समाजको सहकार्यको सुन्दर नमूना स्वरूप चलेको यस अभियानको संयोजन भने महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयले गरिरहेको छ । यो अभ्यास हाम्रो अनुकरणीय अभ्यास हो ।

## २. UPR दोस्रो चक्र र हाम्रो सामूहिक संलग्नता :

मानव अधिकारको विश्वव्यापि समीक्षा (UPR) दोस्रो चक्र र त्यसमा

नागरिक समाजको सशक्त उपस्थिति स्वरूप हाम्रो सामूहिक संलग्नता यस क्रममा अर्को उदाहरणीय कार्य हो । संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धि र ऐच्छिक आलेखहरूका प्रतिवेदनहरू प्रेषित गर्ने र त्यसमा पैरवी गर्ने क्रममा हाम्रो सकारात्मक अभ्यासपछि हाम्रा अनुभवहरू झ्याङ्गिएका छन् । हाम्राबीचको सामूहिकता पनि मजबुत हुँदै गएको छ । त्यसै आधारभूमिमा उभिएर हामीले यसै वर्षको मानव अधिकारको विश्वव्यापि समीक्षा (UPR) दोस्रो चक्रमा हाम्रो सामूहिक संलग्नतामा बालकेन्द्रित प्रतिवेदन पठाउने कार्य पनि सम्पन्न गरेका छौं । यो अभ्यास हाम्रो अर्को सफलतम र अनुकरणीय अभ्यास हो ।

## हाम्रो सामूहिक संलग्नताले देखाएको बाटो :

नागरिक समाजको प्रतिवेदनका क्रममा सञ्जालहरूको सामूहिक संलग्नताले हामीलाई एउटा मार्गनिर्देश गरेको छ, एउटा सन्देश दिएको छ । हाम्रो अबको बाटो भनेको या त्यो सन्देश भनेको नेपालमा बालअधिकार, बालसंरक्षण, बालसहभागिता एवं बालविकासका क्षेत्रमा क्रियाशील रहेका नागरिक समाजका सङ्गठनहरू, सञ्जालहरू एवं संघसंस्थाहरूले वृहत् सामूहिक सहभागितामा कार्य गर्ने बाटोतर्फ अग्रसर हुनु नै हो ।

## अन्त्यमा :

संयुक्त राष्ट्रसंघीय बालअधिकार महासन्धिको अव २६ वर्षे जवान भइसकेको छ । हाम्रो देशले संयुक्त राष्ट्रसंघमा आवधिक रूपमा प्रतिवेदनहरू दिन र त्यसपछिका निश्कर्ष र सुझावहरूलाई परिपालनाका क्रमलाई निरन्तरता दिन प्रयत्न गरिरहेको छ तर अपेक्षाकृत रूपमा सकिरहेको छैन । यस्ता सुखद् र उपलब्धीमूलक सन्दर्भमा ती दायित्व र जिम्मेवारीहरूलाई सम्झनु, तदनुकूलका बाटामा हामी हिडिरहेका छौं वा छैनौं भनेर समीक्षा गर्नु र प्रतिबद्धतालाई पुनःपरिभाषित गर्दै अघि बढनु हामी सबैको साझा कर्तव्य हुन आउँछ ।

*(लेखक बालअधिकारकर्मीको रूपमा चिनिनु हुन्छ र चाइल्ड नेपाल तथा सिजपका अध्यक्ष हुनुहुन्छ)*

❑❑❑

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 35



# नेपालका गैर सरकारी संस्थाहरूका तर्फबाट संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा पठाइएका बालअधिकारसम्बन्धी पूरक प्रतिवेदनहरू



चन्द्रिका खतिवडा

## १. विषय प्रवेश

संयुक्त राष्ट्रसंघीय बालअधिकारसम्बन्धी महासन्धि, १९८९ र यसका इच्छाधिन आलेखहरू- (१) बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रणविरूद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २०००, र (२) सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० लाई अनुमोदन गर्ने देशले संयुक्त राष्ट्रसंघीय बालअधिकार समिति (यसपछि 'बालअधिकार समिति' भनिएको) समक्ष नियमित रूपमा राष्ट्रिय प्रतिवेदन पेश गर्नुपर्दछ । बालअधिकारसम्बन्धी महासन्धि र यसका दुईवटै इच्छाधिन आलेखहरूका राज्यपक्षले तिनलाई अनुमोदन गरेको दुई वर्षभित्र प्रारम्भिक प्रतिवेदन र त्यसपछि हरेक पाँच-पाँच वर्षमा आवधिक प्रतिवेदन बालअधिकार समिति समक्ष पेश गर्नुपर्दछ । इच्छाधिन आलेखहरूको हकमा भने प्रारम्भिक प्रतिवेदन पठाएपछि बालअधिकारसम्बन्धी महासन्धिको आवधिक प्रतिवेदनमा नै इच्छाधिन आलेखको कार्यान्वयनसम्बन्धी थप सूचनाजानकारी समाहित गरी पठाउनुपर्दछ[29] ।

प्रस्तुत लेखमा गैर सरकारी संस्थाहरूका तर्फबाट बालअधिकार समिति समक्ष पठाइने पूरक[30] प्रतिवेदन र नेपालबाट पेश भएका केही पूरक प्रतिवेदनहरू बारे संक्षिप्त रूपमा छलफल गरिएको छ ।

---

29. बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ४४ तथा इच्छाधीन आलेख-१ को धारा १२.२ र इच्छाधीन आलेख-२ को धारा ८.२ हेर्नुहोस् ।

30. गैर सरकारी संस्थाका तर्फबाट पेश गरिने प्रतिवेदनलाई विभिन्न नामले बोलाइन्छ : गैर सरकारी संस्थाको प्रतिवेदन (NGO Report), वैकल्पिक प्रतिवेदन (Alternative Report), पूरक वा समपूरक प्रतिवेदन, (Complementary or Supplementary report) आदि । यस लेखमा भने सहजताका लागि 'पूरक प्रतिवेदन' भनिएको छ .

## २. संयुक्त राष्ट्रसंघीय सन्धि अनुगमन निकायको रूपमा बालअधिकार समिति

बालअधिकारसम्बन्धी महासन्धि तथा यसका इच्छाधीन आलेखहरूको कार्यान्वयन बारे राज्यपक्षहरूले नियमित रूपमा बालअधिकार समितिमा पठाउने राष्ट्रिय प्रतिवेदनहरू तथा गैर सरकारी संस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकाय, अन्तर-सरकारी निकाय एवं स्वतन्त्र मानवअधिकार सङ्गठनहरूले पठाउने पूरक प्रतिवेदनहरू माथिको समीक्षा तथा छलफल संयुक्त राष्ट्रसंघको तहमा हुने बालअधिकार अनुगमनको एक स्थापित प्रक्रिया हो । यस प्रयोजनका लागि संयुक्त राष्ट्रसंघको पद्धतिमा सन्धि अनुगमन निकायहरूको स्थापना भएका हुन्छन् ।

संयुक्त राष्ट्रसंघीय सन्धि अनुगमन निकाय (Treaty Monitoring Bodies)भनेको नियमित रूपमा प्रतिवेदन पेश गर्नुपर्ने दायित्व भएका कुनै पनि महासन्धि[31]अन्तर्गत गठन गरिएको स्वतन्त्र विज्ञहरू[32]को समिति हो । सन्धि अनुगमन निकायको मुख्य भूमिका भनेको सम्बन्धित महासन्धिको कार्यान्वयनमा राज्यपक्षबाट भएगरेका प्रयास र प्रगतिहरू, जुन प्रारम्भिक तथा आवधिक राष्ट्रिय प्रतिवेदनका रूपमा सम्बन्धित समितिमा प्राप्त हुन्छन्, को समीक्षा गर्नु हो । सन्धि अनुगमन निकायले राज्य पक्षका प्रतिवेदनहरूको समीक्षा गरिसके पछि सम्बन्धित देशमा उक्त महासन्धिको कार्यान्वयनमा अरू थप के गर्न आवश्यक छ सो बारे' समापन टिप्पणी' मार्फत सुझाव/सिफारिस दिने गर्दछ ।

31. तिनमाः १. सबै प्रकारका जातीय भेदभाव उन्मुलनसम्बन्धी महासन्धि, १९६५; २. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६; ३. आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अनुबन्ध, १९६६; ४. महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धि, १९७९; ५. यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार र सजायविरूद्धको महासन्धि, १९८४; ६. बालअधिकारसम्बन्धी महासन्धि, १९८९; ७. सबै प्रवासी कामदार तथा तिनका परिवारको अधिकारको संरक्षणसम्बन्धी महासन्धि, १९९०; ८. जबर्जस्ती बेपत्ता पारिएका सबै व्यक्तिहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६; ९. अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६; र १०. यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार र सजायविरूद्धको महासन्धिको इच्छाधीन आलेख, २००२ पर्दछन् ।

32. सन्धि अनुगमन निकायमा रहने विज्ञहरू आफ्ना नागरिक मध्येबाट राज्यपक्षहरूले निर्वाचित गर्दछन् र निर्वाचित भएपछि उनीहरूले महासन्धिमा तोकिएको अवधिसम्म व्यक्तिगत हैसियतमा कार्य गर्दछन् ।

**बालअधिकारसम्बन्धी महासन्धि १९८९ को धारा ४३ को व्यवस्थाः**

१. वर्तमान (बालअधिकारसम्बन्धी) महासन्धिद्वारा अभिभारा लिइएका दायित्वहरू हासिल गर्न राज्य पक्षहरूले गरेको प्रगतिको मूल्याङ्कन गर्ने उद्देश्यको लागि बालअधिकार समितिको स्थापना गरिनेछ ।

२. यो समितिमा यस महासन्धिद्वारा समेटिएको क्षेत्रका उच्च नैतिकता भएका, ख्यातिप्राप्त र क्षमतावान १८ जना विशेषज्ञहरू रहनेछन् ।

१०. समितिका बैठकहरू सामान्यतयाः संयुक्त राष्ट्रसंघको प्रधान कार्यालयहरूमा वा समितिले नै निर्धारण गरेबमोजिम अन्य कुनै पायक पर्ने स्थानमा हुनेछन् । समितिको बैठक सामान्यतयाः प्रत्येक वर्षमा दुईपटक हुनेछ ।

## ३. गैर सरकारी संस्था(हरू) को तर्फबाट पेश हुने बालअधिकारसम्बन्धी पूरक प्रतिवेदन

माथि नै उल्लेख गरिसकियो कि बालअधिकार समितिमा गैर सरकारी संस्था, संयुक्त राष्ट्रसंघीय निकाय, अन्तर-सरकारी निकाय एवं स्वतन्त्र मानवअधिकार सङ्गठनहरूले आ-आफ्ना प्रतिवेदनहरू पठाउन सक्दछन् । 'राष्ट्रिय तहमा बालअधिकारको अवस्था बारे वृहत् जानकारी लिने उद्देश्यले बालअधिकार समितिले अन्य स्रोतहरू- जस्तै गैर सरकारी संस्था, अन्तर-सरकारी निकाय एवं स्वतन्त्र मानवअधिकार सङ्गठनहरूबाट लिखित सूचनाजानकारी प्राप्त गर्दछ ।'[33] यस्ता प्रतिवेदनहरू राज्यपक्षको राष्ट्रिय प्रतिवेदनका पूरकवा दोस्रो विचार (Second Opinion) का रूपमा ग्रहण गरिन्छ र 'प्राप्त सूचनाजानकारीलाई बालअधिकार समितिले यी संस्था तथा निकायहरूको उपस्थितिमा नै पूर्वसत्र कार्यसमूह (Pre Sessional Working Group) बैठकमा छलफल एवं संपरीक्षण गर्दछ ।'[34]

33. NGO Group for the Convention on the Rights of the Child, 2010. Reporting on the OPSC and OPAC: A Guide for Non-governmental Organizations, p.23

34. NGO Group for the Convention on the Rights of the Child, 2010. Reporting on the OPSC and OPAC: A Guide for Non-governmental Organizations, p.23

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 38



**त्यसैले,**

- गैर सरकारी संस्थाले सन्धि अनुगमन निकायमा प्रतिवेदन पठाउनु आफैंमा उपयोगी हुन्छ । त्यसमा पनि गैर सरकारी संस्थाहरू एकआपसमा मिली सञ्जालको तर्फबाट प्रतिवेदन पठाउन सके झनै राम्रो हुन्छ ।

**त्यस्ता प्रतिवेदनमा/ले–**

- सम्बन्धित महासन्धि अन्तर्गत राज्यपक्षले लिएका उत्तरदायित्व पूरा गर्नका लागि कार्यान्वयन गरिएका नीति, कानुन, कार्यक्रम र अभ्यासहरूलाई सिलसिलेबार रूपमा विश्लेषण गरिनुपर्दछ ।
- सम्बन्धित महासन्धिका सिद्धान्त तथा प्रावधानहरूको कार्यान्वयनमा देखिएका समस्याहरूलाई उजागर गर्नुपर्दछ र तत् सम्बन्धमा ठोस सिफारिसहरू प्रस्तुत गर्नुपर्दछ ।

**सामान्यतयाःपूरक प्रतिवेदन तयार गर्दा–**

- बालअधिकार समितिले गैरसरकारी संस्थाको प्रतिवेदन तयार गर्न दिएको मार्गनिर्देशनको अनुसरण गर्नुपर्दछ ।
- यदि सम्भव भएमा, राज्य पक्षका हैसियतमा सरकारले पेश गरेको राष्ट्रिय प्रतिवेदनको ढाँचा अनुरूप हुनेगरी तयार गर्न सकिएमा उपयोगी हुन्छ ।
- संयुक्त राष्ट्रसंघका आधिकारिक भाषामध्ये कुनै पनि भाषामा पेश गर्नपर्दछ ।
- सन्धि अनुगमन निकायले सम्बन्धित राज्य पक्षका राष्ट्रिय प्रतिवेदनमाथि सुन'वाइ वा समीक्षा गर्नु अगावै पठाउनुपर्दछ ।

गैर सरकारी संस्था(हरू)को तर्फबाट पठाइने प्रतिवेदनलाई बालअधिकार समितिले महत्वका साथ ग्रहण गर्दछ । त्यसैले 'गैर सरकारी संस्थाका तर्फबाट विशिष्टीकृत, विश्वसनीय एवं उद्देश्यमूलक सूचनाजानकारी पाउनु समितिका लागि अत्यन्तै महत्वपूर्ण हुन्छ । किनभने त्यसले सम्बन्धित देशमा बालअधिकारसम्बन्धी महासन्धि तथा इच्छाधीन आलेखहरूको कार्यान्वयनको अवस्था बारे गम्भीर एवं स्वतन्त्र रूपमा संपरीक्षण गर्न/धारणा बनाउन समितिलाई सघाउँदछ ।... समिति गैर सरकारी संस्था(हरू)को प्रतिवेदनमा

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 39



खासगरी- अ) सरकारी प्रतिवेदनमा पूर्ण रूपमा नआएका तथा सरोकारका मुख्य-मुख्य विषयगत क्षेत्रमा समावेश नभएका, र आ) गैरसरकारी संस्था (हरू)को विचारमा गलत ठानिएका एवं भ्रुक्याउने खालका सूचनाजानकारी बारे स्पष्ट रूपमा उल्लेख भइदिओस् भन्ने चाहन्छ । हालसम्मको अनुभवहरूले के देखाएको छ भने अधिकांश राज्यपक्षका प्रतिवेदनहरूले कानुनी प्रावधानहरू उल्लेख गर्नमा जोड दिएका हुन्छन् र व्यवहारिक चुनौतीहरू एवं अवलम्बन गरिएका उपायहरू बारे पर्याप्त सूचनाजानकारी उपलब्ध गराउँदैनन् ।'[35]

## ४. बालअधिकार समितिको प्रतिवेदनसाग सम्बन्धित प्रक्रियाहरू

देहायको तालिकामा राज्यपक्षका हैसियतले सरकारले प्रारम्भिक वा आवधिक प्रतिवेदन पेश गरेपछि समापन टिप्पणी प्राप्त गर्ने र सोको कार्यान्वयन गरी अर्को चक्रको प्रतिवेदन प्रस्तुत गर्दासम्मका चरणहरूलाई देखाइएको छ :




*Adapted from- NGO Group for the Convention on the Rights of the Child, 2010. Reporting on the OPSC and OPAC: A Guide for Non-governmental Organizations, p.23*

---

35. NGO Group for the Convention on the Rights of the Child, 2010. Reporting on the OPSC and OPAC: A Guide for Non-governmental Organizations, p.24

राज्य पक्षका तर्फबाट सरकारले राष्ट्रिय प्रतिवेदन पेश गरिसके पछि गैर सरकारी संस्था(हरू) तथा राष्ट्रिय मानवअधिकार सङ्गठनहरूको तर्फबाट प्रतिवेदन पेश गरिन्छ । हुनतः कतिपय देशमा सरकारका तर्फबाट पेश गरिने **राष्ट्रिय प्रतिवेदन (State Party Report)** तयारीको क्रममा नै गैर सरकारी संस्थाहरूको संलग्नता एवं सहभागिता खोजिएको हुन्छ । सरकारले गैर सरकारी संस्थाहरूसँग सहकार्य गरी उनीहरूको योगदानलाई राष्ट्रिय प्रतिवेदनमा नै समावेश गर्न सक्दछ । त्यस्तो स्थितिमा पनि राष्ट्रिय प्रतिवेदनमा अटाउन नसकेका विषयहरू तथा त्यसमा भएका सूचनाजानकारी बारे गैर सरकारी संस्थाहरूको धारणा प्रस्तुत गरी पूरक प्रतिवेदन पेश गर्न सकिन्छ ।

गैर सरकारी संस्था, राष्ट्रिय मानवअधिकार संस्थानहरू तथा संयुक्त राष्ट्रसंघका तोकिएका निकाय (विशेषतः युनिसेफ) समेतका प्रतिवेदनहरू तथा जानकारीहरू बालअधिकार समितिमा प्राप्त भएपछि समितिको **पूर्व-सत्र कार्यसमूहको बैठक (Pre-sessional Working Group)** बस्दछ । बालअधिकार समितिको 'पूर्व-सत्र कार्यसमूहको बैठकमा समितिका सबै सदस्यहरूलाई आमन्त्रित गरिन्छ ।[36] उक्त बैठकमा गैर सरकारी संस्थाका तथा अन्य प्रतिवेदनहरूमा गैर सरकारी संस्थाका प्रतिनिधिहरू[37] (यसमा सरकारी प्रतिनिधिहरूलाई बोलाइँदैन) सँग बालअधिकार समितिले

---

36. कार्य समूहको बैठकहरू सर्वसाधारणका लागि खुल्ला गरिंदैन (अर्थात् आमन्त्रित व्यक्तिहरू मात्र भाग लिन पाउँदछन्) र त्यसको कुनै औपचारिक अभिलेख पनि राखिंदैन । कार्य समूहको बैठकका निर्णयहरू बालअधिकार समितिको आगामी प्लेनरी बैठकमा पेश गरिन्छ । कार्य समूहको मुख्य उद्देश्य भनेको राज्यपक्षका प्रतिनिधिहरूसँग छलफल गर्नका लागि मुख्य सवालहरू अग्रीम रूपमा नै पहिचान गर्नु हो । यसरी तयार पारिएको मुख्य सवालहरू या भनौ राष्ट्रिय प्रतिवेदनको समीक्षाका समयमा सम्बन्धित राज्यपक्षसँग गरिने छलफलको विषयवस्तुबारे पहिला नै सम्बन्धित राज्यपक्षलाई जानकारी गराइएको हुन्छ (विस्तृत जानकारीका लागि Implementation Handbook for the Convention on the Rights of the Child, United Nations Children's Fund, 2002, पे.६३० हेर्नुहोस्) ।

37. बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ४५(क) मा भनिएको छ, 'आ-आफ्ना अधिकारक्षेत्रभित्र पर्ने महासन्धिका प्रावधानहरूको कार्यान्वयनका सम्बन्धमा समितिले उचित ठानेमा यस कामको लागि ती विशेषज्ञ संस्थाहरू, युनिसेफ र अन्य सक्षम संस्थाहरूलाई प्रतिवेदन पेश गर्नका लागि निम्त्याउन सक्दछ ।' यस वाक्यमा रहेको 'अन्य सक्षम संस्थाहरू' भन्ने पदावलीअन्तर्गत गैरसरकारी संस्थाहरू समेत पर्दछन् । सन् १९९९ मा नै बालअधिकार समितिले आफ्नो २२औं सत्रमा 'बालअधिकार समितिको पूर्व-सत्र कार्य समूहको बैठकमा गैरसरकारी संस्था तथा विशेषज्ञ व्यक्तिको सहभागिताका लागि निर्देशिका' पारित गरेको थियो (विस्तृत जानकारीका लागि Implementation Handbook for the Convention on the Rights of the Child, United Nations Children's Fund, 2002, पे.६३२ हेर्नुहोस्) ।

सामान्यतयाः एक दिनभर छलफल गर्दछ ।सो बैठकपछि बालअधिकार समितिको तर्फबाट **लिस्ट अफ इस्युज (List of Issues)** तयार गरिन्छ, त्यसलाई सम्बन्धित राज्य पक्ष समक्ष पठाएर राष्ट्रिय प्रतिवेदनका सम्बन्धमा थप सूचनाजानकारी माग गरिन्छ । यसरी समितिबाट लिस्ट अफ इस्युज प्राप्त भएपछि सरकारले प्लेनरी बैठकभन्दा सामान्यतयाः १ वा २ महिनाभित्र प्रत्येक बुँदाको **लिखित विवरण/प्रतिवेदन (Written replies)**समितिमा पेश गर्नुपर्दछ ।

त्यसपछि बालअधिकार समितिले **प्लेनरी सत्र (Plenary session)**को खुल्ला बैठकमा सरकारी प्रतिनिधिमण्डलसँग छलफल एवं अन्तर्क्रिया गरी समीक्षा गर्दछ । प्लेनरी बैठकमा राज्यपक्षका तर्फबाट सकेसम्म उच्चस्तरीय पदाधिकारीहरू समावेश गरिदेऊन् भनेर बालअधिकार समितिले सम्बन्धित देशलाई आग्रह गर्दछ । र, समितिका सदस्यहरूले सरकारी प्रतिनिधिसँग देशमा बालअधिकारको स्थिति बुझ्ने तथा बालअधिकारसम्बन्धी महासन्धिका सिद्धान्त एवं प्रावधानहरूको कार्यान्वयन बारे भएका प्रगति तथा सामना गरिएका चुनौतीहरू बारे जानकारी लिने उद्देश्यले प्रश्नहरू सोध्ने गर्दछन् । साथै, बालबालिकाका हकअधिकार सुनिश्चित गर्न आगामी दिनमा अवलम्बन गरिनुपर्ने उपायहरूबारे पनि प्लेनरी बैठकमा अन्तर्क्रियात्मक छलफल गरिन्छ ।

### राष्ट्रिय प्रतिवेदनको प्रस्तुति र समीक्षा

राज्यपक्षका प्रतिवेदन समितिको खुल्ला तथा सार्वजनिक बैठकमा छलफल गरिन्छ, जहाँ राज्यपक्षका प्रतिनिधिहरू तथा समितिका सदस्यहरू दुवै तर्फबाट विचार आदानप्रदान गरिन्छ । सामान्यतयाः बैठकमा संयुक्त राष्ट्रसंघका सम्बन्धित निकायहरूको पनि प्रतिनिधित्व हुन्छ । बैठकको सारांश अभिलेख तयार गरिन्छ र समितिको तर्फबाट निकालिने प्रेस विज्ञप्तिको प्रयोजनका लागि संयुक्त राष्ट्रसंघको सार्वजनिक सूचना विभागलाई बैठकको प्रोसिडिङ् तयार गर्न बोलाइन्छ । बैठकमा पत्रकार, गैर सरकारी संस्थाका प्रतिनिधि तथा अन्य इच्छुक व्यक्तिहरू उपस्थित हुन सक्दछन् (विस्तृत जानकारीका लागि Implementation Handbook for the Convention on the Rights of the Child, United Nations Children's Fund, 2002, पे.६३० हेर्नुहोस् ।

प्लेनरी बैठक सकिए पछि बैठकमा भएका छलफलका मुख्य बुँदाहरू, राष्ट्रिय प्रतिवेदनमा विस्तृत अध्ययन/समीक्षा गर्दा पाइएका उल्लेख्य पक्ष तथा सरोकारका सवालहरू र फलोअप गरिनुपर्ने विषयहरू समेत समावेश गरी बालअधिकार समितिले **समापन टिप्पणी** (Concluding Observations) तयार गरी सम्बन्धित राज्यपक्षलाई पठाउँदछ । सामान्यतयाः प्लेनरी बैठक सकिएको २ वा ३ हप्ताको समयावधिमा सम्बन्धित देशले समापन टिप्पणी प्राप्त गर्दछ । समापन टिप्पणीमा उठाएका बुँदाहरूलाई विस्तृत कार्ययोजना बनाई कार्यान्वयन गर्नु तथा अर्को चरणको राष्ट्रिय प्रतिवेदनमा ती बुँदाहरूमा हासिल गरिएको प्रगतिलाई उल्लेख गर्नु सम्बन्धित राज्यपक्षको दायित्व हो ।

**समापन टिप्पणी (Concluding Observations)**

बालअधिकार समितिले अवलम्बन गरेको प्रक्रिया अनुरूप राज्यपक्षबाट प्राप्त राष्ट्रिय प्रतिवेदन माथिको समीक्षा/सुनुवाइ पछि सम्बन्धित देशलाई समितिको तर्फबाट पठाइने अन्तिम निष्कर्ष र सुझावहरूलाई 'समापन टिप्पणी' (Concluding Observations) भनिन्छ । यसरी प्रतिवेदनमाथि सुनुवाइ गर्दा तथा अन्तिम निष्कर्ष र सुझावहरू तयार गर्दा समितिले राज्यपक्षले पठाएका राष्ट्रिय प्रतिवेदनहरू, गैर सरकारी संस्था (हरू) (र/वा तिनका सञ्जाल), मानवअधिकार सङ्गठनहरू तथा संयुक्त राष्ट्रसंघीय निकाय (जस्तै युनिसेफ, अन्तर्राष्ट्रिय श्रम सङ्गठन-आइएलओ) का रिपोर्टहरू अनि प्रतिवेदनको समीक्षा/सुनुवाइका सन्दर्भमा राज्यपक्षका प्रतिनिधिसँग भएका अन्तर्क्रिया/छलफल वा सवाल जवाफहरूलाई आधार बनाउँदछ ।

## ५. बालअधिकार प्रतिवेदनका सम्बन्धमा गैरसरकारी संस्था(हरू) को भूमिका

बालअधिकार समितिमा पेश गरिने प्रतिवेदन (राष्ट्रिय तथा पूरक समेत)का सम्बन्धमा गैर सरकारी संस्था(हरू)को भूमिका देहायअनुसार हुनसक्दछ :

- राज्य पक्षका हैसियतमा सरकारलाई प्रारम्भिक वा आवधिक प्रतिवेदन पेश गर्ने दायित्व पूरा गर्नका लागि घच्घच्याउने रसम्बन्धित निकायसँग पैरवी गर्ने,

- बालअधिकार समितिलाई गैर सरकारी संस्था(हरू)को तर्फबाट पूरक प्रतिवेदन पेश गर्ने,
- राष्ट्रिय प्रतिवेदन तथा गैर सरकारी संस्था(हरू)को तर्फबाट पेश गरिने पूरक प्रतिवेदनमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न र/वा बालबालिकाको तर्फबाट अलग्गै पूरक प्रतिवेदन पेश गर्न बालबालिकालाई सहजीकरण गर्ने,
- पूर्व-सत्र कार्यसमूहको बैठकमा भाग लिनको लागि आमन्त्रण प्राप्त गर्ने र बैठकमा लिखित तथा मौखिक सूचनाजानकारी प्रस्तुत गर्ने,
- समितिको समापन टिप्पणीमा समावेश भएका सुझाव तथा सिफारिसहरूलाई कार्यान्वयन गर्न सरकारका सम्बन्धित निकायसँग सहकार्य गर्ने र आवश्यकता अनुसार पैरवी गर्ने,
- समापन टिप्पणीमा समावेश भएका सुझाव तथा सिफारिसहरू तथा त्यस अनुरूप भएका कामहरूको नियमित रूपमा तुलनात्मक अध्ययन गर्दै प्रगति विवरण तयार गर्ने र सोही अनुसार पहलहरू चाल्न सरकारलाई घच्घच्याउँदै एवं बालअधिकारको स्थिति सुधार्न सहकार्य गर्ने ।

## ६. बालअधिकारसम्बन्धी महासन्धि र यसका इच्छाधीन आलेखहरूमा नेपालका गैर सरकारी संस्था तथा बालबालिकाका तर्फबाट पेश भएका केही पूरक प्रतिवेदनहरू

बालअधिकारसम्बन्धी महासन्धि तथा यसका दुईवटा इच्छाधीन आलेखहरूको नेपालले हालसम्म कुल पाँचवटा राष्ट्रिय प्रतिवेदनहरू[38]

38. नेपालले ४ अक्टोबर १९९५ मा बालअधिकारसम्बन्धी महासन्धिको प्रारम्भिक प्रतिवेदन पेश गरेको थियो र त्यसमा २९ र ३० मे १९९६ मा छलफल भएको थियो । त्यसपश्चात पहिलो र दोस्रो आवधिक प्रतिवेदन ४ मार्च २००३ मा नेपालको तर्फबाट पेश भई ३० मे २००५ मा छलफल गरिएको थियो भने ११ अक्टोबर २०१२ मा बुझाइएको तेस्रो, चौथो र पाँचौ संयुक्त आवधिक प्रतिवेदनमा छलफल हुन बाँकी नै छ । त्यसैगरी, बालबालिकाको बेचबिखन, वेश्यावृत्ति तथा अश्लील चित्रण सम्बन्धी बालअधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेखको प्रारम्भिक प्रतिवेदन नेपालले १२ मे २००९ मा बुझाएको थियो र त्यसमा ४ जून २०१२ मा छलफल गरिएको थियो । साथै बालबालिको सशस्त्र द्वन्द्वमा प्रयोगसम्बन्धी बालअधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेखको प्रारम्भिक प्रतिवेदन नेपालले १५ अक्टोबर २०१२ मा बुझाइसकेको छ, जसमा छलफल हुन बाँकी नै छ ।

बालअधिकार समितिलाई बुझाइसकेको छ र तीमध्ये तीनवटामा समितिद्वारा समापन टिप्पणीहरू पनि पठाइसकिएको छ । यी सबै राष्ट्रिय प्रतिवेदनहरू माथि नेपालका गैर सरकारी संस्थाहरूका तर्फबाट पूरक प्रतिवेदन पेश भएको पाइन्छ, जुन देहाय अनुसार रहेका छन् :

### ६.१ *बालअधिकारसम्बन्धी महासन्धि, १९८९को नेपालको प्रारम्भिक प्रतिवेदन*

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को नेपालको प्रारम्भिक प्रतिवेदन (सन् १९९५ अक्टोबर ४) मा 'कन्सर्न फर चिल्ड्रेन एण्ड इन्भारोमेन्ट नेपाल'को तर्फबाट सन् १९९६ मा पाँच पृष्ठ लामो टिप्पणीमूलक प्रतिवेदन बालअधिकार समितिमा पेश भएको थियो ।'[39]

### ६.२ *बालअधिकारसम्बन्धी महासन्धि, १९८९को नेपालको पहिलो तथा दोस्रो संयुक्त आवधिक प्रतिवेदन*

नेपालको पहिलो तथा दोस्रो संयुक्त आवधिक राष्ट्रिय प्रतिवेदन (सन् २००४ मार्च ४) मा **नेशनल एलाएन्स अफ चाइल्ड राइट्स अर्गनाइजेसन्स् (National Alliance of Child Rights Organizations-NACRO)** को तर्फबाट पूरक प्रतिवेदन पेश भएको थियो । यो सञ्जालमा बालअधिकारको क्षेत्रमा कार्यरत ११ वटा संस्थाहरू आवद्ध थिए[40]। त्यस्तै उक्त प्रतिवेदनमा सिविन नेपालको तर्फबाट समेत केही पृष्ठको सूचनाजानकारी बालअधिकार समितिमा पेश भएको थियो ।

नेशनल एलाएन्स अफ चाइल्ड राइट्स अर्गनाइजेसन्स्का तर्फबाट पेश गरिएको पूरक प्रतिवेदनमा बालअधिकारसम्बन्धी महासन्धिको राष्ट्रिय प्रतिवेदनको खाका अन्तर्गतका सबै क्षेत्रहरू : १) कार्यान्वयनका सामान्य उपायहरू, २) सामान्य सिद्धान्त, ३)

39. CRC Alternative Report, 2002, National Alliance of Child Rights Organizations, p.7

40. The then Board Members include- 1) Concern for Children and Environment-Nepal (CONCERN), 2) Yuba Samaj Nepal (YSN), 3) Social Awareness for Education (SAFE), 4) PEACEWIN, 5) Dalit Welfare Organization (DWO), 6) Child Protection Center (CPC) and 7) Human Rights Protection Center (HRPC)

नागरिक अधिकार र स्वतन्त्रता, ४) पारिवारिक वातावरण तथा वैकल्पिक हेरचाह, ५) आधारभूत स्वास्थ्य र कल्याण, ६) शिक्षा, मनोरञ्जन र सांस्कृतिक क्रियाकलापहरू, तथा ७) विशेष संरक्षणका उपायहरूमा बालबालिकाका उल्लेखनीय सवालहरूलाई समेट्दै तत्कालीन अवस्थाको चित्रण गरिएको थियो ।

### ६.३ *बालअधिकारसम्बन्धी महासन्धि, १९८९को नेपालको तेस्रो, चौथो र पाँचौं संयुक्त आवधिक प्रतिवेदन*[41]

नेपालको तेस्रो, चौथो तथा पाँचौं संयुक्त आवधिक राष्ट्रिय प्रतिवेदन (सन् २०१२ अक्टोवर ११) मा नेपालमा बालअधिकारको क्षेत्रमा कार्यरत संस्थाहरूको सातवटा सञ्जालहरू सम्मिलित CRC Reporting Coalition Nepal[42] को तर्फबाट पूरक प्रतिवेदन पेश भएको थियो ।उक्त पूरक प्रतिवेदनमा उल्लेखित केही सुझावहरू देहायअनुसार रहेका छन् :

- बालबालिका (अपाङ्गता भएका बालबालिकासमेत) सँग सम्बन्धित ऐनहरू संशोधन गरी नेपाल राज्यपक्ष भएको महासन्धिअनुरूप बनाउनुपर्ने,
- आधारभूत जीवनयापन, पोषण तथा स्वास्थ्य सेवाको प्रत्याभूति तथा लिङ्ग छनौटको आधारमा गरिने गर्भपतन विरूद्धको नियम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने,
- बालबालिकाको विचार अभिव्यक्तिको अधिकारलाई कानुनी रूपमा स्थापित गर्नुपर्ने तथा सबै बालबालिकाको जन्मदर्ता सुनिश्चित गर्नुपर्ने,
- सञ्चार माध्यमबाट उपयुक्त सूचनाको हकको सम्मान एवं प्रविधिको उपयुक्त प्रयोगसम्बन्धी आचारसंहिता लागू गराउनुपर्ने,
- वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको सङ्ख्या

---

41. यस सम्बन्धमा विस्तृत जानकारी तलको लि. http://tbinternet.ohchr.org/ Treaties/CRC/SitePages/ Home.aspx¿RootFolder=% 2FTreaties%2FCRC%2FShared% 20Documents% 2FNPL&FolderCTID= 0x0120000A79821EC72C0546866690AB0D3C2E1E& View={CD39DEAF-9DE9- 430A-AE37-97AA98487DB8}df kfpg ;Sg'x'G5 .

42. समितिमा ११ वटा बालकेन्द्रित राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहभागिता रहेको थियो ।

घटाउन पारिवारिक सुदृढीकरणका कार्यक्रमहरू लागू गर्नुपर्ने,

- बालबालिकालाई आवासीय बालगृहमा राख्दा आवश्यकता तथा उपयुक्तताको सिद्धान्तमा आधारित लेखाजोखा प्रणाली लागू गर्नुपर्ने एवं आवासीय बालगृहहरूको अनुगमन गरी तिनको गुणस्तरमा अभिवृद्धिका लागि आवश्यक पहलहरू चाल्नुपर्ने,
- अन्तर्देशीय धर्मपुत्र/धर्मपुत्री ग्रहणसम्बन्धी हेग महासन्धिलाई अनुमोदन गर्नुपर्ने एवं धर्मपुत्र/धर्मपुत्री ग्रहणको प्रक्रियालाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न प्रशिक्षित मानवस्रोत तयार गरी जिम्मेवारी दिनुपर्ने,
- सामाजिक संरक्षणका सबै कार्यक्रमहरूलाई बालकेन्द्रित एवं बालसंवेदी बनाई त्यसमा बालबालिकाको पहुँच सुनिश्चित गर्नुपर्ने,
- कानुनसँग विवादमा परेका बालबालिकालाई विभिन्न प्रकारका सामुदायिक सेवाहरू गर्न लगाई बालन्याय प्रणालीमा सुधार ल्याउने एवं पीडित तथा साक्षीको रूपमा कानुनको सम्पर्कमा आउने बालबालिकाको कानुनी संरक्षण गर्नुपर्ने, आदि ।

त्यसैगरी **चाईल्डरिच ईन्टरनेशनल तथा चाईल्डरिच नेपाल**ले पनि नेपालको तेस्रो, चौथो र पाँचौं संयुक्त प्रतिवेदनको पूरक प्रतिवेदन तयार गरी बालअधिकार समितिमा (सन् २०१४ को जूनमा) पेश गरेको थियो । यस प्रतिवेदनमा उल्लेख गरिएका केही सुझावहरू यसप्रकार रहेका छन् :

- बालबालिकासम्बन्धी ऐन, २०४८ को समयानुकूल संशोधन तथा धर्मपुत्र/धर्मपुत्रीसम्बन्धी नयाँ ऐन पारित गरी लागू गर्नुपर्ने,
- हिंसारहित वातावरणमा शिक्षण तथा सकारात्मक अनुशासन विधिहरू बारे शिक्षकहरूलाई तालिम प्रदान गर्नुपर्ने,
- बालबालिकाको वैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्दै बालबालिकाको निसंस्थाकरण गर्नुपर्ने,
- बालविवाहलाई कानुनले अपराधीकरण गरेको भएतापनि अझै यसको अभ्यास भइराखेको हुँदा त्यस्ता अभ्यासलाई रोक्ने प्रभावकारी कार्यक्रमहरूको तर्जुमा तथा कार्यान्वयन गर्नुपर्ने,

- बालबालिका विरूद्ध हुने सबै खालका हानिकारक परम्परागत अभ्यासहरूलाई प्रतिबन्ध लगाउने तथा तिनलाई अपराधीकरण गर्नुपर्ने,
- मानवबेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ व्यवस्था अनुरूप बालबालिकाको बेचबिखन रोकथाम गर्न प्रभावकारी कदम चाल्नुपर्ने तथा बेचबिखनबाट पीडित व्यक्तिहरूको पुनर्स्थापनाको व्यवस्था गर्नुपर्ने, आदि ।

***बालबालिकाको नेतृत्वमा तयार पारिएको प्रतिवेदन***

नेपालमै पहिलोपटक कन्सोर्टियम नेपालको अगुवाइमा बालबालिकाको नेतृत्वमा बालअधिकारसम्बन्धी महासन्धिको नेपालले पठाएको तेस्रो, चौथो र पाँचौ संयुक्त आवधिक प्रतिवेदनको बालबालिकाको तर्फबाट अलग्गै पूरक प्रतिवेदन सन् २०१४ मा तयार गरी चाईल्ड राईस्ट कनेक्ट मार्फत बालअधिकार समितिमा १ जुलाइ २०१४ मा बुझाइएको थियो । ४१ जिल्लाका ८९ बालबालिका प्रत्यक्ष रूपमा संलग्न भई तयार गरिएको यो प्रतिवेदन तयारीका क्रममा जिल्ला, क्षेत्रीय एवं राष्ट्रिय स्तरमा परामर्श कार्यशालाहरू सम्पन्न भएका थिए । प्रतिवेदन तयारीको प्रक्रियामा विभिन्न आर्थिक तथा सामाजिक पृष्ठभूमि, उमेर समूह, जाति, भाषा, धर्म समुदायबाट प्रतिनिधित्व गर्ने बालबालिकाको संलग्नता थियो । प्रतिवेदनका लागि विभिन्न सिर्जनात्मक माध्यमबाट बालबालिकाले आफ्नो स्थानीय समुदायमा बालअधिकारको स्थितिसम्बन्धी आफ्ना व्यक्तिगत तथा सामुहिक आवाज पेश गरेका थिए । र, तिनैमा समेटिएका सूचनाजानकारीलाई एकीकृत एवं विश्लेषण गर्दै बालमैत्री शैलीमा उक्त पूरक प्रतिवेदनको तयार गरिएको थियो ।

४२ पृष्ठको सो प्रतिवेदनमा बालदूर्व्यवहार, बालविवाह, बालबालिकाको बेचबिखन तथा ओसारपसार, यौनदूर्व्यवहार तथा यौनशोषण, लागूपदार्थ दूर्व्यसन, बालश्रम, सशस्त्र द्वन्द्व तथा प्राकृतिक प्रकोप, शारीरिक सजाय, शिक्षा, स्वास्थ्य सेवा तथा सुविधा, स्वास्थ्य शिक्षा तथा प्रारम्भिक उपचार, पिउने पानी, स्वच्छता तथा सरसफाइ, अपाङ्गता भएका बालबालिका, सडकमा आश्रित बालबालिका, पारिवारिक माया, हेरचाह तथा सहयोग, आमाबाबु वा परिवाविहीन बालबालिका, बालबालिकाको

विचार तथा भावनाको सम्मान तथा भेदभाव लगायतका सवालहरूको बारेमा बालबालिकाको बुझाइमा तिनको अवस्था कस्तो छ भन्ने उल्लेख गरिएको छ । प्रतिवेदनमा बालबालिकाले सिर्जनात्मक रूपमा तयार गरेका कथा, कविता, चित्र आदि पनि समेटिएको छ ।

### ६.४ *बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा अश्लील चित्रणविरूद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० को नेपालको प्रारम्भिक प्रतिवेदन*

बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति तथा अश्लील चित्रणविरूद्ध अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० को नेपालको प्रारम्भिक प्रतिवेदन (सन् २००९मे १२) मा **बालअधिकार उप-समिति, मानवअधिकार सन्धि अनुगमन समन्वय समिति**[43]को तर्फबाट पूरक प्रतिवेदन पेश भएको थियो ।

प्रतिवेदनमा खासगरी सरकारी प्रणालीमा बालबालिकाको बेचबिखन तथा बालयौनशोषण लगायतका क्षेत्रहरूमा खण्डीकृत तथ्याङ्क नभएको; कतिपय राष्ट्रिय कानुन बालअधिकारसम्बन्धी महासन्धिका प्रावधानसँग असङ्गत भएको; सरकारी निकाय तथा संयन्त्रहरूबीच समन्वयको अभाव भएको; पीडित तथा प्रभावित व्यक्तिहरूका लागि पुनर्स्थापना कार्यक्रम पर्याप्त नभएको; प्रहरीमा घटनाका सम्बन्धमा न्यून सङ्ख्यामा मात्र उजुरी पर्ने गरेको; तथा कानुन कार्यान्वयन गर्ने निकायका कर्मचारी वा अनुसन्धानकर्ता, अभियोजनकर्ता, न्यायालयका कर्मचारी अनि सम्बन्धित सरकारी निकायका कर्मचारीहरूलाई मानवबेचविखन, बालयौन दूर्व्यवहार र बालयौनशोषणविरूद्ध कार्य गर्न दक्षता अभिवृद्धि तालिम पर्याप्त नभएको जस्ता विषयहरूलाई उठाइएको छ । र, यिनै

---

42. जसमा-1) Child Nepal, 2) Concern Nepal, 3) CWIN, 4) CWISH, 5) Education Journalists Group, 6) Kathmandu School of Law, 7) Maiti Nepal, 8) Partnership Nepal, 9) Shakti Samuha, 10) Underprivileged Children Education Nepal, 11) Voice of Children गरी ११ वटा संस्थाहरू संलग्न थिए .

43. जसमा- 1) CRC Committee, Human Rights Treaty Monitoring Coordinaiton Centre, 2) Naitonal Calition for Children as Zones of Peace and Child Protection, 3) Consortium of Organizations Working for Child Participation, 4) National Alliance of Organizations Working for Street Children Nepal, 5) National Child Protection Alliance, 6) Child Care Homes Network Nepal, and 7) National Alliance of Child Rights Organizations संलग्न थिए ।

सवालहरूलाई प्रभावकारी रूपमा सम्बोधन गरियोस् भन्ने उद्देश्यले सिफारिसहरू प्रस्तुत गरिएको छ ।

### ६.५ सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगविरूद्ध अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० को नेपालको प्रारम्भिक प्रतिवेदन

सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग विरूद्ध अधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २००० को नेपालको प्रारम्भिक प्रतिवेदन (सन् २०१२अक्टोबर १५) मा नेपालमा बालअधिकारको विभिन्न क्षेत्रमा कार्यरत संस्थाहरूको सातवटा सञ्जालहरू[44] सम्मिलित CRC Reporting Coalition Nepal को तर्फबाट पूरक प्रतिवेदन पेश गरिएको थियो । उक्त प्रतिवेदन चाईल्ड राईट्स कनेक्टमार्फत सन् २०१४ जुलाई १ तारिखमा बालअधिकार समितिमा पेश भएको थियो । सो प्रतिवेदनमा उल्लेखित केही सुझावहरू यसप्रकार रहेका छन् :

- राज्यका सुरक्षा बलमा भर्ना हुने बेलामा उमेरको प्रमाणीकरण गर्ने आधार तय गर्नका लागि बालबालिकाको जन्मदर्ता गर्ने कार्यलाई सुदृढ तुल्याउन लगानी गर्नुपर्ने,
- सशस्त्र समूहहरूमा बालबालिकाको प्रयोग हुनबाट उनीहरूलाई जोगाउन सरकारले आवश्यक कदम चाल्नुपर्ने,
- केन्द्रीय बालकल्याण समितिलाई राष्ट्रिय बालअधिकार समन्वय तथा अनुगमन निकायको रूपमा विस्तार गरी अन्तर-मन्त्रालय स्तरीय समन्वय संयन्त्रहरू सृदृढ गर्नुपर्ने,
- बालसंरक्षणसँग सम्बन्धित रोकथामूलक तथा उपचारात्मक कार्यहरूको प्रभावकारी कार्यान्वयन गर्ने महिला तथा बालबालिका विभाग, केन्द्रीय बालकल्याण समिति, महिला तथा बालबालिका कार्यालय साथै जिल्ला बालकल्याण समितिका भूमिका तथा कार्यहरू प्रष्ट्याउनुपर्ने,

44. जसमा– 1) CRC Committee, Human Rights Treaty Monitoring Coordinaiton Centre, 2) Naitonal Calition for Children as Zones of Peace and Child Protection, 3) Consortium of Organizations Working for Child Participation, 4) National Alliance of Organizations Working for Street Children Nepal, 5) National Child Protection Alliance, 6) Child Care Homes Network Nepal, and 7) National Alliance of Child Rights Organizations संलग्न थिए ।

- राष्ट्रिय मानवअधिकार आयोगले दिएका सुझावहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि सरकारीतहमा एक संयन्त्रको विकास गर्नुपर्ने,
- सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकासम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयन गर्न पर्याप्त स्रोतको विनियोजन गर्नुपर्ने,
- राष्ट्रिय मानवअधिकार आयोगलाई सबल तथा स्वतन्त्र बनाई दण्डहीनताको संस्कृतिलाई सम्बोधन गर्न तथा द्वन्द्वकाल एवं द्वन्द्वपश्चात भएका अधिकार हननका मुद्दाहरूलाई प्रभावकारी रूपमा सत्यतथ्य छानवीन गर्नुपर्ने, आदि ।

## ७. उपसंहार

बालअधिकार कार्यान्वयनको अवस्था अनुगमनको उद्देश्य बालअधिकारको अवस्था विश्लेषण गर्नु र संयुक्त राष्ट्रसंघीय सन्धि अनुगमन निकाय (बालअधिकार समिति) मा प्रतिवेदन पेश गर्नु मात्र पक्कै होइन । बरू यस्ता खालका अनुगमन तथा अवस्था विश्लेषणले आगामी दिनहरूमा बालअधिकार कार्यान्वयनलाई दिशानिर्देश गर्न भूमिका निर्वाह गर्नुपर्दछ । त्यस्तैगरी, बालअधिकार अनुगमनको दायित्व केबल राज्यको मात्रै रहन्छ भन्ने कुरालाई बालअधिकार समितिले बदल्न खोजेको देखिन्छ । बालअधिकार समितिले राज्यपक्षको राष्ट्रिय प्रतिवेदनको साथै अन्य सक्षम संस्थाबाट समेत पूरक प्रतिवेदनहरू ग्रहण गर्दछ । यसले राज्यभन्दा बाहेक अन्य संरचना जस्तै गैर सरकारी संस्थाहरू एवं बालबालिका समेतको निरन्तर अनुगमन गर्ने जिम्मेवारीतर्फ इङ्गित गर्दछ । र, नेपालको तर्फबाट पठाइएका हरेक प्रारम्भिक अनि आवधिक प्रतिवेदनहरूमा पूरक प्रतिवेदनहरू पनि पठाइनुले नेपालमा सरकार बाहेकका अन्य संरचनाले पनि बालअधिकारको अनुगमनमा सक्रिय भूमिका निभाउँदै आएका छन् भन्ने दर्शाउँदछ । आगामी दिनहरूमा समेत राज्यपक्ष तथा राज्यपक्ष बाहेका संरचनाहरू मिली बालअधिकारको कार्यान्वयन साथै अनुगमनमा सशक्त भूमिका निभाई कार्यक्रमहरू गर्न सकेमा बालअधिकारको प्रत्याभूति गर्न सकिन्छ ।

*(लेखक कन्सोर्टियम-नेपालका सल्लाहकार एवम बालअधिकारकर्मी हुनुहुन्छ)*

❑❑❑

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 51



# बालअधिकार : यात्रा स्मरण



ज्ञानेन्द्रकुमार श्रेष्ठ

## १. सुरुवात :

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि १९८९ लाई सन् १९९० को सेप्टेम्बर १४ का दिन नेपाल सरकारले अनुमोदन गरिसकेको थियो । सन् १९९१ तिर सिविनले बालअधिकारको बारेमा गोथे इन्स्टिच्युट, खिचापोखरीमा जानकारीमूलक कार्यक्रमको आयोजना गरेको सम्झना गर्दछु । तर सो दिन बालअधिकारको विषयमा के-के कुराहरू भए सो दिनपछि खासै याद भएन । सन् १९९३ तिर राष्ट्रिय योजना आयोगमा बालबालिका शाखा स्थापना भयो र मलाई उक्त शाखाबाट बालबालिकासम्बन्धी काम गर्ने अवसर प्राप्त भयो ।

सन् १९९३ को अन्तिम र १९९४ को सुरूतिर राष्ट्रिय योजना आयोगबाट बालअधिकारसम्बन्धी महासन्धिको प्रावधान अनुसार नेपालको प्रारम्भिक प्रतिवेदन तयार गर्नपर्ने जानकारी गराउँदै विज्ञ नियुक्त गरी प्रतिवेदन तयारी कार्यको थालनी गर्न राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य डा. बालगोपाल वैद्यज्यूले निर्देशन दिनुभयो । अध्ययन एवम् लेखनतर्फ रूचि भएकाले मैले नै नेपालको बालअधिकारसम्बन्धी राष्ट्रिय प्रतिवेदन तयार गर्ने विचार व्यक्त गरेपछि उहाँले सहमति दिनुभयो । त्यसपछि, संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धिसम्बन्धी जानकारीमूलक सामग्री युनिसेफबाट प्राप्त गरी सम्बन्धित सूचना तथा तथ्याङ्क सङ्कलन गर्दै राष्ट्रिय प्रतिवेदन तयारीको कार्यमा म जुटेँ ।

## २. बालअधिकारको यात्रा :

त्यसबेला, अहिलेको जस्तो इन्टरनेट, इमेलको सुविधा थिएन । कम्प्युटर शाखाको व्यवस्था थियो । तर व्यक्ति-व्यक्तिलाई कम्प्युटरको छुट्टै सुविधा

थिएन त्यसैले प्रतिवेदन तयारीसम्बन्धी कार्य आफैँले उक्त शाखामा गएर गर्ने गर्दथे । अहिले जस्तो बैठक, गोष्ठीको आयोजना गर्ने कार्य पातलो नै थियो । यो कार्य थालेको करिब छ सात महिनासम्ममा नेपालको बालअधिकारसम्बन्धी प्रारम्भिक प्रतिवेदन राष्ट्रिय योजना आयोगको तर्फबाट मैले तयार गरिरहेको कुरा युनिसेफ, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरूमा जानकारी भइसकेको थियो । यस्तै समयतिर युनिसेफले केही अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरूको प्रतिनिधि सहितको छलफल कार्यक्रम युनिसेफमा आयोजना गरेको थियो । सो कार्यक्रममा सरकारको तर्फबाट बालअधिकारसम्बन्धी राष्ट्रिय प्रतिवेदन तयार गर्दै गरेकोमा मलाई प्रक्रियागत र विषयगत जानकारी गराइदिन अनुरोध गरे अनुसार उक्त छलफलमा म पनि सहभागी भएको थिएँ । सो कार्यक्रममा देशमा भएको राजनीतिक परिवर्तन, बालअधिकारको महत्व, राष्ट्रिय प्रतिवेदन तयारीमा सरकारको दायित्वल गायतको विषयमा गहन छलफल भएको थियो । सोही समयमा गौरी प्रधान र गोपाल सिवाकोटी 'चिन्तन' ले सरकारको तर्फबाट तयार गरिने राष्ट्रिय प्रतिवेदनमा सत्यतथ्य सूचनाहरू लुकाइने गरेको बताउनु हुँदै विगतमा संयुक्त राष्ट्रसंघले नेपालको कुनै एउटा प्रतिवेदन (विषय सम्झना भएन) पुनर्लेखनका लागि फर्काइदिएको जानकारी गराउनु भयो र बालअधिकारसम्बन्धी राष्ट्रिय प्रतिवेदनको वैकल्पिक प्रतिवेदन गैर सरकारी संस्थाहरूको तर्फबाट तयार पार्ने विचार राख्नुभएको थियो । यस विषयमा मैले देशमा राजनीतिक परिवर्तन स्वरूप सरकार भित्र कर्मचारीतन्त्रमा कार्य गर्ने शैलीमा पनि सकारात्मक सुधार भइरहेको अवस्थामा तयारी क्रममा रहेको प्रतिवेदनलाई सरकारी भन्दा पनि राष्ट्रिय प्रतिवेदनको रूपमा तयार हुने र सो बुझी दिन अनुरोध गरेको थिएँ । साथै, बालअधिकारको विषयमा गैर सरकारी संस्था तथा नागरिक समाजसँग उपलब्ध भएका राष्ट्रिय प्रतिवेदनमा समायोजन गर्नुपर्ने र गर्न सकिने जुन कुनै पनि सूचना तथा तथ्याङ्क उपलब्ध गराई सहयोग गर्न समेत अनुरोध गरेँ । यस अतिरिक्त, उहाँहरूले उपलब्ध गराएका राष्ट्रिय प्रतिवेदनमा समावेश गर्नुपर्ने कुनै पनि सत्यतथ्यहरू राजनीतिक पूर्वाग्रहको निरन्तरता स्वरूप मलाई प्रतिवेदनमा समावेश गर्न बाधा अड्चन आइपरेको अवस्थामा बरू सोको जानकारी गैरसरकार संस्थाका प्रतिनिधिहरूलाई मात्र दिने र सो पश्चात् गैर सरकारी तर्फबाट वैकल्पिक प्रतिवेदन तयारीमा लाग्ने छलफल र मञ्जुर भएको थियो । मलाई सम्झना छ त्यस बैठक वा कार्यक्रममा

युनिसेफ तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको तर्फबाट खासै थप कुराहरू आएन । त्यसपछि उक्त प्रतिवेदनको तयारीमा म गहनरूपमा लागेको थिएँ । प्रतिवेदनको प्रथम मस्यौदा तयारीको क्रममा बेलाबखत गैर सरकारी संस्थाहरूको कार्यक्रममा उक्त प्रतिवेदन बारेको जानकारीका लागि मलाई सहभागी हुने अवसर प्राप्त हुन्थ्यो । करिब प्रतिवेदनको प्रथम मस्यौदा तयारी भएको समयमा स्टाफ कलेजमा ६० वटाभन्दा बढी गैर सरकारी संस्थाहरूको भेलामा पनि प्रतिवेदनको बारेमा प्रस्तुति र छलफल भएको थियो । उक्त कार्यक्रम बारे राष्ट्रिय योजना आयोगका तत्कालीन सदस्य डा. बालगोपाल वैद्यज्यूसँग छलफल भएपछि सो प्रतिवेदनलाई अन्तिम रूप दिन कानुन सुधार आयोगका तत्कालीन सदस्य-सचिव श्री तीर्थमान शाक्यको संयोजकत्वमा म लगायत गौरी प्रधान, गोपाल सिवाकोटी 'चिन्तन' र शरद शर्माको संयुक्त समूहबाट राष्ट्रिय प्रतिवेदनलाई सुधार गर्ने कार्यमा लागेका थियौं । यसै कार्यमा सिविनको तर्फबाट तारक धिताल र हिम राइट्सको तर्फबाट गोपाल कृष्ण सिवाकोटी, यसैगरी बालबालिकाको प्रतिनिधित्व गर्दै आस्था तुलाधर र अशोक लामा (तामाङ) को योगदान प्रतिवेदनका लागि महत्वपूर्ण थियो ।

## ३. राष्ट्रियस्तरको योजना तथा कार्ययोजना तयारीमा बाल सहभागिता :

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि १९८९ अनुसार नेपालको प्रारम्भिक प्रतिवेदन तयारीको समयावधिमा बालअधिकार बारेको विभिन्न कार्यक्रमहरूमा (खासगरी काठमाडौँमा) बालबालिकाबीच भएका छलफलबाट बालबालिकासँग सम्बन्धित नीति, योजना तथा कार्यक्रम तर्जुमा प्रक्रियामा उनीहरूसँग नै छलफल गरी सुझाव सङ्कलन गर्दा महत्वपूर्ण जानकारी आउने कुरामा म विश्वस्त भइसकेको थिएँ । यसै अनुभवको आधारमा नेपालको नवौं योजना (सन् १९९७-२००२) को तयारीको क्रममा बालबालिकाको भावना तथा सुझाव संकलनार्थ सन् १९९६ मा बालबालिकाको ठूलो भेलाको आयोजना त्रिपुरेश्वरको होटल ब्लुस्टारमा गरिएको थियो । यो भेला नै राष्ट्रिय योजना तयारीको क्रममा बालबालिकाको सहभागिता गराइएको पहिलो ठूलो कार्यक्रम रहेको थियो । यो कार्यक्रमको सुझावहरू नवौं योजनाको बालबालिकासम्बन्धी उप-अध्यायमा समावेश गरियो ।

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 54



यसपछिका प्रत्येक राष्ट्रिय आवधिक योजनाको तयारीमा बालबालिकाको सहभागितालाई महत्व दिंदै आएको पाइन्छ । चौथो विश्व महिला सम्मेलन (सेप्टेम्बर, १९९५) बाट पारित दस्तावेजको आधारमा नेपालमा महिला विकास तथा सशक्तीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना (सायद १९९६ मा नै हुनुपर्छ) तयार गरिएको थियो । सोको तयारी क्रममा पनि बालबालिकाको सहभागिता र सुझावलाई महत्वपूर्ण स्थान दिइएको थियो । यो समयतिर बालबालिकाको समूह, बालक्लब स्थापनाको कार्य अगाडि बढी सकेको थियो ।

बालबालिकासम्बन्धी दोस्रो राष्ट्रिय कार्ययोजना तयारीका लागि मुख्य परामर्शदाताको रूपमा भूमिका निर्वाह गर्ने अवसर केन्द्रीय बालकल्याण समिति र युनिसेफको तर्फबाट प्राप्त भयो । जम्मा छ महिनाको अवधिमा उक्त कार्ययोजना तयार गर्न सफल भयौं । कार्ययोजना तयारी क्रममा (अक्टोबर २००३-मार्च २००४ बीच) गठन गरिएको विषयगत समूह र क्षेत्रीय कार्यशाला गोष्ठीहरूमा बालबालिकाको सहभागितालाई गहन रूपमा समाहित गरिएको थियो । तयारीको क्रममा सहभागीहरूको उमेरको हिसाबले आठ वर्षको बालकदेखि ८१ वर्षसम्मका प्रा.डा. त्रैलोक्यनाथ उप्रेती हुनुहुन्थ्यो । सम्पूर्ण कार्यशालाहरूको कुल सहभागितामध्ये करिब ४० प्रतिशत बालबालिकाको थियो । उक्त कार्यमा सहभागिता भएका तत्कालीन बालबालिका लगायत सो समय सम्मका बालअधिकारको विषयमा बालबालिकाको प्रतिनिधित्व गर्दै सक्रिय योगदान गर्ने तत्कालीन बालबालिका आजको समयमा कुन-कुन क्षेत्रमा लागेका छन् र बालअधिकारको सवालमा के कस्तो योगदान दिंदै छन् भन्ने विषयमा अध्ययन नै गर्नु पर्ला जस्तो पनि लाग्दछ । त्यो बेला बालविकास तथा अधिकारसम्बन्धी कार्यक्रमहरूमा नजिकबाट छलफल गरिएका अधिकांश बालबालिकाको नाम त याद छैन तर काठमाडौंका दर्जनौं तत्कालीन बालबालिकामध्ये आस्था तुलाधर, अशोक लामा, संजोग ठकुरी, आत्माराम न्यौपानेलगायत केही भाइबहिनीहरूको ताजा झझल्को आइरहन्छ भने विराटनगरको भेलामा भेट भएका तेह्रथुमका विजय र मोरङ जिल्ला बालकल्याण समितिको सदस्यको रूपमा रहेकी बहिनी (नाम सम्झना भएन) तथा नेपालगञ्जमा भेट भएका भाइबहिनीहरूमध्ये विजय मगर (जसलाई बैंककमा आयोजना भएको बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय भेलामा समेत भेट भएको) भाइ लगायतका तत्कालीन बालबालिकाको सम्झनामा आइरहन्छ ।

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 55



नेपालको मानव अधिकारसम्बन्धी दश वर्षे कार्ययोजना तयारीको क्रममा आयोजना गरिएको राष्ट्रिय भेलामा समेत बालबालिकाको प्रतिनिधित्व गरी उनीहरूको विचार र सुझाव लिई कार्ययोजनामा समावेश गरिएको र सो भेलामा आत्माराम न्यौपाने भाइले सक्रिय भूमिका निर्वाह गरी अन्य उच्च ओहोदाका सहभागीहरूलाई गहन छाप पारेको घटना स्पष्ट याद छ। यसैगरी बालअधिकारको विषयमा हुने राष्ट्रिय र अन्तर्राष्ट्रिय सभा तथा कार्यक्रमहरूमा नेपाली बालबालिकाको निरन्तर सहभागिता सराहनीय लागेको छ।

अन्तर्राष्ट्रिय स्तरको सभा सम्मेलनमा भाग लिने क्रममा स्वीट्जरल्यान्डको जेनेभास्थित बालअधिकार समितिमा नेपालको प्रारम्भिक प्रतिवेदनको प्रस्तुति र छलफल (सन् १९९५) कार्यक्रममा आस्था तुलाधरको सहभागिता र बालअधिकारसम्बन्धी थाइल्यान्डको बैंककमा आयोजना भएको (सायद सन् २००२ तिर) क्षेत्रीय सम्मेलनमा नेपालगञ्जका भाइको सहभागिता/योगदान, यसैगरी सन् २००२ मा संयुक्त राष्ट्रसंघको बालबालिकासम्बन्धी साधारण सभामा संजोग ठकुरी लगायत नेपाली बालबालिकाले भाग लिएको र योगदान गरेको कुरा मेरो दिमागमा बारम्बार आउँछ।

## ४. बालअधिकार यात्रा क्रमका स्मरणीय पलहरू :

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि १९८९ अनुसार नेपालको प्रारम्भिक प्रतिवेदन तयारीको कार्यमूलतः सन् १९९४ मा सम्पन्न भयो। यो प्रतिवेदनका लागि जेजति मिहिनेत गरियो यसले मेरो क्षमता विकासमा निकै योगदान पुगेको छ भने यस कार्यमा गहनतम् रूपमा लागेको हिसाबले राष्ट्रिय योजना आयोग, जिल्ला विकास समिति महासंघ, युनिसेफ, अन्तर्राष्ट्रिय गैर सरकारी संस्था लगायत बालबालिका सम्बन्धी विषयमा कार्यरत गैर सरकारी संस्थाहरूले आयोजना गरेका स्वदेशी तथा विदेशी स्तरमा आयोजना भएका विभिन्न तालिम तथा गोष्ठीमा भाग लिने तथा सहजीकरण गर्ने अवसर पाएँ। यसबाट आफूमा भएको अनुभव अरूलाई जानकारी दिने र आफ्नो क्षमता विकासमा थप आयाम जोड्न पाएँ।

मानव अधिकारको दश वर्षे कार्ययोजनालाई अन्तिम रूप दिन होटल याक एन्ड यतिमा आयोजित (सायद सन् २००२ मा) ठूलो कार्यशालामा

आत्माराम न्यौपानेले मानव अधिकार र बालअधिकारको बारेमा उठाएका सवालहरू, पुल्चोकस्थित याक प्यालेसमा संजोग ठकुरीले (वर्ष सम्झन सकिन, तर संजोग ठकुरी सो वर्ष कक्षा ८ मा अध्ययनरत थिए) संविधानमा बालअधिकारको सवाल समावेश गर्नुपर्ने विषयमा उठाएका जिज्ञासाहरू र बालबालिकासम्बन्धी १० वर्षे कार्ययोजनाको तयारी क्रममा विराटनगरमा आयोजित पूर्वाञ्चल क्षेत्रीयस्तरीय कार्यशालामा तेह्रथुमका विजयले बालबालिकाको सवालमा उठाएका विचारहरू (स्पष्ट प्रश्नहरू अहिले सम्झिन गाह्रो भयो) र उनीहरूले प्रस्तुत गरिरहँदाको अवस्था निकै सम्झन्छु र ती कलिला बालबालिकाले छिप्पिएका कुरा गहन रूपमा कसरी बुझे र भन्न सके भन्ने कुरा आज पनि मलाई लागिरहन्छ ।

## ५. बालअधिकार यात्राका वर्तमान पाइलाहरू :

राष्ट्रिय योजना आयोगमा कर्मचारीको रूपमा रहेको २१ वर्ष (२०४५-२०६६ सालसम्म) को अवधिमा बालअधिकारको विषयका खासगरी राष्ट्रिय प्रतिवेदन, देशको आवधिक योजना, कार्ययोजना, कार्यक्रम, समन्वय, संजाल, अनुगमन, अध्ययन, तालिम, सहजीकरण आदि विषयहरूमा जीवनका सक्रिय र दह्रिला पाइलाहरू चाल्ने र चलाउने अवसर पाइयो र मेरो सोच र क्षमताले भ्यायसम्म मेरा पाइलाहरू अघि सरे र सारेँ । सन् २०१० को सुरूका समयदेखि २०११ को अप्रिल महिना समयसम्म सेभ द चिल्ड्रेन र तत्पश्चात् यूएनडीपी र डीएफआईडीको सहयोगमा राष्ट्रिय योजना आयोगमा सञ्चालित परियोजनामा सन् २०१४ को डिसेम्बरसम्म काम गरी सकेपछि बालअधिकार संरक्षण र सम्बर्द्धनमुखी काम गर्ने मेरो सोच अनुरूप केन्द्रीय बालकल्याण समितिमा काम गर्ने अवसर पाएको छु र बालअधिकारको सवालमा यहाँबाट के कति योगदान दिन सकिन्छ आफ्नो प्रयास जारी छ ।

## ६. अन्तमा मेरो भन्नु :

करिब साँढे दुई दशकको बालअधिकार सवालको यात्रामा राजनीतिक, आर्थिक र सामाजिक विधाहरूमा सरकारी, संयुक्त राष्ट्रसंघीय, अन्तर्राष्ट्रिय/राष्ट्रिय गैर सरकारी संस्था र स्वतन्त्र नागरिकको दृष्टिकोणबाट विविध उतार-चढाव बेहोरेँ । खुसीको कुरा यो समयावधिमा बालबालिकाको

सवाल सरकारी, गैर सरकारी तथा विकासका साझेदार, नागरिक समाज तथा विज्ञहरूको तप्काबाट निरन्तर अगाडि बढी रहेको पाएको छु ।

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धि १९८९ लाई नेपाल सरकारले अनुमोदन गरेपछि सुरूका वर्षहरूदेखि बालअधिकारको सवालमा पैरवी गर्ने, चेतना जागरण गर्ने, छलफल गर्ने तथा बालबालिकाको विकास तथा अधिकार एवम् संरक्षणका विषयहरू कानुनमा, नीतिमा, योजनामा, संस्थागत व्यवस्थामा, कार्यक्रममा, समन्वयमा, अनुगमनमा एवम् बालबालिकासँग सरोकार राख्ने कुनै पनि महत्वपूर्ण कार्यमा बालबालिकाको अर्थपूर्ण सहभागिताको सवालमा सरकारी, संयुक्त राष्ट्रसंघीय, अन्तर्राष्ट्रिय र राष्ट्रिय गैरसरकारी संस्था, नागरिक समाज, राजनीतिक नेता तथा कार्यकर्ता एवम् विज्ञहरू आ-आफ्नो संस्था/पद तथा जागिरको हैसियतले लागे । यस क्रममा धेरैको योगदान नेपालमा बालबालिकाको विकास तथा अधिकार संरक्षणमा अविस्मरणीय तथा महत्वपूर्ण रहेका छन् । तर केही व्यक्तित्वहरू पदीय तथा जागिरको अवधि पश्चात् पनि बालबालिकाको सवालमा संवेदनशील भएर मौका पाउने बित्तिकै आफ्नो योगदान गरिरहेका छन्- कोही मौका खोजी-खोजी योगदान गरिरहेका छन् । कसै-कसैका लागि बालबालिकाको विषयमा कार्य गर्ने बानी जस्तै भएको छ- आफ्नो प्रमुख काम नै बालबालिकाको विकास तथा संरक्षणमा लगाइरहेका छन् । यी सबैलाई मेरो सम्मानजनक अभिवादन छ ।

*(लेखक केन्द्रीय बालकल्याण समितिमा राष्ट्रिय कार्यक्रम सल्लाहकारका रूपमा कार्यरत हुनुहुन्छ)*

❑❑❑

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 58



# संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा आफ्ना कुरा राख्दा



**हिमा राई**

मेरो नाम हिमा राई हो । मेरो बुबाको नाम बसन्त राई र आमाको नाम संगीता राई हो । म अहिले कक्षा १२ मा अध्ययन गर्छु । मलाई नयाँ कुरा सिक्ने, नयाँ साथीहरू बनाउने, बिभिन्न ठाउँमा गएर अवलोकन गर्ने, अरूलाई सहयोग गर्ने, पढ्ने, नाच्ने, गाउने, नाटक गर्ने आदि जस्ता सिर्जनशील काम गर्न मन लाग्छ । त्यसका साथसाथै मलाई विभिन्न कार्यक्रममा सहभागिता जनाउन पनि धेरै मनपर्छ । यी मेरो रूचिहरूलाई समेट्दै अघि बढ्न मलाई बालक्लबले धेरै मद्दत गरेको हो । मैले बालक्लबको बाटो कक्षा ६ देखि नै सुरूवात गरेको थिएँ । म स्कुल स्तरीय बालक्लब (मित्र बालक्लब र नेपाल बालक्लब) मा आबद्ध भएर काम गर्दा मैले विभिन्न कुराहरू सिक्ने मौका पाएकी थिएँ । अरूको सामु आफ्नो विचार राख्ने, आफ्नो प्रतिभा प्रस्तुत गर्ने, विभिन्न कार्यक्रम गर्दा सबै साथीहरूसँग समन्वय गर्ने, सहयोग गर्ने र भित्तेपात्रो बनाउने जस्ता सीप र क्षमताहरू बालक्लबबाट विकास गर्ने मौका पाएँ । त्यस्तैगरी बालअधिकार, बालसहभागिता, बाल दुर्व्यवहार, बालसंरक्षण, आदि जस्ता जरूरी कुराहरूको ज्ञान पाउने मौका पनि बालक्लबले नै जुराई दिएको छ । त्यसैगरी काठमाडौँ जिल्ला स्तरीय बालक्लब सञ्जाल र उपत्यका स्तरीय बालक्लब सञ्जालमा रहेर पनि सक्रिय रहेँ ।

बालक्लबले प्रदान गरेको सुनौला तथा मेरो जीवनको अविस्मरणीय र विशेष अवसरको कुरा गर्दा, नेपालका बालबालिकाको प्रतिनिधित्व गरेर मैले जेनेभा, स्वीट्जरल्यान्डमा राष्ट्रसंघीय बालअधिकार महासन्धिलाई अनुमोदन गर्ने राज्य पक्षका रूपमा नेपालले पठाउने आवधिक प्रतिवेदन तथा छाया प्रतिवेदन राष्ट्रसंघीय बालअधिकार समितिमा बुझाउने प्रक्रियामा त्याहाँ जाने

मौका पाएकी थिएँ । ती आफ्ना अनुभवहरू कन्सोर्टियमको "अनुभवहरू" प्रकाशनमा मार्फत बाँड्न पाउँदा कन्सोर्टियम प्रति आभार व्यक्त गर्दछु ।

प्रतिवेदन तयारीका क्रममा आयोजित राष्ट्रिय परामर्श कार्यक्रममा म लगायत अन्य विभिन्न जिल्लाका बालबालिका साथीहरू तथा अपाङ्गता भएको साथीहरूको पनि उपस्थिति रहेको थियो । त्यहाँ हामीले विभिन्न जिल्लामा बालबालिका के-कस्ता समस्याहरू तथा अवस्था रहेछन् भन्ने बारेमा छलफल गर्‍यौं । मेरो विचारमा यो छलफल सबै बालबालिकाको निम्ति निकै लाभदायी थियो । त्यसबेला हामीले बालअधिकारसम्बन्धी महासन्धि १९८९ का बारेमा पनि सिक्यौं । त्यो २ दिने बसाइमा मैले धेरै साथीहरू बनाउने मौका पनि पाएकी थिएँ । त्यसपछि केही दिनमा जेनेभामा ६९ औं UNCRC को प्रि सेसनको प्रक्रियामा सहभागिता जनाउन र बालबालिका (१ बालक, १ बालिका) जान पाउने भएकाले भोट हाल्ने प्रक्रिया चल्यो जसमा काठमाडौंबाट म (हिमा राई) र सुर्खेतबाट राकेश पौडेल बहुमत पाएर जेनेभा जाने विशेष अवसर पाएका थियौं । साथीहरूको भोट पाएर ६९ औं UNCRC को प्रि सेसनमा सहभागिता जनाउन पाउँदा म लगायत मेरो परिवारको सदस्य निकै खुसी भएका थियौं । मलाई जिम्मेवारी वोधको पनि अनुभव भएको थियो । जेनेभा जानका लागि आवश्यक प्रक्रिया पूरा गरिसकेपछि हामी ६ जना (कुमार सर, निना दिदी, विमला मिस, अशोक सर, राकेश र म) सेप्टेम्बर २१ मा प्रस्थान भयौं । हामी दिल्ली, ब्रसेल्स हुँदै जेनेभा पुग्यौं । त्यसपछि म र राकेश मिलेर भोलिको प्रि सेसनको तयारीमा जुट्यौं । मैले जेनेभा जानुअघि अन्य जिल्लाका साथीहरूको राय पनि बुझ्ने प्रयास गरेकी थिएँ । साथीहरूबाट आएको बालबालिकाका समस्याहरूलाई मध्यनजर गरी र आ-आफ्नो रायहरू राखी म र राकेशले ती बालबालिकाको समस्यालाई आकर्षक ढङ्गबाट प्रस्तुत गर्‍यौं । युएन विल्डिङमा प्रि-सेसनका लागि म र राकेशले पालैपालो बालबालिकाको विभिन्न समस्याहरू जस्तै बालविवाह, बालश्रम, बाल दुर्व्यवहार, लैङ्गिक तथा जातीय भेदभाव, शिक्षा, स्वास्थ्य, सडक बालबालिका, अपाङ्गता भएका बालबालिका, कमलरी बालबालिका आमाबुवाबाट वञ्चित बालबालिका आदिका अवस्थाहरूलाई समेटेर प्रस्तुत गर्‍यौं । त्यस्तै गरेर हामीले बालबालिकाको समस्याहरूलाई प्रभावकारी तरिकाबाट प्रस्तुत गर्न विभिन्न रचनाहरू भएको फाइल पनि प्रस्तुत गर्‍यौं । हामीलाई निना दिदी र कुमार सरले अंग्रेजीमा ट्रान्सलेट

गरेर सहयोग गर्नुभयो । हाम्रो प्रस्तुति देखेर युएन सिआरसिको अध्यक्ष तथा अन्य मानिसहरूले तारिफ गर्दा मलाई निकै खुसी र गर्व महसुस भएको थियो । हामीले त्यसपछि युयन सिआरसिको अध्यक्षबाट धन्यवाद पत्र पनि पाएको थियौ । सकारात्मक सुझाव पाएकाले यो नेपालका लागि नै गर्वको कुरा बन्न पुगेको छ । प्रि सेसनपछि हामीले ngo forum मा पनि सहभागिता जनाउने मौका पाएका थियौं । जहाँ विभिन्न देशका बालबालिकाको अवस्था के-कस्तो रहेछ भनेर जानकारी पायौं र op3 (optional protocol) को बारेमा पनि सिक्ने मौका पाएका थियौं । जेनेभाको यो अविस्मरणीय यात्रामा हामीले त्यहाँका मानिसहरू जस्तै सहयोग, अनुशासित हुनुपर्छ भन्ने कुरा पनि सिक्यौं । नयाँ ठाउँमा गएर त्यहाँको वातावरण रहनसहनको बारेमा जान्न पाउँदा धेरै रमाइलो भएको थियो ।

यो जेनेभाको यात्रामा मलाई सहयोग गर्नुहुने सबै सर तथा मिसहरूलाई यो लेख मार्फत धन्यवाद दिन चाहन्छु । त्यस्तै गरी मलाई भरोसा गरेर नेपालको प्रतिनिधित्व गर्न ६९औं uncrc को प्रि सेसनमा पठाउन भोट गर्ने सबै साथीहरूलाई पनि धन्यवाद दिन चाहन्छु । त्यस्तैगरी हामीले प्रस्तुत गरेका तथा नेपाली बालबालिकाको समस्याहरूलाई चाँडोभन्दा चाँडो सरकारले चासो गरेर ती समस्यालाई समाधान गर्न अगाडि बढ्नेछ भन्ने पनि आशा राख्दछु ।

*(लेखक कन्सोर्टियम बालसल्लाहकार समितिको पूर्व सदस्य हुनुहुन्छ)*

❑❑❑

# बालबालिकाको नेतृत्वमा बनेको बालअधिकार प्रतिवेदन तयारी प्रक्रियामा सहजीकरण गर्दाका केही अनुभवहरू



निना महर्जन

## विषय–प्रवेश

बालअधिकारसम्बन्धी महासन्धि, १९८९को धारा ४४ अनुसार यस महासन्धिका हरेक राष्ट्रपक्षले अनुमोदन गरेको दुई वर्षभित्र प्रारम्भिक र त्यस पश्चात हरेक पाँच वर्षमा आवधिक प्रतिवेदन संयुक्त राष्ट्रसंघीय बालअधिकार समिति समक्ष बुझाउनुपर्दछ । बालअधिकारसम्बन्धी महासन्धि तथा यसका दुईवटा इच्छाधिन आलेखहरूको नेपालले हालसम्म कुल पाँचवटा प्रतिवेदनहरू बालअधिकार समितिलाई बुझाइसकेको छ र ती मध्ये तीनवटामा समितिद्वारा समापन टिप्पणीहरू पनि पठाइसकिएको छ । यी प्रतिवेदनहरूमा आधारित भई गैर सरकारी संस्था(हरू) को तर्फबाट कुनै व्यक्ति वा समूह, वयस्क तथा बालबालिकाका संस्था जो कोहीले पनि बालअधिकार समितिमा पूरक प्रतिवेदन पठाउन सक्दछन् (हेर्नुहोस् धारा ४५) ।

बालअधिकारको क्षेत्रमा कार्यरत नेपालका गैर सरकारी संस्थाहरूले यस्ता पूरक प्रतिवेदनहरू सुरूदेखि नै संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा पठाउँदै आएका छन् । तथापि बालबालिकाको नेतृत्वमा बालबालिका कै तर्फबाट अलग्गै पूरक प्रतिवेदन तयार गरी बुझाउने कार्य भने बालअधिकारसम्बन्धी महासन्धिको तेस्रो, चौथो र पाँचौ संयुक्त आवधिक प्रतिवेदनको सन्दर्भमा मात्र भएको छ । बालबालिकाको नेतृत्वमा तयार गरिएको अलग्गै पूरक प्रतिवेदन सन् २०१४ जुलाई १ तारिखमा जेनेभा स्थित स्थानीय गैर सरकारी संस्था 'चाईल्ड राईट्स कनेक्ट' मार्फत संयुक्त

राष्ट्रसंघीय बालअधिकार समितिमा पठाइएको थियो ।[45]त्यस प्रतिवेदनमा छलफल गर्नाका लागि समितिद्वारा जेनेभामा आयोजना गरिएको ६९ औं पूर्व-सत्र कार्यसमूहको बैठकमा पनि एक-एकजना बालक र बालिका प्रतिनिधिहरूले सहभागी भई आफ्ना विचारहरू प्रस्तुत गरेका थिए ।

यसै सन्दर्भमा, प्रस्तुत लेखमा सोही प्रतिवेदनको तयारी प्रक्रियामा तथा बालअधिकार समितिको ६९ औं पूर्व-सत्र कार्यसमूहको बैठकमा बालबालिका सहभागी हुँदा एक वयस्क सहजकर्ताको रूपमा सँगालेका आफ्ना अनुभवहरूलाई प्रस्तुत गर्ने जमर्को गरेको छ ।

## बालसहभागिता बारे केही कुरा

बालसहभागितालाई बालअधिकारसम्बन्धी महासन्धिको चारवटा सामान्य सिद्धान्तहरूमा एक मानिएको छ । बालबालिकाको विचार अभिव्यक्ति र त्यसको सुनुवाइको अधिकारलाई मान्यता दिँदै नेपालमा स्थानीय देखि राष्ट्रिय स्तरसम्म विभिन्न स्वरूपहरूमा बालसहभागितालाई अँगीकार गर्दै आइएको अवस्था छ । त्यसरी नै नेपालमा बालसहभागिताको अभ्यास गर्ने एक उत्तम मञ्चको रूपमा बालक्लबलाई प्रवर्द्धन गरिएको पनि छ । त्यस्तै बालसहभागिताको अभ्यास गर्दै बालमैत्री विद्यालय देखि बालमैत्री शासनसम्मको अवधारणा कार्यान्वयन भएका छन् । संविधान सभाबाट २०७२ असोज ३ गते घोषणा भएको नेपालको संविधानको मौलिक हक अन्तर्गत धारा ३९(३) मा "प्रत्येक बालबालिकालाई... बालसहभागिताको हक हुनेछ" भनिएको छ र बालबालिकाको प्रमुख अधिकारको रूपमा स्वीकार गरिएको छ ।

उल्लिखित परिप्रेक्ष्यमा बालअधिकारको कार्यान्वयन तथा स्थितिसम्बन्धी प्रतिवेदनहरूको सन्दर्भमा पनि बालबालिकाको सहभागिता हुनु आवश्यक रहन्छ भन्ने मान्यतालाई आत्मसात गरिँदै आइएको छ । सन् १९९५ मा नेपालको प्रारम्भिक प्रतिवेदन कै समयदेखि प्रतिवेदन प्रक्रियामा बालबालिकाको सहभागिता रहेको इतिहास छ । तर, बालबालिकाको तर्फबाट अलग्गै प्रतिवेदन बुझाउने कार्य भने सन् २०१४ मा पहिलो पटक भएको हो । कन्सोर्टियम-नेपालको अगुवाइमा सम्पन्न भएको यस कार्यले बालसहभागिताको एक फरक उदाहरण प्रस्तुत गर्न सफल भएको छ ।

45. http://www.ccwb.gov.np/informations/view/195/

## बालबालिकाको नेतृत्वमा प्रतिवेदन तयारी प्रक्रियामा बालसहभागिता

प्रतिवेदन तयारीको प्रक्रियामा ४१ जिल्लाका कुल ८९ बालबालिका प्रत्यक्ष रूपमा संलग्न भएका थिए । प्रतिवेदन तयारी प्रक्रियामा जिल्ला, क्षेत्रीय एवं राष्ट्रिय स्तरमा परामर्श-कार्यशालाहरू सञ्चालन गरिएका थिए । यस प्रक्रियामा विभिन्न आर्थिक तथा सामाजिक पृष्ठभूमि, उमेर समूह, जाति, भाषा, धर्म समुदायबाट आएका बालबालिकाको संलग्नता रहेको थियो । साथै,विभिन्न प्रकारका श्रममा संलग्न, मुक्त कमलरी, शरणार्थी परिवारका, आवासीय बालगृहमा संरक्षित, अपाङ्गता भएका तथा वादी समुदायका बालबालिका समेतको यस प्रक्रियामा सहभागिता थियो ।

जिल्ला स्तरीय परामर्श-कार्यशालामा सहभागी भएका बालबालिकाले विभिन्न १७ प्रकारका सिर्जनात्मक स्वरूपहरू जस्तैः कथा, कविता, लेख, मुक्तक, गीत, गजल, चित्र, भित्तेपत्रिका, तस्वीर, समाचार, पत्र पत्रिकाका कटिङ्, भित्ते चित्रकथा, घटना-अध्ययन, आत्मवृत्तान्त आदिका माध्यमबाट आफ्ना व्यक्तिगत तथा सामुहिक भावनाहरू अभिव्यक्त गरेका थिए । यस प्रक्रियामा प्राप्त भएका कुल ९०८ वटा अभिव्यक्ति/सूचनाजानकारीको विषय वस्तुलाई संश्लेषण एवं समीक्षा गर्दै प्रतिवेदन तयार गरिएको थियो । यसरी समग्रमा पाँचवटै विकास क्षेत्रका ४१ जिल्लाका तीन हजार भन्दा बढी बालबालिकाको विचार समेटिएको यो प्रतिवेदन ग्रामीण देखि सहरोन्मुख, सहरी देखि राजधानीसम्म विभिन्न भौगोलिक विविधता भएका सबै स्तरका बालबालिकाको आवाज बन्न सफल भएको महसुस गर्न सकिन्छ ।

बालबालिकाको नेतृत्वमा तयार गरिएको पूरक प्रतिवेदनको तयारीका प्रक्रियादेखि बालअधिकार समितिको ६९ औं पूर्व-सत्र कार्यसमूहको बैठकमा बालबालिकाको प्रत्यक्ष सहभागितासम्मको चरणलाई संक्षिप्त रूपमा देहायमा उल्लेख गरिएको छ[46]:

46. बालबालिकाको नेतृत्वमा तयार गरिएको बालअधिकार सम्बन्धी महासन्धिको पूरक प्रतिवेदन तयारीको विस्तृत प्रक्रिया बुझ्नका लागि कन्सोर्टियम-नेपालद्वारा सन् २०१४ मा तयार गरिएको 'A Process Documentation on Children Led Report on CRC, 1089'अध्ययन गर्न सकिन्छ ।

**बालबालिकाको नेतृत्वमा तयार गरिएको पूरक प्रतिवेदनको तयारी प्रक्रियाका केही मूख्य घटनाहरू**

१. २८ डिसेम्बर २०१२ का दिन ४९ बालबालिका तथा वयस्कहरूको सहभागितामा काठमाडौंमा बालबालिकाको नेतृत्वमा तयार गरिएको पूरक प्रतिवेदनको अवधारणा विकास गर्नका लागि यससम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

२. ९ मे २०१४ का दिन कन्सोर्टियम-नेपालका कार्यकारिणी समिति तथा त्यसका सदस्य संस्थाहरूका प्रतिनिधि तथा क्षेत्रीय संयोजकहरूसँग (कुल ३२ जना वयस्कहरूको सहभागिता) काठमाडौंमा प्रारम्भिक परामर्श-कार्यशाला सम्पन गरियो र त्यसै अनुसार बालबालिकासँग क्षेत्रीय परामर्श-कार्यशाला आयोजना गर्ने योजना तयार भयो ।

३. मे २०१४ को अन्तिम हप्ता तथा जून २०१४ को पहिलो सातामा नेपालका पाँचै विकास क्षेत्रका विभिन्न जिल्लाका प्रतिनिधिको रूपमा बालबालिका तथा वयस्कहरूसँग क्षेत्रीय परामर्श कार्यशालाहरूको आयोजना गरियोः

   – २५ र २६ मे २०१४ मा महेन्द्रनगर (कञ्चनपुर) मा सुदूर पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न नौ जिल्लाका १८ बालबालिका तथा १४ वयस्कहरूको सहभागिता ।

   – ३० र ३१ मे २०१४ मा तानसेन (पाल्पा) मा पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न नौ जिल्लाका १८ बालबालिका तथा ९ वयस्कहरूको सहभागिता ।

   – ३१ मे र १ जून २०१४ मा हेटौंडा (मकवानपुर) मा मध्यमाञ्चल विकास क्षेत्रका विभिन्न आठ जिल्लाका १९ बालबालिका तथा १३ वयस्कहरूको सहभागिता ।

   – १ र २ जून २०१४ मा विराटनगर (मोरङ्ग) मा पूर्वाञ्चल विकास क्षेत्रका विभिन्न सात जिल्लाका १६ बालबालिका तथा ८ वयस्कहरूको सहभागिता ।

- ४ र ५ जून २०१४ मा नेपालगञ्ज (बाँके) मा मध्य-पश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न आठ जिल्लाका १८ बालबालिका तथा १७ वयस्कहरूको सहभागिता ।

४. क्षेत्रीय परामर्श-कार्यशालामा बाँडिएका जिम्मेवारीहरूको आधारमा क्षेत्रीय कार्यशालामा सहभागी बालबालिका तथा वयस्कहरूद्वारा आ-आफ्ना जिल्लाहरूमा न्यूनतम तीन र अधिकतम पाँच स्थानहरूमा बालबालिकासँग परामर्श- कार्यशाला गरी स्थानीय स्तरमा बालअधिकारको स्थिति झल्काउने गरी विभिन्न सिर्जनात्मक स्वरूपहरू (कथा, कविता, लेख, गीत, गजल, चित्र, भित्ते पत्रिका, भित्ते चित्रकथा, घटना अध्ययन आदि) मा आफ्ना व्यक्तिगत तथा सामुहिक प्रतिवेदनहरू सङ्कलन गरियो ।

५. जिल्ला स्तरीय परामर्श-कार्यशालाबाट सङ्कलन गरिएका प्रतिवेदनहरू स्थानीय सहजकर्ताको सहयोगमा क्षेत्रीय परामर्श-कार्यशालामा सहभागी भएका बालबालिकाद्वारा कन्सोर्टियम-नेपालको कार्यालयमा पठाइयो ।

६. बालबालिकाद्वारा विभिन्न स्वरूपमा पठाइएका सबै सूचनाजानकारीका गुणात्मक अध्ययन, संश्लेषण तथा समीक्षा गरियो र सोही आधारमा मस्यौदा प्रतिवेदनलाई मूर्त रूप दिइयो ।

७. मस्यौदा प्रतिवेदनमा उल्लेख गरिएका तथ्यहरूको पुनर्पुष्टि तथा मस्यौदा प्रतिवेदनलाई पारित गर्नाका लागि हरेक क्षेत्रीय परामर्श कार्यशालाबाट छानिएर आएका २१ बालबालिका तथा ३४ वयस्कको सहभागितामा काठमाडौंमा २७ र २८ जून २०१४ मा राष्ट्रिय परामर्श-कार्यशालाको आयोजना गरियो ।

८. सरकारी निकाय तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरू तथा सरोकारवालाहरू गरी ६० जना वयस्कहरूको सहभागितामा २९ जून २०१४ मा राष्ट्रिय परामर्श-कार्यशालामा बालबालिकाद्वारा बालबालिकाको नेतृत्वमा तयार गरिएको पूरक प्रतिवेदनले निकालेका निष्कर्षहरूलाई विभिन्न सिर्जनात्मक माध्यमहरू (कथावाचन, गायन, नाटक प्रदर्शनी, श्रव्यदृष्य प्रस्तृति आदि) बाट प्रस्तुत गरी प्रतिवेदनको पुनर्पुष्टि तथा त्यसमा पृष्ठपोषण लिने कार्य गरियो ।

९. १ जुलाइ २०१४ मा चाईल्ड राईट्स कनेक्ट मार्फत नेपालको तर्फबाट बालबालिकाको नेतृत्वमा तयार गरिएको पूरक प्रतिवेदन बालअधिकार समिति समक्ष पेश गरियो ।

१०. बालअधिकार समितिको ६९ औं पूर्व-सत्र कार्यसमूहको बैठकमा नेपालका बालबालिकाको प्रतिनिधि गर्दै सहभागी हुन जेनेभा जानका लागि लोकतान्त्रिक अध्यासबाट १७ जुलाई २०१४ मा राष्ट्रिय परामर्श-कार्यशालामा सहभागी भएका बालबालिकामध्येबाट एक बालक र एक बालिकाको प्रजातान्त्रिक प्रक्रियाबाट छनौट गरियो ।

११. २३ सेप्टेम्बर २०१४ मा बालअधिकार समितिको ६९ औं पूर्व-सत्र कार्य समूहको बैठकमा नेपालका बालबालिकाको प्रतिनिधिको रूपमा हिमा राई तथा राकेश पौडेलले सहभागी हुँदै नेपालका बालबालिकाको स्थितिसम्बन्धी प्रस्तुतिकरण गरे ।

१२. बालअधिकार महासन्धिको २५ औं वर्षको अवसरमा आयोजित 'Let's Hear You!' कार्यक्रममा पूर्व-सत्र बैठकको लागि जेनेभा पुगेको टोलीले २४ सेप्टेम्बर २०१४ मा सहभागिता जनाए ।

१३. बालअधिकार समितिको ६९ औं पूर्व-सत्र कार्यसमूहको बैठकमा सहभागी हुन जेनेभा आएका पाँच देशहरूका वयस्क तथा बालबालिकासँगको चाईल्ड राइट्स कनेक्टद्वारा २४ सेप्टेम्बर २०१४ मा आयोजित NGO Forumमा नेपालको टोलीले पनि सहभागिता जनायो ।

## बालबालिकाको नेतृत्वमा प्रतिवेदन तयारी प्रक्रियामा एक सहजकर्ताको रूपमा काम गर्दाका केही अनुभव तथा सिकाइ

बालबालिकाको नेतृत्वमा पूरक प्रतिवेदनको तयारीका विभिन्न चरणहरूमा सहजीकरण तथा प्रतिवेदन लेखन, लोकतान्त्रिक पद्दतिबाट बालप्रतिनिधिहरूको छनौट तथा ६९ औं पूर्व-सत्र कार्यसमूहको बैठकमा बालबालिकाका लागि सहायक भई भूमिका निर्वाह गर्दा मैले थुप्रै अनुभवहरू सँगाल्ने अवसर पाएँ र थुप्रै कुराहरू सिकें ।

### *नैतिकतापूर्ण र अर्थपूर्ण बालसहभागिता*

बालबालिकाको शिक्षा तथा अन्य अधिकारलाई वाधा नपर्नेगरी उनीहरूलाई सहभागिता प्रवर्द्धन गर्ने क्रियाकलापमा संलग्न हुन प्रोत्साहन गरिनु नैतिकतापूर्ण तथा अर्थपूर्ण बालसहभागिताको कसी हो । त्यसकारण यस प्रतिवेदन तयारीको प्रक्रियामा पनि यस्तै प्रकारको बालसहभागिताको अभ्यास भएको थियो । त्यसकारण क्षेत्रीय परामर्श-कार्यशालामा सहभागी हुने बालबालिकाले आ-आफ्नो जिल्लामा गर्नुपर्ने जिल्ला स्तरीय परामर्श कार्यशालाहरू गरी प्रतिवेदनहरू सङ्कलन गरी कन्सोर्टियम नेपालको कार्यालयमा पठाउने कार्यका लागि समयसीमा तोकिएको भएता पनि बालबालिकाले आफ्नो फुर्सदको समयमा यस्तो परामर्श कार्यशाला गर्ने सुविधा राखिएको थियो । त्यसका कारण थुप्रै जिल्लाबाट प्रतिवेदनहरू समयसीमाभन्दा पछि मात्रै प्राप्त भएको भएता पनि प्रतिवेदन तयारी तथा त्यसको पुनर्पुष्टि गर्न समयसीमा भएकाले प्रतिवेदन तयारकर्ताको समूहको सदस्य भएको हैसियतमा पूर्ण तयारी देखाउने वातावरण निर्माण भएको थियो ।

### *व्यवहारिक बालमैत्री सीप*

बालबालिकाबाट विभिन्न सिर्जनात्मक स्वरूपमा प्राप्त अभिव्यक्ति/सूचनाजानकारीलाई एक-एक गरी अध्ययन गर्दै तिनको गुणात्मक संश्लेषण/समीक्षा गर्नु आफैंमा चुनौतीपूर्ण कार्य थियो । त्यसका लागि आफूलाई सो प्रतिवेदन तयार गर्ने बालक वा बालिकाको ठाउँमा राखेर सो प्रतिवेदनको मर्म बुझी त्यसलाई कम्प्युटराइज्ड तालिकामा समीक्षा तथा विश्लेषणका लागि लेखिनुपर्दथ्यो, जसले बालबालिकालाई बुझ्नका लागि उनीहरूकै स्तरमा आफूलाई राख्नुपर्दछ भन्ने कुराको अनुभव प्राप्त भयो । साथै बालअधिकार समितिमा बुझाइने प्रतिवेदनको भाषाको सीमितताको कारणले अङ्ग्रेजी मै प्रतिवेदन बुझाउनुपर्ने भएकोले बालमैत्री शैलीमा अङ्ग्रेजी भाषामा प्रतिवेदन ढाल्ने काम भएको थियो, जसले व्यवहारिक रूपमा बालमैत्री हुन सिक्ने वातावरण निर्माण भएको थियो ।

### *बालप्रतिनिधि छनौटका लागि नैतिकतापूर्ण लोकतान्त्रिक अभ्यास*

बालबालिकाको नेतृत्वमा तयार गरिएको पूरक प्रतिवेदन प्राप्त भएपछि बालअधिकार समितिले नेपाली बालबालिकाका प्रतिनिधिहरूलाई समेत आफ्नो

प्रतिवेदन बारे छलफल गर्न पूर्व-सत्र कार्यसमूहमा सहभागी हुन जेनेभामा आमन्त्रण गऱ्यो । त्यसका लागि प्रतिवेदन तयारीको क्रममा प्रत्यक्ष रूपमा सहभागी भएका बालबालिका मध्येबाट एक-एकजना बालक र बालिका प्रतिनिधिको छनौट गर्नु थियो । आमन्त्रण पत्रमा तोकिएका योग्यताहरूको आधारमा योग्य उम्मेदवारमध्ये बाट बाल प्रतिनिधि छनौट गर्नुपरेको थियो । १८ जिल्लाका २१ उम्मेदवार बालबालिकासँग उनीहरूकै यथास्थानबाट प्रतिनिधि छनौट गर्न गोप्य मतदान गर्न लगाई लोकतान्त्रिक अनि न्यायपूर्ण तवरले बालबालिकाको छनौट गर्नु अर्को महत्वपूर्ण अनुभव अनि सिकाइ रह्यो । सो क्रममा, जेनेभा जानका लागि मतदानबाट छनौट भइसकेपछि पनि एक उम्मेदवारलाई उनको उमेर बढी भएको कारणसो अवसरबाट बञ्चित गराउनुपर्दा नरमाइलो लागेपनि नैतिकतापूर्ण बालसहभागितालाई अभ्यासमा ल्याउन आफू पनि अग्रसर रहेको कुरा प्रमाणित गर्न पाएँ भन्ने अनुभूति समेत हुन्छ ।

### *पूर्व-सत्र कार्यसमूह बैठकमा बालबालिकाको सहभागिता*

संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिको ६९ औं पूर्व-सत्र कार्यसमूह बैठकमा नेपालको लागि २३ सेप्टेम्बर २०१४ का दिन समय तोकिएको थियो । सो दिन नेपाली बालबालिकाका प्रतिनिधि बालबालिकासँग आफ्नो प्रतिवेदन तथा मुद्दाहरू बारे छलफल गर्न बालअधिकार समितिले छुट्टै समय निर्धारण गरेको थियो । बालअधिकार समितिले नागरिक समाजका सदस्यहरूलाई सो बैठकमा सहभागी हुन नदिई बालबालिकासँग मात्रै छलफल गरिनाले बालबालिकाको विचारको पूर्ण सम्मान गरिएको पुष्टि हुन्छ । नागरिक समाजको तर्फबाट तयार गरिएको पूरक प्रतिवेदनबारे छलफल गर्नुपूर्व बालअधिकार समितिले बालबालिकासँग छुट्टै छलफल गरेकोले पनि बालबालिकाको सर्वोत्तम हित अनि उनीहरूको विचार तथा भावनालाई अधिकतम सम्मान गरिएको थियो भन्ने झल्काउँदछ । साथै बालबालिकालाई आफ्नो सुविधा अनुसार जुनसुकै भाषामा पनि आफ्ना विचारहरू राख्ने अवसर प्रदान गरिनुले बालबालिकाको अभिव्यक्ति उनीहरूको भाषाको कारणले बन्देज गरिनुहुँदैन भन्ने सिकाइ भएको छ । प्रस्तुतीकरणको क्रममा नेपाली बालप्रतिनिधिहरूले प्रयोग गरेको 'Chain of Issues' (मुद्दाको श्रृङ्खला) विधि पनि बालअधिकार समितिका सदस्यहरूले एक सिर्जनात्मक विधिको रूपमा रूचाएका थिए, जसले बालबालिकालाई प्रोत्साहित गरेको थियो ।

### *संयुक्त राष्ट्रसंघको प्रणालीको जानकारी*

प्रतिवेदन तयारी अनि बुझाउने प्रक्रियाका साथै पूर्व-सत्र कार्यसमूहमा भाग लिंदा संयुक्त राष्ट्रसंघका प्रणालीहरूलाई एकदमै नजिकबाट नियाल्ने अवसर पनि प्राप्त गरें । बालअधिकारको इतिहासमा महत्वपूर्ण अनि ऐतिहासिक स्थलको रूपमा समेत परिचित जेनेभा सहरमा भौतिक रूपमा पुगी भ्रमण गर्न पाउनु आफैंमा एउटा सिकाइको अवसर बनेको थियो ।

### *बाल प्रतिनिधिहरूका सकारात्मक सिकाइ*

समूहमा यति लामो यात्रा गर्नु अनि पूर्व-सत्रमा भाग लिनु अति महत्वपूर्ण अनुभव थियो । बाल प्रतिनिधिहरूको अभिभावक बनी उनीहरूको जिम्मा लिई विदेश भ्रमण गर्नु अर्को महत्वपूर्ण अनुभव हो । यात्राको समयमा पालना गर्नुपर्ने नियमहरू अनि बानी व्यहोराहरू (Travel Etiquettes) बारे जानकारी दिई बालबालिकालाई त्यसको पालना गर्न प्रोत्साहन गर्नु अर्को महत्वपूर्ण जिम्मेवारी थियो । साथै विदेशी भूमिमा आफूलाई एक साँस्कृतिक राजदूतको रूपमा लिई त्यसै अनुसार आफ्नो देशको मान सम्मानलाई जोगाउनु पर्ने मान्यता अनुरूप बाल प्रतिनिधिहरूलाई तयार गराउने कार्य गरेको सम्झिदा आज पनि रमाइलो लाग्छ । विशेषतः जेनेभा सहरमा भेटिएका हरेक व्यक्तिले हामीलाई आफ्नो तवरले मद्दत गर्न खोजेको देखेर बाल प्रतिनिधि हिमा बहिनीले आफू पनि अब त्यस्तै बन्ने अठोट लिएको देख्दा सो भ्रमणले भाइबहिनीमा असल नागरिक हुने केही गुणहरू थपिदिएको मलाई महसुस हुन्छ । त्यस्तैगरी, विदेशमा मानिसहरू आफू अरूले मद्दत गरे त्यसका लागि सदैव आभारी भएको कुरा देखाइरहन्छन् भन्ने पाठ आफूले सिकाएबमोजिम दुवै भाइबहिनीले हरेक चोटी 'Thank You!' (धन्यवाद)भन्दै सबैलाई आफू उनीहरूको मद्दतको लागि कृतज्ञ रहेको कुरा देखाउँदा मलाई आफैलाई गौरवको अनुभूति भएको थियो ।

### *बालसहभागिताको अधिकार : अवसर वा अतिप्रयोग*

बालबालिकाको सहभागिताको अधिकार अन्य सबै अधिकारको सन्दर्भमा सक्षम बनाउने अधिकारको रूपमा रहेकोले त्यसले उनीहरूका अन्य कुनै पनि अधिकारको उपभोगमा वाधा पुऱ्याउनु हुन्न भन्ने बालअधिकारसम्बन्धी महासन्धि, १९८९को मान्यता रहेको छ । यो प्रतिवेदन तयारीको प्रक्रियामा त्यसको अगुवाइ गर्ने व्यक्ति एवं संस्थाका साथै सहकार्यमा लाग्ने संस्थाहरूले

मनग्गे ध्यान दिएको भएतापनि क्षेत्रीय तथा राष्ट्रिय परामर्श-कार्यशालामा सहभागी हुने बेलामा केही बालबालिकाले आफ्नो विद्यालय छोड्नु परेको स्थिति पनि मैले अनुभूति गरेको छु । साथै, जेनेभा भ्रमणको तयारीको क्रममा समेत एक बाल प्रतिनिधिले आफ्नो विद्यालयको आन्तरिक परीक्षा छोड्नुपरेको घटनाले अहिले पनि मलाई झक्झक्याउँछ ।

***प्रतिनिधि छनौटको स्वीकार्यता***

नेपालका सम्पूर्ण बालबालिकाको प्रतिनिधिको रूपमा जेनेभा गएर बालअधिकार समितिसँग बैठक गरी आफ्ना विचारहरू अभिव्यक्त गर्न पाउनु हरेक बालबालिका कै लागि वास्तवमा नै एउटा ठूलो अवसर अनि उपलब्धि हो । तसर्थ, छनौट भएर सो अवसर पाएका बालबालिका आफ्नो वास्तविकताबाट पर नजाऊन् र अवसर नपाएका बालबालिकामा अस्वीकार्यता (Denial) अनि संस्थाप्रति नै नकारात्मक भावना नआओस् भन्नाका लागि बालबालिकालाई छनौट भएका बाल प्रतिनिधिहरूको बारेमा जानकारी गराउँदा मैले आफ्नो सञ्चार सीपलाई तिखार्नु आवश्यक भएको ठानेको थिएँ । जेनेभा जानु अवसर नै भएपनि छनौटमा परेका प्रतिनिधिहरूले छनौटमा नपरेका साथीहरूसँग सहकार्य गर्ने जिम्मेवारी अझ ठूलो रहन्छ भन्दै कसैको चित्त नदुखाई बालबालिका बीचमा सहकार्यको पुल टुट्न नदिनु मेरो ठूलो जिम्मेवारी थियो ।

## चुनौतीहरू

***बालसहभागिताको अधिकतम उमेर : आजको चुनौती***

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा विभिन्न परिप्रेक्ष्यमा न्यूनतम उमेर निर्धारण गरिएको छ । सोही अनुसार सामान्यतयाः बालबालिकाको उमेर पनि १८ वर्ष मुनिका व्यक्ति भनी निर्धारण गरिएको छ । बालक्लबमा उमेरकै कारणले नियमित रूपमा नयाँ सदस्यहरू आउने क्रम चलिरहन्छ र त्यसैगरी पुराना सदस्यहरूको विदाइको क्रम पनि चलिरहनु पर्दछ । यसैलाई आत्मसात गरी अधिकांश बालक्लबका बालबालिकाले पनि बालक्लबमा सहभागी हुने न्यूनतम र अधिकतम उमेर निर्धारण गरेका हुन्छन् । तर नेपालमा कतिपय व्यवहारिक एवं परिस्थितिजन्य कारणहरूले उमेर पुगेपछि पनि बालक्लबबाट बाहिरिन थुप्रै किशोर किशोरीलाई समस्या भएको देखिएको छ । कतिपय

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 71



परिस्थितिमा त सानो उमेरमा बालक्लबमा सहभागी हुनका लागि बालबालिकालाई जति प्रोत्साहन गर्नुपर्दछ, त्यो भन्दा बढी मेहेनत बालक्लबबाट हुर्केपछि बालक्लब बाहेकका क्रियाकलापमा ती युवाहरूलाई लगाउन गर्नुपर्दछ ।

यो प्रतिवेदनको प्रक्रियामा पनि यसैसँग सम्बन्धित चुनौतीहरू देखा परे । क्षेत्रीय तथा राष्ट्रिय स्तरका परामर्श-कार्यशालामा केही अधिकतम उमेर पूरा गरेका युवाहरू पनि सहभागी भएका थिए । आफू बालक्लबबाट हुर्केका बालबालिका भएकाले ती युवाहरूले आफ्ना विचार अनि विश्लेषणहरू पक्कै पनि साना उमेरका बालबालिकाभन्दा प्रभावकारी ढङ्गले राख्न सक्दछन नै । तथापि, बालसहभागिताको पैरवी गर्ने जिम्मेवारी पाएका वयस्क अनि बालक्लबबाट हुर्केका युवाहरूले समेत बालक्लबमा युवा सहभागितालाई प्रोत्साहन दिनु कदापि हुँदैन ।

## निष्कर्ष

बालबालिकाको नेतृत्वमा पूरक प्रतिवेदनको प्रक्रियामा बालसहभागिता प्रवर्द्धन गर्नाका लागि सहजकर्ताको भूमिका निर्वाह गर्ने अवसर पाउनु आफैंमा एक महत्वपूर्ण अनुभव हो । यस प्रक्रियामा मैले विभिन्न व्यक्तिगत तथा व्यवसायिक सिकाइहरू प्राप्त गरें । नेपालको सन्दर्भमा बालबालिकाको नेतृत्वमा पूरक प्रतिवेदन तयार गरी बालअधिकार समितिमा प्रस्तुत गरिनुले बालअधिकारको क्षेत्रमा काम गर्ने सबै सरकारी निकाय तथा गैर सरकारी संस्था, बालअधिकारको पैरवी गर्ने अधिकारकर्मी तथा संलग्न बालबालिका अनि वयस्क सबैका लागि महत्वपूर्ण अनुभव जोड्न सफल भएको छ । आगामी दिनहरूमा यस्ता प्रक्रियाहरू गरिँदा यस प्रतिवेदनको क्रममा भएका अनुभव तथा सिकाइहरूलाई अवश्य नै पनि अँगालिने नै छन्, साथै यस प्रक्रियामा आएका चुनौतीहरूलाई समेत सामना गर्दै अझ बढी नैतिकतापूर्ण अनि अर्थपूर्ण बालसहभागितामा यस्ता प्रतिवेदनहरू तयार गरिनेछन् भन्ने अपेक्षा राख्न सकिन्छ ।

*(लेखक* **Institution of Legal Research Center** *मा रीसर्च अफिसरको रूपमा कार्यरत हुनुहुन्छ ।)*

❑❑❑

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 72



# नागरिक समाजबाट प्रस्तुत गरिने बैकल्पिक प्रतिवदेनको महत्व ज्यादै ठूलो छ



डा. विजय सैंजु

*(डा. विजय सैंजू बालअधिकार आन्दोलनका क्षेत्रमा कुनै नौलो नाम होइन । आफ्नो जीवनको तीन दशक बालअधिकारका क्षेत्रमा लगाउनु भएको डा. सैंजूले विषेशतः बालश्रमका क्षेत्रमा उल्लेख्य योगदान दिनुभएको छ । उहाँको विद्यावारिधी बालश्रमको विषयमा हो । सन् १९९३ मा कर्न्सन नेपाल नामक संस्थाको स्थापना गरी उहाँले बालश्रम न्यूनीकरणका लागि काम गर्न थाल्नुभएको हो । उहाँले बाल श्रमिक, सडक बालबालिका, बाल भरिया, गिटि कुट्ने, चिया पसलका बाल श्रमिक, फुटपाथमा काम गर्ने, गलैंचा बाल श्रमिक लगायतका विषयमा अनुसन्धान गर्नु भएको छ । पछिल्लो पटक विषेशगरी ईट्टाभट्टामा काम गर्ने बालश्रमिकका अधिकारका लागि र तिनको पुनर्व्यवस्थापनमा उहाँले निकै ठूलो योगदान दिनुभएको छ । नेपालमा मात्र नभएर अन्तर्राष्ट्रिय क्षेत्रमा पनि उहाँले नेपाली बालबालिकाको हक र अधिकारका लागि पहल गर्दै आउनुभएको छ । उहाँकै नेतृत्वमा बाल अधिकारसहकर्मी संस्थाहरूको राष्ट्रिय संजाल (नेक्रो)को तर्फवाट पहिलो पटक संयुक्त राष्ट्रसंघ बाल अधिकार समितिमा वैकल्पिक बाल अधिकार प्रतिवेदन प्रस्तुत गरिएको थियो । वैकल्पिक बालअधिकार प्रतिवेदन प्रस्तुस्तिकै सेरोफेरोमा रहेर उहाँसँग लिइएको अन्तरवार्ता तल प्रस्तुत गरिएको छ । सं.)*

## १. बालअधिकार महासन्धिको बारेमा केही बताइदिनुहोस् ?

आज संयुक्त राष्ट्र संघीय बालअधिकार महासन्धि पारित भएको पनि २५ वर्ष पूरा भइसक्यो । यो महासन्धि पारित हुनु हामी सबैका लागि एक कोशेढुङ्गा सावित भएको छ । यो महासन्धिलाई महासन्धिको रूपमा ल्याउन पनि निकै चुनौतीपूर्ण थियो । महासन्धिको मस्यौदा माथि विचार राख्नेहरू मध्ये म पनि एक थिएँ र महासन्धिलाई आजको यो रूपमा ल्याउनका लागि मैले मेरो तर्फबाट पनि धेरै सुझावहरू दिएको थिएँ । अन्तत : महासन्धिको पूर्ण प्रारूप तयार भयो र यो दर्ता गर्नका लागि संयुक्त राष्ट्र संघमा पठाइयो तर दर्ता गर्न कै लागि कम्तिमा पनि २० राष्ट्रहरूले यस महासन्धिलाई हस्ताक्षर गर्नुपर्ने बाध्यता त्यस वेला थियो । यो आफैंमा निकै चुनौतीपूर्ण कार्य थियो । केही सम्पन्न मुलुकहरू यस महासन्धिका पक्षमा नरहेकाले साना र गरीव मुलुकहरूको सहयोग लिनुपर्ने अवस्था रह्यो र अन्त्यमा २३ राष्ट्रहरूले यस महासन्धिलाई हस्ताक्षर गरी यो महासन्धि दर्ता हुनपुग्यो । हस्ताक्षर गर्ने सूचीमा नेपाल २२ औं नम्बरमा आउँछ । अन्तत : २० नोभेम्बर १९८९ मा संयुक्त राष्टसंघले यस महासन्धिलाई पारित गर्‍यो जसले गर्दा विश्वभरी नै खुशियाली ल्यायो । नेपाल सरकारले सेप्टेम्बर १४, १९९० मा यस महासन्धिलाई अनुमोदन गर्‍यो र हाल हामी उक्त दिनलाई अर्थात भाद्र २९ लाई राष्ट्रिय बाल दिवसका रूपमा मनाउँदै आएका छौँ ।

## २. यो महासन्धि अनुमोदन गरेपछि बालअधिकारका लागि नेपाल सरकारको कस्ता दायित्वहरु हुन्छन् ? प्रष्ट पारिदिनुहोस् ।

यो महासन्धि अनुमोदन गर्नु नै नेपालका लागि निकै चुनौतीपूर्ण थियो । २०४६ सालको जन आन्दोलन सफल भएपछि नेपालमा स्वर्गीय कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकारको गठन भयो । उहाँकै सरकारको नेतृत्वमा बालअधिकार महासन्धिको अनुमोदन हुने काम भयो । तर नेपालमा बालअधिकारसम्बन्धी ऐन तथा कानुनहरू केही पनि नभएको अवस्थामा महासन्धि अनुकुलका दायित्वहरू पूरा गर्न नेपाल सरकारलाई निकै चुनौतीपूर्ण थियो । त्यसपछि नेपालको नागरिक समाजले मानवअधिकारका साथै बालअधिकारका लागि आवश्यक ऐन तथा

कानुनहरूको आवश्यकताका सम्बन्धमा धेरै वकालग गऱ्यो । दुई वर्षपछि त्यसको प्रतिफल प्राप्त भयो । नेपालमा बालबालिकासम्बन्धी ऐनको मस्यौदा संसदमा पेश गरियो तर यसलाई संसदबाट पास गराउनका लागि पनि निकै पहल गर्नुपऱ्यो । यो क्रममा म इङ्ल्याण्डमा थिएँ । एन्टि स्लाभरी सोसाइटीको सहयोगमा तथा रिडिंग इन्टरनेशनल सपोर्ट सेन्टरे (रिस्क) को सहजीकरणमा रिडिग युनिमर्सिटीमा अध्ययनरत थिएं । मैले त्याहाँ रहँदाको वखत नै यो ऐन पास गराउनका लागि हस्ताक्षर अभियान सञ्चालन गरेको थिएँ । अन्तमा बाल बाललिकासम्बन्धी ऐन २०४८ संसदवाट अनुमोदन भयो । पछि बालअधिकार ऐनको पूरकका निम्ति सरकारले नियमावलीहरू पनि तयार गर्न थाल्यो । यसले नेपाल सरकारको बालअधिकार प्रतिको दायित्वलाई थप मजबुत गराउन बल पुऱ्यायो । साथै, २००४ मा नेपाल सरकाले बालबालिकाका लागि दश वर्षे कार्ययोजना निर्माण गऱ्यो । यस्ता दायित्वहरू नेपाल सरकाले महासन्धि अनुमोदन पछि गरेको अवस्था छ । तर ती ऐन र कार्ययोजनाहरूको प्रभावकारी कार्यान्वयनमा नेपाल सरकार संधै पछि परेको छ जसले गर्दा नेपाली बालबालिकाको अधिकार हनन बढ्दो छ । यसर्थ, नेपाल सरकारले नेपाली बालबालिकाका लागि बढीभन्दा बढी लगानी गर्नु अत्यावश्यक छ ।

## ३. नेपाल सरकारले यो महासन्धि अनुमोदन गरेपछि नियमित प्रगति प्रतिवेदन संयुक्त राष्ट्र संघीय बालअधिकार समितिमा पठाउनुपर्दछ । तर हाम्रो देशले यो कार्य समयमा नै गर्न नसक्नुको कारण के होला ?

लामो समयसम्म हाम्रो देश अन्तरिम अवस्थाबाट गुज्रेको अवस्था छ । त्यसले गर्दा राजनीतिक सवालहरू बालअधिकारका सवालभन्दा निकै प्राथमिकतामा रहेकाले नेपाल सरकारले संयुक्त राष्ट्रसंघको बालअधिकार समितिमा नियमित प्रगति प्रतिवेदनहरू पठाउन नसकेको जस्तो देखिएको हो । साथै, अर्को कारण भन्नुपर्दा सरकारी कर्मचारीहरूको सरूवा र बढुवाले गर्दा हो । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा भर्खरै कर्मचारीहरू यस विषय प्रति संवेदनशील हुन थालेको र बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय पद्धतिका सम्बन्धमा जानकार हुन पनि पाएको हुँदैन उनीहरूको सरूवा भइदिन्छ । यो सबैभन्दा ठूला चुनौती हो । नागरिक

समाजको पनि यसमा ठूलो लगानी भएको हुन्छ र यस्ता सरूवा र बढुवाले गर्दा नेपाल सरकारले समयमा नै प्रगति प्रतिवेदनहरू पठाउन नसकेको हो । अर्को महत्वपूर्ण कुरा, नेपाल सरकारका कर्मचारीहरूमा यस विषयमा ज्ञानको कमी पनि हो । उनीहरूलाई संयुक्त राष्ट्र संघको पद्धतिका सम्बन्धमा ज्ञानको अभावले गर्दा उनीहरूप्रति यस विषयमा जिम्मेवारीको पनि अभाव सिर्जना गरेको छ जसले गर्दा प्रतिवेदनहरू समयमा पुग्न नसकेका हुन् । अर्को महत्वपूर्ण कारण भनेको नेपाल सरकार र नागरिक समाज बीचको आवश्यक समन्वयको अभाव हो । यसले गर्दा तयार भएका प्रतिवेदनहरूमा बालअधिकारका संवेदनशील सवालहरू समावेश हुनबाट छुट्छन् । यसर्थ, सरकार र नागरिक समाजको समन्वय र सहकार्यले नै अबका प्रतिवेदनहरू प्रभावकारी र समयमानै बुझाउन सकिन्छ ।

## ४. तपाईंको नेतृत्वमा नेपालबाट पहिलो नागरिक समाजको प्रतिवेदन संयुक्त राष्ट्र संघीय बालअधिकार समितिमा पठाउनुभयो । यस्तो कामलाई कसरी संयोजन गर्नुभयो । केही अनुभव सुनाइ दिनुहोस् ।

त्यो समयमा यो काम निकै चुनौतीपूर्ण थियो । इन्टरनेटको अभावका कारण आजको जस्तो सूचना र सन्दर्भ सामग्रीहरू संकलन गर्न निकै गाह्रो थियो । तर, सन २०००मा करीव ३ महिना, म जेनेभा मै बसेर संयुक्त राष्ट्र संघीय पद्धतिका सम्बन्धमा काम गर्ने अवसर मिलेका कारण मलाई नागरिक समाजको प्रतिवेदनको महत्व र यसलाई तयार गर्ने तरिकाहरूका बारेमा जानकारी थियो । त्यहाँ बस्दा मैले बुझेको कुरा के थियो भने- जून देशबाट संयुक्त राष्ट्र संघीय समितिहरूमा नागरिक समाजका प्रतिवेदनहरू आउँदैनन् त्यो देशमा नागरिक समाजको आन्दोलन निकै कमजोर ठानिन्छ र हुन्छ । तर हाम्रो देशमा त्यस्तो होइन । सन् १९९० को जनअन्दोलन नागरिक समाजकै सक्रियतामा सफल भएको थियो हाम्रो देशमा । त्यसैले गर्दा नेपालको नागरिक समाज कमजोर नभएको उदाहरण देखाउन पनि मैले आफ्नै नेतृत्वमा National Alliance of Child rights Organizations (NACRO) को संयोजन गरें । यसकै नेतृत्वमा हामीले धेरै जिल्लाहरूमा भ्रमण गरी बालअधिकारका सवालहरूलाई संकलन गरी लिपिवद्ध गर्ने काम गर्‍यौं । साथै, त्यस वेला हामीले २२ वटा बाल क्लवहरूसँग छलफल गरी

भाइबहिनीका समस्याहर लाई जस्ताको त्यस्तै उक्त प्रतिवेदनमा राख्ने प्रयत्न गऱ्यौं । त्यसबेला हामीलाई स्रोतको धेरै अभाव भयो । त्यो बेलामा अन्तर्राष्ट्रिय संघसंस्थाहरूबाट पनि हाम्रो प्रतिवेदन राज्यको प्रतिवेदन विरूद्ध लेखिएको प्रतिवेदन भनेर बुझिएकाले हामीलाई आर्थिक स्रोतको निकै आभाव भयो । बालअधिकारका लागि हाम्रो प्रतिवेदन नेपाल सरकारका लागि एक सहायक प्रतिवेदन हो भनेर हामीले उनीहरूलाई बुझाउने अवसर पनि थियो यो । यस्ता चुनौतीहरू बीच हामीले उक्त प्रतिवेदन तयार गऱ्यौं र सन् २००४ मा संयुक्त राष्ट्र संघीय बालअधिकार समितिमा बुझायौं । पछि सन् २००५ को गोप्य सेसनमा नागरिक समाजको प्रतिनिधिका रूपमा मलाई समितिबाट निमन्त्रणा आयो र म त्यहाँ सहभागी भएँ । हाम्रो प्रतिवेदनलाई संयुक्त राष्ट्र संघीय बाल अधिकार समितिमा सफलता पूर्वक प्रस्तुत गर्ने अवसर पाएँ ।

## ५. अबका दिनहरुमा नेपाल सरकाले बालअधिकार सम्बन्धी प्रतिवेदन बुझाउने कार्यलाई प्रभावकारी बनाउन के गर्नुपर्ला ? केही सुझावहरु छन् ।

हामी अहिले गणतान्त्रिक मूलकका रूपमा अगाडि बढिसकेका छौं । थप नेपाल संघीय संरचनामा प्रवेश गरि सकेको छ । यस्तो अवस्थामा नेपाल सरकारले आफ्ना कुराहरू नागरिक समाजसँग प्रष्ट राख्न सक्नुपर्दछ । बालअधिकारका कति सवालहरू नेपाल सरकारले प्रतिवेदनमा उल्लेख गर्न नमिल्ने अवस्था हुन सक्दछ, यस्तो बेलामा नागरिक समाजसँग गहन छलफल गरी आवश्यक रणनीति बनाउन नेपाल सरकारले सुरू गर्नुपर्दछ । अबको समयमा बालअधिकार समिति माझ नेपाल सरकारले कुनै पनि कुराहरू लुकाउनु पर्ने अवस्था होइन । जुन काम हामीले गर्न सकेका छैनौं, त्यसलाई खुलस्त रूपमा गर्न नसक्नुको कारण सहित पेश गर्नुपर्दछ । यसले नेपाल सरकारलाई नै सहयोग पुऱ्याउँछ । साथै, अबका दिनहरूमा प्रतिवेदनहरूलाई नियमित र समयमै पठाउनका लागि सरकारले राष्ट्रिय योजना आयोग तथा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको प्रतिनिधिहरू रहने गरी एक समितिको गठन गर्नु अत्यावश्यक छ । उक्त समितिले संयुक्त राष्ट्र संघका सूचनाहरूका सम्बन्धमा नियमित जानकार रहने र नेपालको हकमा कहिले प्रतिवेदन बुझाउनु पर्ने रहेछ भन्ने कुरामा सचेत भई आवश्यक कामको थालनी गर्नुपर्ने सुझाव दिन चाहन्छु । यसमा

थम सुझावको रूपमा, सरकारले आफ्नो प्रतिवेदन तयार पार्दा कुनै पनि दातृ संस्थाहरूको आर्थिक सहयोग नलिइ आफ्नै श्रोत र साधन वाट प्रतिवेदन तयार गर्नु पर्दछ । यसबाट सरकारको साख वढ्छ र अनावश्यक अन्तर्राष्ट्रिय दातृ संस्थाहरूको प्रभाव नहुने हुन्छ ।

### ६. अन्त्यमा, बालअधिकारसम्बन्धी प्रतिवेदन बुझाउने कार्यलाई प्रभावकारी बनाउन नेपालको नागरिक समाजले कस्तो भूमिका खेल्नुपर्छ होला ? केही सुझावहरु छन् ।

नागरिक समाजले आफ्नो भूमिकाका साथै यस कामको लागि दायित्व पनि बहन गर्नुपर्ने हुन्छ । नेपाल सरकारले कस्तो प्रतिवेदन पठाउन लागेको छ भन्ने सम्बन्धमा सँधै चनाखो हुनुपर्छ । उक्त प्रतिवेदनलाई गहन रूपमा अध्ययन गर्नुका साथै बालअधिकारका छुटेका सवालहरूमा छलफल गर्नु नागरिक समाजको दायित्व हो । साथै, बालअधिकार हननका वास्तविक कुरा र तथ्यगत कुराहरू संलग्न गरी प्रतिवेदन तयार गर्न नागरिक समाजले नेपाल सरकारलाई सँधै पैरवी गर्नुपर्छ । अर्को महत्वपूर्ण विषय भनेको यस्ता प्रतिवेदनहरू तयार गर्दा नेपाल सरकार र नागरिक समाज दुवैले कुनै पनि दातृ निकायहरूसँगको आर्थिक सहयोग लिनु हुँदैन । यसले दातृ निकायहरूको प्रभाव प्रतिवेदनहरूमा बढ्ने हुँदा हाम्रा मौलिक कुराहरू छुट्ने संभावना धेरै हुन्छ । यदि स्रोत कै अभाव हुने अवस्था भयो भने नागरिक समाजका सबै सञ्जाल र संस्थाहरू मिली एक कोष स्थापना गरी यस्ता कामहरू गर्नुपर्ने सुझाव दिन चाहन्छु । नेपालमा दातृ संस्थाहरू साझेदारको रूपमा रहेनन् । वल्कि दाता र पाताको भावनावाट सामाजिक कार्यहरू अभिप्रेरित छन् । दातृ संस्थाहरू नेपालको ऐन कानुन मिचेर कार्य गर्न थालेका छन् र नागरिक समाजलाई मुठ्ठीमा कस्न लागि परेका छन् । दातृ संस्थाहरूमा कार्यरत नेपाली कर्मचारीहरूले यी कुराहरू बुझुन् भन्ने चाहन्छु । धन्यवाद ।

*(लेखक कन्सोर्टियम-नेपालको संस्थापक अध्यक्ष र कन्सर्न-नेपालको अध्यक्ष हुनुहुन्छ ।)*

❑❑❑

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 78



# बालअधिकार समितिको समापन टिप्पणी र पक्षराष्ट्रको दायित्व



शिव बहादुर थापा

## विषय प्रवेश

संयुक्त राष्ट्रसंघबाट पारित भएका महासन्धिको अनुमोदन गरेका राष्ट्रहरूले महासन्धिको कार्यान्वयनको अवस्था बारे नियमित रूपमा प्रतिवेदन पेश गर्नुपर्ने दायित्व (Reporting Obligation) हुन्छ । हाल १० वटा मानवअधिकारसम्बन्धी महासन्धिहरू (एक इच्छाधिन आलेख समेत)[47] मा यी महासन्धिहरूको कार्यान्वयनको स्थिति बारे सन्धि अनुगमन निकाय (Treaty Monitoring Bodies) मा पक्ष राष्ट्रहरूले पेश गरेका प्रतिवेदनका आधारमा समीक्षा गरिन्छ । प्राप्त प्रतिवेदन माथि विभिन्न सरोकारवालाहरू र पक्षराष्ट्रको प्रतिनिधिमण्डलसँग छलफल पश्चात् समितिले महासन्धिको कार्यान्वयन गर्दा अपनाएका सकारात्मक कदमहरूको उल्लेख गर्दै अझ प्रभावकारी रूपमा कार्यान्वयन गर्न अपनाउनु पर्ने उपाय बारे सिफारिसहरू सहितको समापन टिप्पणी (Concluding Observations) तयार पार्दछ । समितिले तयार पारेको यस्तो समापन टिप्पणी महासन्धिको कार्यान्वयनको क्रममा विशिष्ट (Specific) र आवश्यक भएकाले पक्षराष्ट्रहरूले यसको पालना गर्नुपर्छ । यी समापन टिप्पणीमा प्रदान गरेका सिफारिसहरूको कार्यान्वयनको स्थितिका सम्बन्धमा सामान्यतया पक्षराष्ट्रको आगामी आवधिक प्रतिवेदनमा जानकारी दिनुपर्ने हुन्छ ।

प्रस्तुत लेखमा बालअधिकारसम्बन्धी महासन्धि र यसका इच्छाधीन आलेखहरूको सम्बन्धमा बालअधिकार समितिबाट तयार पार्ने समापन टिप्पणीमा केन्द्रित भई पक्षराष्ट्रको दायित्वको सम्बन्धमा छलफल गरिएको छ ।

---

47 यससम्बन्धी थप जानकारी चन्द्रिका खतिवडा, बालअधिकारसम्बन्धी नेपालको राष्ट्रिय प्रतिवेदनहरू र संयुक्त राष्ट्रसंघिय बालअधिकार समितिको सिफारिसहरू, नेपालमा बालअधिकार (सम्पादनः ज्योतिलाल वन र रमेशकुमार पौडेल), २०७२, समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस), काठमाडौं, पाद् टिप्पणी २, पृ. २४९ हेर्नुहोस् ।

## समापन टिप्पणी

कुनै महासन्धिको कार्यान्वयनका सन्दर्भमा पक्ष राष्ट्रले आवधिक प्रतिवेदन सन्धि अनुगमन निकाय (यसपछि "समिति" भनिएको) समक्ष प्राप्त भएपछि यस बारे सुनुवाई हुन्छ । राष्ट्रिय प्रतिवेदनको अलावा महासन्धिको कार्यान्वयनको सन्दर्भमा राष्ट्रिय गैर सकारी क्षेत्र (संस्थागत वा समूहगत वा व्यक्तिगत) बाट पूरक प्रतिवेदन (Supplementary/Complementary Report) वा सूचनाहरू समेत समितिले ग्रहण गर्दछ । त्यसरी नै समितिले संयुक्त राष्ट्रसंघका विशिष्टिकृत निकायहरू (जस्तै युनिसेफ) बाट पनि बालअधिकार कार्यान्वयनको अवस्था झल्कने प्रतिवेदन प्राप्त गर्दछ । समितिले पक्षराष्ट्रका प्रतिनिधिहरूसँग सुनुवाई गर्नु पूर्व समितिले पूर्व सत्र कार्यसमूह (Pre-Sessional Working Group) मा छलफल हुन्छ । कार्यसमूहका बैठकमा पक्षराष्ट्रको प्रतिवेदन, पूरक प्रतिवेदन र संयुक्त राष्ट्रसंघका विशिष्टिकृत निकायहरू[48]को प्रतिवेदनको आधारमा त्यसरी पूरक प्रतिवेदन बुझाउने संस्था तथा संयुक्त राष्ट्रसंघका विशिष्टिकृत निकायका प्रतिनिधिहरूलाई आमन्त्रण गरी छलफल गरिन्छ । पूर्व-सत्र कार्यसमूहको छलफल पछि समितिले पक्षराष्ट्रका प्रतिनिधिहरूसँग छलफल गर्नुपर्ने प्रश्न वा विषयहरू (List of Issues) तयार पारेको हुन्छ जुन सम्बन्धित पक्ष राष्ट्रसमक्ष प्रतिवेदनको सुनुवाई हुनुपूर्व नै पठाइन्छ ।

समितिले पक्ष राष्ट्रको प्रतिवेदनको सुनुवाईको लागि तोकिएको मितिमा एक प्रतिनिधि मण्डल पठाउन अनुरोध गरिएको हुन्छ । यस प्रतिनिधि मण्डलले महासन्धिका अन्य पक्षराष्ट्रहरूको जिज्ञासालाई सम्वोधन गर्न र सन्धि कार्यान्वयनको लागि गरिएका प्रयासहरू बारे थप जानकारी दिन सक्छन् । तर प्रायःजसो समितिले यस्तो खालको प्रश्नहरू माथि पक्षराष्ट्रको प्रतिक्रिया (Response) लिखित रूपमा नै छलफल हुनु पूर्व नै उपलब्ध गराउन अनुरोध गर्दछन् । यस्तो प्रतिक्रियाले प्रतिवेदनलाई अद्यावधिक गर्न वा परिपूरक गर्ने विषयको रूपमा समितिले ग्रहण गर्दछ । साथै, यसले पक्षराष्ट्रका प्रतिनिधिहरूलाई समितिसँगको छलफलको क्रममा दिनुपर्ने जवाफ/ प्रतिक्रियाको लागि तयारी गर्न सहयोग गर्दछ । प्रतिवेदन सुनुवाई

48 बालअधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा ४५ अनुसार महासन्धिको सन्दर्भमा बिशिष्टिकृत निकायको रूपमा संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) र संयुक्त राष्ट्रसंघका अन्य अंगहरू समेत प्रतिनिधित्व गर्न पाउने अधिकार हुने व्यवस्था छ ।

सत्रमा समितिलाई पक्षराष्ट्रहरूसँग विशिष्टिकृत (खास) विषय वस्तुमा छलफल गर्ने समय प्रदान गर्दछ । समितिले तयार पारेको पक्षराष्ट्रसँग छलफल गर्नुपर्ने प्रश्न वा विषयहरू आधिकारिक दस्तावेजको रूपमा सम्बन्धित समितिका वेभसाइट/डाटाबेसमा सार्वजनिक रूपमा प्रकाशित गरिन्छन् भने पक्षराष्ट्रको लिखित प्रतिक्रियाहरू भने प्रकाशित गरिंदैन ।

यसरी पक्ष राष्ट्रको प्रतिवेदन उपर सुनुवाई भई सकेपछि उक्त राष्ट्रिय प्रतिवेदनलाई समितिले ग्रहण गर्दछ । समितिले उक्त प्रतिवेदनलाई आर्थिक तथा सामाजिक परिषद् मार्फत संयुक्त राष्ट्रसंघको महासभामा पेश गर्दछ । समितिले अवलम्बन गरेको प्रक्रिया अनुरूप पक्ष राष्ट्रबाट प्राप्त राष्ट्रिय प्रतिवेदन माथिको सुनुवाई पछि सम्बन्धित पक्षराष्ट्रलाई समितिको अन्तिम निष्कर्ष र सुझावहरू पठाउँछ, जसलाई समापन टिप्पणी (Concluding Observations) भनिन्छ ।[49]समापन टिप्पणीमा सामान्यतया पक्षराष्ट्रको प्रतिवेदन उपर समितिको टिप्पणी (Observations) र सिफारिसहरू (Recommendations) प्रस्तुत गरिन्छ । समितिले समापन टिप्पणीलाई ठोस (Concrete), केन्द्रित (Focused) र कार्यान्वयन योग्य (Implementable) खालको बनाउने तर्फ ध्यान केन्द्रित गरेको हुन्छ ताकि यस खालको समापन टिप्पणी पश्चात् यसको अनुगमन (फलो अप) गर्न सकिने खालको हुनेछ ।[50] त्यसैले, सामान्य टिप्पणीहरूले महासन्धिको प्रभावकारी कार्यान्वयनका शिलशिलामा कार्यक्रमगत र कानूनी/नीतिगत मार्गनिर्देश प्रदान गर्दछ ।

महासन्धिको कार्यान्वयनको सन्दर्भमा महासन्धिका व्यवस्थाहरूको थप व्याख्या र विश्लेषण गर्न समितिले आवश्यक ठानेमा सामान्य टिप्पणी (General Comments)[51] समेत तयार गर्दछ, जुन सामान्यतया महासन्धिको

49. **चन्द्रिका खतिवडा, बालअधिकारसम्बन्धी नेपालको राष्ट्रिय प्रतिवेदनहरू र संयुक्त राष्ट्रसंघिय बालअधिकार समितिको सिफारिसहरू, नेपालमा बालअधिकार (सम्पादनः ज्योतिलाल वन र रमेशकुमार पौडेल), २०७२, समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस), काठमाडौं, पृ. २५०** ।

50. www.ohchr.org/english/bodies/treaty/glossary.htm **को** Concluding Observation **हेर्नुहोस्** ।

51. **महिलाविरूद्धका सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १६७६ र सबै किसिमका जातिय भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि, १६६५ का सन्दर्भमा सामान्य सिफारिसहरू** (General Recommendation) **भनिन्छ । पछिल्लो पटक सन् २०१४ नोभेम्बर १४ मा बालअधिकार समिति १८ औं सामान्य टिप्पणी र महिलाविरूद्धको भेदभाव उन्मूलनसम्बन्धी समितिले ३१ औं सामान्य टिप्पणी भनी संयुक्त दस्तावेजको रूपमा महिला तथा बालिकामाथि हुने हानीकारक अभ्याससम्बन्धी सामान्य टिप्पणी पारित गरेको थियो** ।

कुनै निश्चित प्रावधानको सन्दर्भमा हुने गर्दछ । यस्ता सामान्य टिप्पणीहरू पक्षराष्ट्रको हकमा सम्बन्धित महासन्धिको कार्यान्वयनका लागि कानुनी हैसियत प्राप्त गर्दछ वा कानुनी दायित्व सृजना गर्दछ । यसले पक्ष राष्ट्रलाई महासन्धिको प्रावधानलाई कार्यान्वयन गर्न मार्गनिर्देशनको रूपमा उपयोगी हुन्छ भने गैर सकारी संस्था लगायत अन्तर्राष्ट्रिय संघसंस्थालाई त्यस क्षेत्रमा आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउन सहयोगी हुन सक्दछ ।

## बालअधिकारसम्बन्धी महासन्धि र यसका इच्छाधिन आलेखहरूका समापन टिप्पणी र नेपाल

बालअधिकारसम्बन्धी महासन्धिको कार्यान्वयनका सन्दर्भमा पक्षराष्ट्रले हासिल गरेका प्रगतिको समीक्षा गर्न बालअधिकारको क्षेत्रमा विशेष दक्षता रहेका १८ जनाको बालअधिकार समिति रहेको हुन्छ ।[52] समितिले महासन्धिको कार्यान्वयनको स्थिति बारे नियमित रूपमा सूचनाजानकारी संकलन एवम् विश्लेषण गर्दछ । यो महासन्धिको अनुमोदन गरेका राष्ट्रहरूले आवधिक रूपमा संयुक्त राष्ट्रसंघको महासचिव मार्फत् बालअधिकार समिति समक्ष प्रतिवेदन पेश गर्नुपर्दछ ।[53] पक्षराष्ट्रले महासन्धिमा व्यवस्था भएका अधिकारको कार्यान्वयन गर्न अवलम्बन गरेका उपायहरू, ती अधिकारको उपभोगमा हासिल गरिएको प्रगतिका साथै दायित्व परिपूर्तिमा प्रभाव पार्ने कुनै पनि कारक र कठिनाई भएमा सो समेत आफ्नो राष्ट्रिय प्रतिवेदनमा उल्लेख गर्नुपर्दछ ।

नेपालले बालअधिकारसम्बन्धी महासन्धि, १९८९ लाई सन् १९९० मा अनुमोदन गरे पश्चात् प्रारम्भिक प्रतिवेदन र पहिलो तथा दोस्रो (संयुक्त) प्रतिवेदनका सम्बन्धमा बालअधिकार समितिले छुट्टाछुट्टै समापन टिप्पणी तयार गरेको थियो । यी समापन टिप्पणीहरूलाई वि.सं. २०६३ सालमा सेभ द चिल्ड्रेन नर्वे र केन्द्रीय बालकल्याण समितिले नेपाली अनुवाद गरी "संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा नेपालद्वारा प्रस्तुत गरिएको प्रारम्भिक र दोश्रो प्रतिवेदनमा समापन टिप्पणी" प्रकाशन गरेको थियो । यी समापन

52.**बालअधिकारसम्बन्धी महासन्धि, १९८९, धारा ४३**

53.**बालअधिकारसम्बन्धी महासन्धि, १९८९, धारा ४४**

टिप्पणीहरूमा बालबालिकासम्बन्धी तथ्यांक, शिक्षा, स्वास्थ्य, बालसहभागिता तथा नागरिक अधिकार र स्वतन्त्रता, पारिवारिक कल्याण र वैकल्पिक हेरचाह (धर्मपुत्र वा धर्मपुत्रीका रूपमा रहेका तथा संरक्षक विहिन अवस्थामा सडकमा आश्रित रहेका बालबालिका समेत), भेदभाव, बालदूर्व्यवहार र बालयौन शोषण, बालबालिकाको बेचबिखन तथा अपहरण, बालश्रम शोषण, सशस्त्र द्वन्द्व र त्यसमा बालबालिकाको प्रयोग, बालविवाह, अपांगता भएका बालबालिकासँग सम्बन्धित सवाल र एचआइभी र एड्स प्रभावित बालबालिकासँग सम्बन्धित सवालहरूलाई समेटिएको थियो ।[54]

## समापन टिप्पणीको सम्बन्धमा पक्षराष्ट्रको दायित्व

अधिकारमा आधारित अवधारणा अनुसार आफूले अनुमोदन गरेको कुनै पनि महासन्धिमा व्यवस्था भएका अधिकारको "सम्मान गर्ने (Respect), संरक्षण गर्ने (Protect) र परिपूर्ति गर्ने (Fulfill)"[55] दायित्व पक्षराष्ट्रको हुन्छ । समापन टिप्पणीको सन्दर्भमा समितिले महासन्धिको कार्यान्वयनको सन्दर्भमा उठाइएका सवालहरू (Issues) लाई पनि राज्यले सम्मान वा परिपालना गर्ने, कुनै खास समूहको अधिकारको सन्दर्भमा ध्यान पुर्‍याउन नसकिरहेको अवस्था देखिएमा सुझाइएका उपायहरूलाई कार्यान्वयन गरी अधिकारको परिपूर्ति गर्ने दिशामा राज्य केन्द्रित हुनुपर्दछ । समापन टिप्पणी बिशिष्ट/खास र आवश्यक भएकाले पक्षराष्ट्रहरूले यसको पालना गर्नु जरूरी हुन्छ । समापन टिप्पणीको कार्यान्वयनका लागि पक्षराष्ट्रको दायित्वको सन्दर्भमा यसप्रकार छलफल गर्न सकिन्छ :

---

54. यससम्बन्धी विस्तृत जानकारीका लागि संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा नेपालद्वारा प्रस्तुत गरिएको प्रारम्भिक र दोश्रो प्रतिवेदनमा समापन टिप्पणी (नेपाली अनुवाद), (२०६३), सेभ द चिल्ड्रेन नर्वे र केन्द्रीय बालकल्याण समिति, ललितपुर र चन्द्रिका खतिवडा, बालअधिकारसम्बन्धी नेपालको राष्ट्रिय प्रतिवेदनहरू र संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिको सिफारिसहरू, नेपालमा बालअधिकार (सम्पादनः ज्योतिलाल वन र रमेशकुमार पौडेल), २०७२, समाजसेवा तथा मानवअधिकारमा महिला र बालबालिका (सिविस), काठमाडौं, पृ. २५२-२६७ हेर्नुहोस् ।

55. 'अधिकारको सम्मान' भन्नाले राज्यले अवलम्बन गरेका कानून, नीति, कार्यक्रम तथा अभ्यासहरूले कोहीकसैको अधिकार हनन् गर्नु हुदैन । यसैगरी 'अधिकारको संरक्षण' भन्नाले कोहीकसैबाट कुनै व्यक्तिको अधिकार हनन् हुनबाट राज्यले रोकथाम गर्नुपर्दछ र अधिकार हनन् भएको खण्डमा सुलभ, सहज पहुँच र छिटोछरितो न्याय प्रदान गरिनुपर्दछ । र, 'अधिकारको परिपूर्ति' भनेको सबै व्यक्तिले आफ्नो अधिकारको पूरा भएको अनूभूति हुनेगरी राज्यले सकारात्मक कार्यहरू सञ्चालन गर्नुपर्दछ । (जोआकिम थेइस, (२००४), अधिकारमा आधारित अवधारणाको प्रवर्द्धन, सेभ द चिल्ड्रेन स्वीडेन, पृ. ३) ।

- **प्राथमिकता दिनुपर्ने दायित्वः**

समितिबाट तयार पारिएको समापन टिप्पणीको सिफारिसहरू महासन्धिको कार्यान्वयनका लागि मार्गदर्शक हुन्छ । यी सिफारिसहरू कार्यक्रम कार्यान्वयनको दृष्टिकोणले केन्द्रित (Focused) र विशिष्ट (Specific) हुनाले यसलाई पक्षराष्ट्रले गम्भिरतापूर्वक आफ्नो कार्यहरूमा प्राथमिकता दिनुपर्ने हुन्छ । यस्तो सिफारिसहरू बिशेषगरी पक्षराष्ट्रले कानुनी पूर्वाधार निर्माण वा कानूनको पूनरावलोकन, कार्यक्रमको प्राथमिकीकरण र प्रशासनिक कार्य वा अभ्यासको सुधारको सन्दर्भमा केन्द्रित हुन्छ । यसर्थ प्रतिवेदन तयारीको क्रममा बालबालिका लगायत विभिन्न सरोकारवाला निकाय तथा प्रतिनिधिहरूसँग छलफल गरे जस्तै समापन टिप्पणीका सिफारिसहरू बारे जानकारी दिई छलफल गर्नु आवश्यक हुन्छ । बालअधिकार समितिले नेपालको पहिलो र दोस्रो (संयुक्त) आवधिक प्रतिवेदनको समापन टिप्पणीमा "पक्षराष्ट्रलाई मन्त्रिपरिषद्का सदस्यहरू, सांसदहरू, स्थानीय र क्षेत्रीय प्रशासकहरू सबैलाई यी सिफारिसहरूको जानकारी गराएर यीनको कार्यान्वयन सुनिश्चित गर्नका लागि आवश्यक सबै उपायहरू अपनाउन"[56] सिफारिस गरेको थियो ।

- **कार्ययोजना निर्माणको दायित्वः**

समापन टिप्पणीमा सिफारिसहरूको प्रभावकारी कार्यान्वयन र नियमित अनुगमनका लागि पक्षराष्ट्रको जिम्मेवार निकायको नेतृत्वमा कार्ययोजना तयार गर्नुपर्दछ । यस्तो कार्ययोजना त्यससम्बन्धमा कुनै राष्ट्रिय योजना विद्यमान भएको भए त्यस कार्ययोजनासँग तादम्यता कायम हुनेगरी तयार गर्न सकिन्छ अथवा आगामी आवधिक प्रतिवेदनको समय[57]सम्मका लागि छुट्टै कार्ययोजना[58] तयार गर्न पनि सकिन्छ । ती सिफारिसहरूको कार्यान्वयन

---

56. संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा नेपालद्वारा प्रस्तुत गरिएको प्रारम्भिक र दोश्रो प्रतिवेदनमा समापन टिप्पणी (नेपाली अनुवाद), (२०६३), सेभ द चिल्ड्रेन नर्वे र केन्द्रीय बालकल्याण समिति, ललितपूर, अनुच्छेद १०३ र १०४ ।

57. बालअधिकारसम्बन्धी महासन्धिको आवधिक प्रतिवेदन पाँच-पाँच वर्षमा पेश गरिने भए पनि यसको प्रतिवेदन र समितिको सिफारिसको समय बाहेक करिब चार वर्ष जति समयको लागि कार्ययोजना तयार गर्न सकिन्छ ।

58. नेपालको सन्दर्भमा मानवअधिकारसम्बन्धी विश्वव्यापी आवधिक समीक्षाबाट प्राप्त सुझावहरूको कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट कार्यजना तयार गरेको पाइन्छ ।

कुनै निकाय वा संस्थाले मात्र सम्पन्न गर्न नसक्ने हुनाले समन्वय र सहकार्य हुनुपर्दछ । सरकारी तहमा तर्जुमा हुने यस्ता कार्ययोजना अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संघसंस्थालाई परिचालन र तिनीहरूका कार्यक्रमलाई एकीकृत गर्न सहज ह'नेगरी तयार गरिनुपर्दछ । यस्तै कार्ययोजनामा ती संघसंस्थाहरूबाट प्राप्त हुनसक्ने सहयोगको क्षेत्र, आर्थिक वा प्राविधिक, के कस्तो हो सोको निर्क्यौल वा निर्धारण गर्न समेत सकिन्छ । कार्ययोजनामा प्रष्ट रूपमा गैर सरकारी क्षेत्र समेतलाई उत्तरदायित्व सहितको जिम्मेवारी तोकिनुपर्दछ । विभिन्न संघसंस्थाबीच बिषयगत रूपमा र भौगोलिक रूपमा कार्यविभाजन गर्न सकिन्छ । बालअधिकार समितिबाट प्राप्त समापन टिप्पणीको सन्दर्भमा महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नुपर्दछ ।

- **बजेटको व्यवस्थापनको दायित्वः**

समापन टिप्पणीको सन्दर्भमा तयार पारिएको कार्ययोजना कार्यान्वयनको लागि आवश्यक रकम वा बजेटको सुनिश्चितता हुनुपर्दछ । आवश्यक र उपयुक्त बजेट व्यवस्थापन मार्फत् लक्षित उद्देश्य हासिल गर्न सकिन्छ । यस सन्दर्भमा सरकारले तयार गरेको वार्षिक बजेटमा नै रकम विनियोजन गर्नका लागि राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयसँग समन्वय गर्नुपर्ने हुन्छ । यसैगरी स्थानीय तहमा परिचालन हुने लक्षित समूहसम्बन्धी बजेटलाई पनि कार्यक्रममा कार्यान्वयनका सन्दर्भमा सदुपयोग गर्न सकिन्छ । यसैगरी राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट परिचालित हुने बजेटलाई पनि साझा उद्देश्य र लक्षित परिणाम हासिल गर्नका लागि प्रयोग गर्न समन्वय र सहकार्य हुनु जरूरी हुन्छ ।

- **प्रचार प्रसारको दायित्वः**

समापन टिप्पणीका सिफारिसहरूलाई कर्तव्य निर्वाहकको रूपमा रहेका सार्वजनिक पदाधिकारीहरू र यस क्षेत्रमा कार्यरत सबै सरोकारवालाहरू एवम् बालबालिकालाई समेत पक्षराष्ट्रले जानकारी प्रदान गर्नु, गराउनुपर्दछ । यस्तो जानकारी गोष्ठी वा कार्यक्रमबाट मात्र नभई राज्यको चौथो अंगको रूपमा रहेको सञ्चार माध्यमको समेत उपयोग गर्न सकिन्छ । आवधिक प्रतिवेदनको सन्दर्भमा समितिबाट प्राप्त समापन टिप्पणीलाई नेपाली भाषामा

तयार पारी प्रकाशन/प्रसारण गर्नुपर्दछ । र, यस्तो दस्तावेज सम्भव भए बालबालिकाको लागि बालमैत्री संस्करण र स्थानीय मातृ भाषामा समेत प्रकाशन र/प्रशारण गर्न सकिन्छ । बालअधिकार समितिले नेपालको पहिलो र दोस्रो (संयुक्त) आवधिक प्रतिवेदनको समापन टिप्पणीमा "महासन्धि, यसको कार्यान्वयन र अनुगमनका सम्बन्धमा छलफल उत्प्रेरित गर्नका लागि समिति पक्षराष्ट्रलाई आफूले समितिमा प्रस्तुत गरेको (पहिलो र दोस्रो (संयुक्त) आवधिक प्रतिवेदन र लिखित जवाफहरू तथा समितिले गरेका समापन टिप्पणी लगायतका सिफारिसहरू नागरिक समाजका संघसंस्थाहरू, युवा समूहहरू, विज्ञहरू, बालबालिका सबैको पहुँच हुनेगरी इन्टरनेट लगायतका माध्यमबाट उपलब्ध गराउन"[59] सिफारिस गरेको थियो ।

- **नियमित समीक्षा र अनुगमनको दायित्वः**

समापन टिप्पणीका सिफारिसहरूको कार्यान्वयनका सन्दर्भमा संस्थागत रूपमा र सरोकारवालाहरूसँग छुट्टाछुट्टै समीक्षा गर्न सकिन्छ । संस्थागत रूपमा संस्थाहरूको परिचालन, वार्षिक लक्ष्य निर्धारण, कार्यक्रम कार्यान्वयनमा देखिएका चुनौतीहरू र भावी रणनीतिका सन्दर्भमा छलफल गर्न सकिन्छ । यसैगरी बालबालिका समेत सरोकारवालाहरूसँग केन्द्रीय, जिल्ला र स्थानीयतहमा नियमित रूपमा (कम्तिमा वार्षिक रूपमा) समीक्षा गर्नुपर्दछ । नेपालको सन्दर्भमा जिल्ला तहमा जिल्ला बालकल्याण समिति र महिला तथा बालबालिका कार्यालय एवम् राष्ट्रियतहमा महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयको अलावा राष्ट्रिय मानवअधिकार आयोग एवम् केन्द्रीय बालकल्याण समितिसमेतबाट त्यस्तो अनुगमन तथा समीक्षा गर्न, गराउन सकिन्छ ।

- **सूचना संकलन र प्रतिवेदनको दायित्वः**

समापन टिप्पणीका सिफारिसहरूको कार्यान्वयनका दौरानमा प्राप्त प्रगतिको मापन र उपलब्ध तथ्यांकहरूको प्रणालीगत (Systematic) रूपमा व्यवस्थापन गर्नुपर्दछ । यी सूचना, तथ्यांकहरू आगामी प्रतिवेदनको तयारीमा

59. संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा नेपालद्वारा प्रस्तुत गरिएको प्रारम्भिक र दोश्रो प्रतिवेदनमा समापन टिप्पणी (नेपाली अनुवाद), (२०६३), सेभ द चिल्ड्रेन नर्वे र केन्द्रीय बालकल्याण समिति, ललितपूर, अनुच्छेद १०३ र १०४ ।

सहयोगी हुनसक्दछ । साथै, यी समापन टिप्पणीमा प्रदान गरेका सिफारिसहरूको कार्यान्वनको स्थितिका सम्बन्धमा पक्षराष्ट्रको आगामी आवधिक प्रतिवेदनमा जानकारी दिनुपर्दछ । र, कहिलेकाहीं समितिले आवश्यक ठानेका बिषयमा आवधिक प्रतिवेदन अगाडि नै जानकारी पेश गरिनुपर्ने हुन्छ ।[60] यस्तो समापन टिप्पणी ठोस, केन्द्रित र कार्यान्वयन योग्य हुनाले समितिले यसको नियमित रूपमा अनुगमन (फलो अप) गर्दछ । महासन्धिको व्यवस्थाको कार्यान्वयनको सम्बन्धमा सिफारिहरूको अलावा समापन टिप्पणीको अन्तिमतिर समापन टिप्पणीको कार्यान्वयनको सन्दर्भमा पक्षराष्ट्रको खास दायित्व समेत उल्लेख गर्दछ ।

**अन्त्यमा**

पक्षराष्ट्रको रूपमा नेपालले बालअधिकार महासन्धि र यसका इच्छाधिन आलेखमा व्यवस्था भएका दायित्व निर्वाहको क्रममा बालअधिकार समिति समक्ष नियमित रूपमा पेश गरिएको प्रतिवेदनको सुनुवाई पश्चात् समितिबाट जारी भएको समापन टिप्पणीले महासन्धिको कार्यान्वयनको स्थितिको सम्बन्धमा खास महत्व राख्दछ । यसर्थ महासन्धिको कार्यान्वयनको दायित्व जसरी नै समापन टिप्पणीले औंल्याइएका क्षेत्रमा पक्षराष्ट्रको रूपमा नेपालले अझ ठोस कार्यक्रम (Intervention) मार्फत् यसको कार्यान्वयन आवश्यक हुन्छ । समितिबाट प्राप्त समापन टिप्पणीलाई सरकारी कामकाजको भाषा र सम्भव भए बालमैत्री संस्करणमा समेत तयार पारी व्यापक प्रचारप्रसार एवम् छलफल गर्नुपर्दछ । यसले गर्दा बालअधिकार महासन्धिमा भएका व्यवस्थाहरूको कार्यान्वयनको लागि सार्वजनिक पदाधिकारी मात्र होइन, बालअधिकारको क्षेत्रमा कार्यरत अन्य गैर सरकारी संघसंस्थालाई पनि जिम्मेवार बनाउन सकिन्छ ।

*(लेखक कानुन, न्याय तथा संसदिय मामीला मन्त्रालयमा शाखा अधिकृतको रूपमा कार्यरत हुनुहुन्छ ।)*

❑❑❑

60. महिला विरूद्धका सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धि, १९७९ सम्बन्धी नेपालको चौथो र पाचौं आवधिक (संयुक्त) प्रतिवेदन उपरको समापन टिप्पणीको अनुच्छेद २६ (महिलाको राष्ट्रियता) र अनुच्छेद ३६ (द्वन्द्वबाट प्रभावित महिला) को कार्यान्वयन स्थिति बारे जानकारी दिन भनिएको थियो ।

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 87



# संयुक्त राष्ट्रसंघीय पद्धतिमा नेपाल र बालअधिकार



**कपिल अर्याल**

संयुक्त राष्ट्रसंघको बालअधिकारसम्बन्धी महासन्धी- १९८९ लाई नेपालले सन् १९९० मा अनुमोदन गरेको कुरा हामी धेरैलाई थाहा छ । यो महासन्धिको ऐच्छिक आलेखहरू (क) बालबालिकाको बेचविखन ,देहव्यापार र अश्लिल चित्रण विरूद्धको ऐच्छिक आलेख र (ख) बालबालिकालाई सशस्त्र द्वन्द्वमा प्रयोग विरूद्धको ऐच्छिक आलेखलाई क्रमशः सन् २००६ र २००७ मा नेपालले अनुमोदन गरेको हो । राष्ट्रले यस्ता अन्तर्राष्ट्रिय महासन्धीलई अनुमोदन गरी पक्ष राष्ट्रका रूपमा त्यसका दायित्वहरू पूरा गरेको वा नगरेको आधारमा राष्ट्रको अन्तराष्ट्रिय छवि निर्माण र विकाश हुन्छ । यसकै आधारमा अन्तर्राष्ट्रिय सम्वन्ध पनि निर्धारित हुँदै जान्छ ।

अन्तर्राष्ट्रिय सन्धिलाई अनुमोदन गरेपछि सिर्जना हुने धेरै दायित्वहरू मध्ये एउटा दायित्व उक्त अनुमोदित सन्धिको के कति पालना भयो र सन्धिका प्रावधानको पूर्ण पालना गर्न के कस्ता पहल भईराखेका छन् तथा के कस्ता चुनौती रहेका छन् त्यसको यर्थाथ विवरण संयुक्त राष्ट्र संघ मार्फत अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउने पनि हो ।

बालअधिकार महासन्धिलाई अनुमोदन गरेपछि पक्ष राष्ट्रले अनुमोदन गरेको २ वर्ष भित्र संन्धिका प्रावधान अनुसार प्रारम्भिक प्रतिवेदन संयुक्त राष्ट्रसंघको बाल अधिकार समितिमा पठाउनुपर्छ । त्यसपछि प्रत्येक ५-५ वर्षमा उक्त महासन्धिका प्रावधान अनुसार पक्ष राष्ट्रमा अधिकारको उपभोगको अवस्था के कस्तो रहेको छ सो को आवधिक प्रतिवेदन पठाउनु पर्दछ ।

बालअधिकार महासन्धिको ऐच्छिक आलेखहरूको सन्दर्भमा भने अनुगमन गरेको २ वर्ष भित्र उक्त आलेखको मात्रै छुट्टै प्रारम्भिक प्रतिवेदन पठाएपछि फेरि छुट्टै आवधिक प्रतिवेदन पठाउनु पर्दैन । बालअधिकार महासन्धिको

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 88



आवधिक प्रतिवेदन पठाउँदै अनुमोदित ऐच्छिक आलेखका विषय वस्तु पनि उक्त आलेख प्रतिवेदनमै समेटी पढाउन सक्ने प्रवधान छ ।

कुनै अन्तराष्ट्रिय महासन्धिलाई अनुमोदन गर्नु र प्रगति प्रतिवेदन सारंसमा पठाउनु भनेको धनी र शक्तिशाली देशको दासता स्वीकार्नु होइन । यो पश्चिमाले विकाश गरेको र हाम्रो परिपेक्षमा लागू हुँदैन भन्नु पनि गलत हो ।

कतिपयले नागरिक समाज तथा गैर सरकारी संस्थालाई आफ्नो देशको सूचना विदेशलाई बेच्ने, आफ्नो देशको कमजोरी अन्तराष्ट्रिय समुदाय समक्ष उदाङ्गो पार्ने जस्ता आरोपहरू पनि लगाउने गरेका छन् । तर संयुक्त राष्ट्र संघको सन्धि अन्तर्गतका समितिहरू र ती समितिका प्रतिवेदनसम्बन्धी सम्यन्त्र नै यसरी निर्माण गरिएको छ कि नागरिक समाज तथा गैससको प्रतिवेदन बिना यो सम्यन्त्रले राम्ररी काम गर्न सक्दैन ।

सन्धि अन्तर्गतका समितिहरूको अनुभवमा पक्ष राष्ट्रले समितिमा प्रतिवेदन बुझाउँदा बढि मात्रामा संवैधानिक, कानुनी र नीतिगत व्यवस्थाका मात्र सूचना दिने तर ती सन्धिको व्यवहारिक कार्यन्वयनको अवस्था के कस्तो रहेको छ, हक अधिकारको उपभोगको अवस्था कस्तो रहेको छ, सन्धि अन्तर्गतका दायित्व पूरा गर्न के कस्तो समस्या र चुनौती रहेका छन् जस्ता कुराहरूलाई प्रष्ट नखुलाउने गरेको पाएको छ ।

पक्ष राष्ट्रले बालअधिकार समितिमा बालअधिकार महासन्धी अनुसारको आफ्नो देशमा बालअधिकारको स्थिति प्रतिवेदन बझाएको ६ महिना देखि २ वर्ष भित्र नागरिक समाजले बाल अधिकारको समितिमा आफनो प्रतिवेदन बझाउनु पर्छ । त्यसको तीन महिना जतिको समयमा समूह बैठक गरिन्छ । यो नागरिक समाज र बालअधिकार समितिका सदस्यहरूसँगको अन्तक्रियात्मक वार्ता हो । त्यस्तो वार्ता भएको १,२ हप्तामा बालअधिकार समितिले सम्बन्धित पक्ष राष्ट्रलाई सरोकारका प्रश्नहरू पठाउँछ । त्यसको १ देखि डेढ महिनामा सरकारले समितिमा लिखित उत्तर पठाउनु पर्छ । यसरी जवाफ पठाएको १,२ महिनामा सरकारका प्रतिनिधिहरू र समिति सदस्यहरूको दोहोरो छलफल र अन्तक्रिया हुन्छ । त्यसपछि समितिले पक्ष राष्ट्रले चालेको सकरात्मक पहलहरू, सकरात्मक उपलब्धीहरूको साथै बालअधिकारको सम्मान र संरक्षणका लागि गर्नुपर्ने कार्यहरू र सुझाव

लेखेको दस्तावेज जारि गर्दछ । यो दस्ताबेजलाई समापन टिप्प्णी भनिन्छ ।

सन् २०११ र २०१४ मा सहभागी भएको pre-session अत्यन्तै सफल र उपयोगी रहेको मेरो अनुभव छ । pre-session मा आफ्नो प्रतिवेदनको प्रस्तुति गर्नको लागि १०/१२ मिनेट मात्रै हुन्छ । बाँकीको लगभग २:४५ मिनेट दोहोरो सम्वाद हुन्छ । यो विल्कुलै अनौपचारिक हुन्छ । यसमा power point प्रयोग गर्न पाइदैन । सामान्यता अंग्रेजी, फ्रेन्च वा स्पेनिस भाषा प्रयोग गरिन्छ । यो अर्न्तक्रियात्मक सम्वाद भएकोले समितिका सदस्यले सोधेको प्रश्न टिप्ने अनि समय लिएर उत्तर गर्ने क्रममा सहभागी भएका व्यक्ति त्यो सम्वादमा जानु महत्वपूर्ण हुन्छ ।

सन् २०११ र २०१४ मा नेपाललाई बालअधिकार समितिले जारी गरेको समापन टिप्पणीमा अधिकांश सुझावहरू नेपालका बालअधिकारवादी संस्थाले सुझाएका कुराहरू र नेपालको बालअधिकारकर्मीलाई प्रतिनिधित्व गरी सं.रा.स. बालअधिकार समितिमा गएर अर्न्तक्रियात्मक वार्ता गर्ने प्रतिनिधिले छलफलमा उठाएका कुरा नै परेका छन् । सरकारलाई सजग गराउन र घच्घच्याउन यस्ता छलफल महत्वपूर्ण रहेको मेरो अनुभव छ ।

*(लेखक काठमाडौं स्कूल अफ लमा मानवअधिकार तथा लैङ्गिक न्याय संकायको विभाग प्रमुख हुनुहुन्छ ।)*

❑❑❑

# अनुभवहरूको यो अंक र मेरो आफ्नै कुरा



कुमार भट्टराई

## मेरो आफ्नै कुरा

बालसहभागितामा कार्यरत संस्थाहरूको छाता संस्था कन्सोर्टियम्-नेपालको पाँचौं अध्यक्षका रूपमा २०१४-१५ का दुईवर्ष कन्सोटियम्को नेतृत्वदायी भूमिका निर्वाह गर्ने अवसर मिल्यो । बालअधिकार महासन्धिमा वैकल्पिक प्रतिवेदन बुझाउने अवधी पनि यहि नै रह्यो । बालबालिकाको नेतृत्वमा तयार पार्ने प्रतिवेदन निर्माणको काम कन्सोर्टियमलाई पऱ्यो । हामीले तदनुकुल विधि तयार पारेर बालबालिकाको नेतृत्वमा प्रतिवेदन तयार पाऱ्यौं र यथासमयमा राष्ट्रसंघीय बालअधिकार समितिमा बुझायौं पनि । प्रतिवेदन राष्ट्रसंघीय बालअधिकार समितिमा बुझाउने क्रममा दुईजना बालबालिका सहित कन्सोर्टियमलाई प्रि सेसनमा जेनेभा जाने अवसर पनि जुट्यो । हामी त्यसमा पनि सहभागी भयौं । नेतृत्वमा रहेको हिसाबले मैले बालबालिकासँग जाने अपूर्व मौका प्राप्त गरें । जेनेभा यात्रा ज्यादै महत्वपूर्ण र सफल रह्यो । हाम्रो प्रतिवेदन, प्रतिवेदन तयारीका लागि अपनाइएको प्रक्रिया र बालबालिकाको प्रस्तुतिलाई सिआरसि कमिटीका अध्यक्ष लगायत सदस्यहरूबाट मुक्त कण्ठले प्रशंसा पाउँदा हामीमा अपार उर्जा भरियो । सिआरसि कमिटीका अध्यक्ष क्रिस्टिनले त "चाइल्ड लेड रिपोर्टबाट नेपालका बारेमा धेरै कुरा प्रष्टिएको र बालबालिकाको नेतृत्वमा अपनाइएको विधि अरू देशका लागि पनि उदाहरणीय रहेको" भन्नु भएको थियो । बालबालिकासँग बसेका सिआरसि कमिटी सदस्यहरूले नेपाली बालबालिकाको प्रस्तुतिबाट "आफूहरूले धेरै कुरा सिकेको" बताउनु भएको थियो । बालबालिकासँगको एक घण्टे छलफल सकिए पछिको फोटो सेसन पनि कम उत्साहजनक थिएन ।

जेनेभाका अनुभवहरू सँगै जाने नीना महर्जन, हिमा राई र राकेश पौडेलले लेखिसक्नु भएको छ । चाइल्ड नेपालका अध्यक्ष कृष्ण सुवेदी र सोही संस्थाका कार्यक्रम संयोजक मोहन दंगालको लेखहरूमा पनि समग्र जेनेभा यात्राका अनुभवहरू समेटिइएका छन् । जे होस् हामी जेनेभाबाट फर्किदा गह्रुङ्गो भारी बिसाएर आए जस्तो उत्साह र उमंगले भरिएका थियौं ।

## अनुभवको यो अंक

जेनेभाबाट फर्किए पछि बालबालिकाको नेतृत्वमा तयार पारिएको प्रतिवेदनलाई नेपालीमा रूपान्तरण गरी प्रकाशन गर्ने र अनुभवको यस अंकलाई बालअधिकार महासन्धिमा प्रतिवेदन बुझाउने कार्यको अनुभवहरू समेटेर विशेषाङ्क कै रूपमा प्रकाशित गर्ने निधो गऱ्यौं । सो अनुरूप प्रतिवेदन नेपालीमा रूपान्तरण भई प्रकाशित पनि भै सकेको छ ।

अनुभव प्रकाशनको हकमा भने हामीले केही थप गृहकार्यहरू गऱ्यौं । जस अनुसार महासन्धि माथिको पहिलो प्रतिवेदन तयारीमा लाग्नुभएका देखि पछिल्लो प्रतिवेदन पठाउँदा संलग्न महानुभावहरूको नामावली तयार पाऱ्यौं । पत्राचार भयो । देशमा विनासकारी भूकम्प आउनु अगाडि नै थालनी गरिएको यो कार्य भूकम्प पछि स्वभाविक रूपमा स्थगित भयो । डिसेम्बर २०१५मा आयोजित कर्न्सोटियम्को साधारण सभाबाट नयाँ नेतृत्व छनौट भयो र नयाँ कार्यसमितिले थाँति रहेको अनुभव प्रकाशनको कामलाई गति दियो । कर्न्सोटियम क्षेत्र नं. ४ का संयोजक मोहन दंगाललाई संयोजनको जिम्मेवारी सहित मलाई सम्पादनको जिम्मेवारी दिइयो । कामले गति पायो । अग्रजहरूलाई हामीले पठाएको पत्रका बारेमा स्मरण गरायौं । धेरै अग्रज तथा अनुभवीहरूबाट हामीले सामग्री पायौं । कतिपय महानुभावहरूले समयभावका कारण लेख्न सक्नु भएन । हामीले केही अन्तरवार्ता पनि लियौं । यसरी काम आरम्भ गरेको झण्डै एक वर्ष पछि यस "अनुभवहरू"को विशेष अंक प्रकाशित भैरहेको छ ।

सम्पादनका क्रममा प्राप्त सामग्रीहरू अद्योपान्त अध्ययन गरें । पढ्दै जाँदा आफू दुई दशक देखि बालअधिकार आन्दोलनमा लाग्दाका प्रारम्भिक

देखि अहिलेसम्मका कतिपय घटनाक्रमहरू सम्भनामा आए । अग्रजहरूले उल्लेख गर्नु भएका कतिपय सभा, समारोह, परामर्श बैठक, छलफल तथा प्रक्रियाहरूमा म आफू पनि सहभागी वा संलग्न थिएँ । यसरी आफूपनि संलग्न घटनाक्रमका बारेमा कसैले उल्लेख गरिदिंदा लेख प्रतिको अपनत्व अभ थपिने रहेछ । मलाई अहिले त्यस्तै भैरहेको छ ।

## बिट मार्दामार्दै,

कन्सोर्टियमका लागि बालबालिकाको नेतृत्वमा प्रतिवेदन तयार पार्ने काम चुनौती र अवसर दुवै थियो । सबैको साथसहयोगमा हामीले सबै सम्भावित चुनौतीहरूलाई अवसरमा बदल्यौं । यस सफलतामा समग्र प्रक्रियामा सहभागी प्यारा भाइबैनीहरू, तत्कालिन कन्सोर्टियम् कार्यसमितिका सहकर्मी साथीहरू, कन्सोर्टियम सचिवालयका कर्मचारी साथीहरू समग्र प्रक्रियालाई सहजीकरण गरिदिने र टिममा रहेर मिहिनेत गर्ने अग्रज तथा साथीहरू र प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउने साभेदार संस्थाहरूको महत्वपूर्ण योगदान रहेको छ । यसरी प्रतिवेदन तयारीको कामलाई आफ्नै काम सम्भेर प्रतिवद्ध सहयोग पुऱ्याउनेहरू आदरणीय व्यक्तित्वहरू हुनुहुन्छ, धन्यवादका सुपात्र हुनुहुन्छ ।

यस्ता महत्वपूर्ण काम गरेको/गरिरहेकै समयमा काम गर्दाका अनुभवहरूलाई अभिलेखीकरण गरिएन भने पछि गरौंला भनेर नहुँदो रहेछ । यस तथ्यलाई बुभेर यस प्रतिवेदन लेखनको पहिलो अनुभव देखि पछिल्लो अनुभवसम्मलाई लिपिवद्ध गराउने र दस्तावेजका रूपमा प्रकाशन गर्ने कन्सोटियम्को यो जमर्को साँच्चिकै प्रसंसायोग्य छ । र यस वृहत्तर कामको अंशका रूपमा आफूलाई पाउँदा अनन्य गर्वानुभूति भै रहेको छ ।

*(लेखक कन्सोर्टियमका निवर्तमान अध्यक्ष एवम् सिविन-नेपालका प्रवक्ता हुनुहुन्छ ।)*

❑❑❑

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 93



# जेनेभाको बालअधिकार समितिमा पुग्दा



राकेस पौडेल (तिलक)

नेपालको इतिहासमा पहिलो पटक विभिन्न विकास क्षेत्रमा क्षेत्रीय स्तरका तथा काठमाडौंमा देशका सम्पूर्ण बालबालिकाको प्रतिनिधित्व हुने गरी बालबालिकाको राष्ट्रिय भेला सम्पन्न भयो । उक्त बाल भेलामा बालबालिकाको क्षेत्रमा काम गरिरहेका बालबालिकाको सक्रिय रूपमा सहभागिता रहेको थियो । मध्य पश्चिमाञ्चल विकास क्षेत्रबाट सहभागिता जनाउनेहरूमा नेपालगन्ज बाँकेबाट मीना शर्मा र सुर्खेत वीरेन्द्रनगरबाट राकेश पौडेल (म स्वयम्) थियौं ।

उक्त भेलाबाट पहिलो पटक CRC Committee मा पठाउने गरी नेपाली बालबालिकाले कन्सोर्टियमको सहजीकरणमा Child Led Report तयार भयो । राष्ट्रिय भेलाबाट उक्त Report CRC को प्रिसेसनमा लैजानका लागि दुई जना बालबालिकाको छनौट भयो । जसमा सम्पूर्ण सहभागी साथीहरूले मलाई र हिमा राई (काठमाडौं) लाई छनोट गर्नुभयो । छनौटपछि ममा झन् उत्साह र जिम्मेवारी वोध भएको महसुस भयो । प्रशासनिक सम्पूर्ण काम सकेपछि हामी असोज ६, २०७१ मा स्वीट्जरल्यान्डको राजधानी जेनेभा प्रस्थान गर्ने तयारी भयो । नयाँ ठाउँमा जान लागेकाले म केही नर्भस भएको थिएँ । यद्यपि सँगसँगै उत्साहित पनि । विभिन्न ठाउँको विश्राम सँगसँगै हामी जेनेभा पुग्यौं र बैठकमा सहभागी भयौं । उक्त मिटिङमा Child Nepal का कृष्ण सुवेदी सरसँग भेट भयो । उहाँहरू सहित हाम्रो टोली ११ जना सदस्यको भयो । भोलिपल्ट असोज ८ गते मेरो जन्मदिन परेकाले सबैले शुभकामना दिनुभयो । निना दिदीले त मेरा लागि शुभकामना कार्ड समेत बनाउनुभएको थियो । खाजा पछि हामी संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिको सभाकक्ष तिर लाग्यौं र त्यहाँ पहिला बालबालिकाको

आ–आफ्नो देशको छुट्टाछुट्टै मिटिङ भयो । हामीले नेपाली बालबालिकाको समस्या CRC Committee का अध्यक्ष तथा पदाधिकारी सामु राख्यौं । हामीलाई भाषाको कठिन नहोस् भनेर कुमार सर र निना दिदी पनि हामीसँगै हुनुहुन्थ्यो । हाम्रो प्रस्तुति CRC Committee का पदाधिकारीले प्रशंसा गरे जसले गर्दा हामी थप उत्साहित भयौं । त्यस दिन बाहिर देशबाट आएका थुप्रै बालबालिका साथीसँग भेटघाट तथा अनुभव साटासाट गर्ने मौका मिल्यो । आफूजस्तै बाल सञ्जालमा आवद्ध साथीसँग कुरा गर्न पाउँदा खुसी लाग्यो । असोज ९ गते हामी फेरि जेनेभा Child Rights Connect को बैठकमा सहभागी भयौं । त्यहाँ धेरै देशका सहभागीहरू थिए । हामी कसरी छनौट भयौं भनेर सेयर गरिसकेपछि नेपाली बालबालिकाले बनाएको प्रतिवेदनको बारेमा छोटो छलफल भयो । त्यहाँ पनि सम्पूर्ण सहभागीहरूले Child Led Report को प्रशंसा गरे । औपचारिक भेटघाट सकेपछि हाम्रा बाँकी दिनहरू घुमघाममा केन्द्रित भए र हामी नेपाल फर्कने तयारीमा केन्द्रित भयौं । हाम्रो यात्रा रमाइलो बनाउने कुमार सरले रमाइलो प्रसंग जोडेर अझ रोचक बनाउनु भयो । मलाई यस कार्यमा सहयोग गर्ने स्याक सुर्खेत, एफा बाँके र स्वयं कन्सोर्टियम नेपाल सचिवालयका कर्मचारी संस्थाका पदाधिकारी तथा आर्थिक सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

*(वीरेन्द्रनगर, सुर्खेत स्थायी घर भएका लेखक नगर बाल सञ्जालका अध्यक्ष एवम् बाल आवाज मासिकका सम्पादक हुनुहुन्छ ।)*

❑❑❑

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 95



# बालक्लबदेखि बालअधिकार समितिसम्म पुग्दा



मोहन दंगाल

## बाल्यकाललाई फर्केर हेर्दा :

सानैदेखि निकै चकचके स्वभावकको भएकाले होला म धेरैको प्रिय बन्न सकिन । किन हो किन चकचक गर्ने गुण ममा अरूको तुलनामा बढी थियो । घरमा बुवाले माया गरे पनि आमाको चुटाइ धेरै खाएको छु । स्कुलमा सर मिसको चड्कन पापा खानेमा पनि म पहिलो नम्बरमै थिएँ । पढाइ ठीकै थियो । कहिल्यै फेल भइएन । तर गायन, खेलकुद, सरसफाइ र अरू सामाजिक गतिविधिमा म निकै सक्रिय थिएँ । तर त्यो गुणलाई कसैले पनि प्रोत्साहन गरेन । म चकचक गर्ने र यिनै कामहरूमा रमाउन थालें ।

## बालक्लबको अध्यक्ष हुँदा :

मलाई एउटा निम्तो आयो । ठूलो बुवाले त्यो निम्तो पठाउनुभएको रहेछ । कृष्ण सुवेदी, उहाँ नै हो हाम्रो ठूलो बुवा । टोलकै लागि उहाँ ठूलो बुवाको नामले परिचित हुनुहुन्थ्यो । आज उहाँ अग्रज मानव अधिकारकर्मी हुनुहुन्छ । शनिबारको दिन महाँकाल मन्दिरको सभाकक्षमा आउनका लागि निम्तो रहेछ । अरू कुराहरू पनि लेखेको रहेछ तर खासै ध्यान गएन ।

२०५७ साल चैत महिनाको कुरा हो । शनिबारको दिन म त्यहाँ समयमै पुगैं । टोलका मेरा अरू साथीहरू पनि जम्मा भएका रहेछन् । सबैसँग कुराकानी भयो । एकछिन् पछि ठूला दाजुदिदीहरू पनि आउन थाल्नुभयो । ठूलो बुवा पनि आउनुभयो । हामी सबै सभाकक्षमा जम्मा भयौँ ।

हामीले रमाइलो खेल खेलेर परिचय गऱ्यौं । हामीले आफ्नो प्रतिभाहरू पनि देखायौं । मैले गीत गाएँ अनि चित्र पनि कोरेँ । सबैले मेरो प्रतिभाको प्रशंसा गरेँ । सायद यसैको भोको थिएँ म । दंग पर्दै अरूको प्रतिभाहरू पनि हेरें । ठूलो बुवाको कुराहरू पनि ध्यान दिएर सुन्न थालें । पछि म जस्तै साथीहरूको एउटा समूह वा क्लब बनाउने कुरा बन्यो र सबै साथीहरूको सहमतिमा मलाई अध्यक्ष बनाइयो । त्यो क्षण नै बालबालिका र बालअधिकारका लागि काम गर्ने कोशेढुङ्गा सावित भयो मेरो जीवनमा । उक्त समूहको नाम सिर्जना बाल युवा परिवार राखियो र हामीले यो समूहबाट धेरै गतिविधिहरू गऱ्यौं ।

## बालअधिकार आन्दोलनमा सहभागिता

२०६२ सालदेखि औपचारिक रूपमा चाइल्ड नेपालसँग आवद्ध भएर काम गर्न थालें । यो मेरा लागि बालअधिकारका सवालहरूलाई नजिकैबाट बुझ्ने र बुझाउने थलोको रूपमा रह्यो । साथै, बालअधिकारका क्षेत्रमा काम गर्ने विभिन्न सञ्जालहरूमा आवद्ध भई काम गर्ने अवसर पनि यहाँबाट प्राप्त भयो र यस्तै धेरै कामहरू मध्ये संयुक्त राष्ट्रसंघको बालअधिकार समितिमा नागरिक समाजको तर्फबाट बालअधिकारको स्थिति प्रतिवेदन (Supplementary Reports) तयार गरी बुझाउने । साथै, बालबालिका स्वयंले पनि प्रतिवेदन (Child Led Report) तयार गरी पठाउने कुराले म धेरै खुसी थिएँ ।

यो काम धेरै चुनौतीपूर्ण थियो । बालअधिकारका क्षेत्रमा काम गरिरहेका सबै सञ्जालहरूसँग सहकार्य गर्दै यो कामलाई फत्ते गर्नु थियो । त्यसैले हाम्रै ठूलो बुवा कृष्ण सुवेदीको संयोजनमा सन् २०१२ मा CRC Reporting Coalition Nepal नामक वृहत् सञ्जालको गठन गरियो जहाँ बालअधिकारका क्षेत्रमा काम गर्ने सातवटा सञ्जालसँग आवद्ध ६ सयभन्दा बढी संघ-संस्थाहरूको सहभागिता रहेको थियो ।

यस सञ्जालले विभिन्न तहमा आफ्नो काम अगाडि बढायो । पहिलो चरणमा बालअधिकारसँग सम्बद्ध नीतिगत कुराको लेखाजोखा गरियो भने दोस्रो चरणमा विभिन्न जिल्लाहरूमा गएर बालबालिका र वयस्कहरूसँग

परामर्श गरी त्यहाँका वास्तविक समस्याहरूका बारेमा बुझ्ने र अभिलेखीकरण गर्ने योजना भयो ।

## बालबालिकासँग परामर्श गर्दाको अनुभव :

बालबालिकासँग गर्ने सबै परामर्श भेलाहरूको सहजीकरण गर्ने जिम्मेवारी मलाई दिइएको थियो । मेरा लागि यो निकै चुनौतीपूर्ण थियो किनभने उनीहरूको वास्तविक समस्याहरूलाई उजागर गरी सरकारी तहबाट बालअधिकार संरक्षणमा भएका पहलहरूमा उनीहरूको पहुँचको अवस्था पनि मलाई बुझ्नु थियो । यसका लागि हामी नवलपरासी, रूकुम, बाँके, कञ्चनपुर र धनकुटा जिल्लाहरूमा पुग्यौं ।

नवलपरासी जिल्लामा हाम्रो पहिलो परामर्श भेला अपाङ्गता भएका बालबालिकासँग भयो । हाम्रो परामर्शलाई सहजीकरण गर्न तिनै भाइबहिनीहरूलाई अध्यापन गराउने शिक्षकहरूले गर्नुभयो । उनीहरू जस्तै धेरै अपाङ्गता भएका साथीहरू अझै पनि स्कुल आउन नसकेको, स्कुल आए पनि अध्ययन र मनोरञ्जन गर्ने सामग्रीहरूको अभाव रहेको कुरा भाइबहिनीहरूले हामीलाई बताउनुभयो । शारीरिक तथा मानसिक अपाङ्गता भए तापनि उनीहरूको अनुहारमा देखिएको त्यो खुसीले मलाई निकै भावुक बनायो । त्यसपछि मैले सुनवल नगरपालिकाका बालक्लब र सञ्जालसँग आवद्ध भाइबहिनीहरूसँग कुराकानी गरें । उनीहरूका अनुसार शारीरिक दण्ड सजाय पहिलेको तुलनामा कम भए पनि त्यसको अन्त्य हुन सकेको छैन । स्कुलमा अहिले शारीरिकभन्दा पनि मानसिक तनाव शिक्षकहरूबाट हुने गरेको कुरालाई जोडतोडले उठाए । अनुशासनका नाममा बालबालिकालाई सजाय दिन नहुने कुरामा उनीहरूको विशेष जोड थियो ।

त्यसपछि हामी रूकुम हान्नियौं । त्यहाँ पुग्दा लाग्यो रूकुम दूर छ तर दुर्गम छैन । सदरमुकाम मुसिकोटमा आयोजना गरिएको भेलामा बालबालिकासँग कुराकानी गर्दा जातीय भेदभाव अझै पनि रहेको र यसका कारण बालबालिका विद्यालय आउन नसकेको कुरा बताएका थिए । साथै, बालबालिकाले पाउने गरेको छात्रवृत्ति पनि दुरूपयोग भएको कुराहरू बालबालिकाले बताए । बाल दुर्व्यवहार र दण्ड सजायका घटनाहरू पनि निकै रहेको कुरा भाइबहिनीहरूले बताएका थिए । साथै, कञ्चनपुर जिल्लाको

महेन्द्रनगरमा भाइबहिनीसँगको कुराकानीमा पनि बालविवाह, शारीरिक दण्ड सजाय, बेचबिखन र दुर्व्यवहारका विषयहरू उठेका थिए । यिनै सवालहरू पूर्वाञ्चलको धनकुटा जिल्लामा आयोजना गरिएको भेलामा पनि बालबालिकाले उठाएका थिए । काठमाडौंमा आयोजना गरिएको राष्ट्रिय परामर्श भेलामा पनि बाल आवाज सङ्कलन गरी प्रतिवेदनलाई पूर्ण रूप दिने काम सफलतापूर्वक सम्पन्न गरी संयुक्त राष्ट्रसंघको बालअधिकार समितिमा पठाइएको थियो ।

## संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिमा प्रतिनिधित्व :

नेपालको नागरिक समाजको प्रतिनिधित्व गर्दै संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिको ६९औं पूर्व बैठकमा सहभागी हुन ११ सदस्यीय टोलीमा म पनि थिएँ । हामी सँगै काम गर्ने दाजुदिदीका साथ दुई जना बालबालिका पनि हामी सँगै जानुभएको थियो । बालबालिकाका लागि सधैं ठूलाले मात्रै बोल्ने उक्त ठाउँमा नेपालका तर्फबाट बालबालिकाले नै बोल्ने भएका थिए । यो कुराले म निकै खुसी थिएँ ।

समितिका सदस्यहरू पहिले बालबालिकासँग छुट्टै बस्नुभयो र उहाँहरूको कुरा सुन्नुभयो । करिब एक घन्टापछि हाम्रो प्रस्तुतिकरणको पालो आयो । पहिले कपिल अर्याल सरले बालअधिकारको समग्र प्रस्तुति गर्नुभयो र त्यसपछि इन्दु दिदीले सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोगका सम्बन्धमा पस्तुति गर्नुभयो । समितिका सदस्यहरूले लगत्तै करिब १ सयभन्दा बढी प्रश्नहरू राख्नुभयो । ती प्रश्नहरू टिपी त्यसै अनुरूप हामीले समूहमा छलफल गरी विषयगत रूपमा उत्तर दिने निर्णय गर्‍यौं । मलाई शिक्षाका सवालहरूका सम्बन्धमा बोल्ने अवसर मिलेको थियो र मैले त्यसैअनुरूप तयारी गरें र प्रस्तुति पनि गरें । यो मेरा लागि जीवनकै महत्वपूर्ण क्षण सावित हुन पुग्यो ।

## बालअधिकारका लागि भावी कार्यदिशा :

बालअधिकार आन्दोलनमा बालक्लब देखि संयुक्त राष्ट्रसंघीय बालअधिकार समितिसम्मको मेरो यात्राले मलाई यस क्षेत्रमा लाग्न धेरै प्रेरणा

दिएको छ । समितिका सदस्यहरूले नेपालमा बालअधिकार सुनिश्चित गर्नका लागि दिएको सुझावहरू हामी सबैका लागि भावी कार्यदिशाका रूपमा रहेको छ । आज पनि नेपालमा बाल विवाह, बाल दुर्व्यवहार जस्ता घटनाहरू विद्यमान छन् । यसको अन्त्यका लागि हाम्रो पहिलो प्रयास भनेको राज्यको कानुन र नीति/नियमहरू बालमैत्री बनाउनु हो । त्यस्तै स्थानीय तहमा पनि समुदायका सबै सरोकारवालालाई बालअधिकारको संरक्षण र सम्मान गर्न सचेतना गर्न जरूरी छ । यो नै हाम्रा लागि भावी कार्यदिशा रहेको छ ।

*(लेखक चाइल्ड नेपालका कार्यक्रम निर्देशक हुनुहुन्छ ।)*

❑❑❑

# सपनाले साकार रूप लिँदा



सन्तोष महर्जन

सुन्दर सपना देख्दा मन नै आनन्दित हुन्छ । यदि त्यो विपनामा परिणत भए त झनै असीम आनन्दको क्षण बन्दछ । यस्तै एउटा सुन्दर सपना जस्तो तर यदि त्यो सपना विपनामा परिणत भए नेपालको बाल अधिकार आन्दोलन/अभियानमा कोशे ढुङ्गा सावित हुन सक्ने पुनित कार्यको अंश हुने अवसर । संयुक्त राष्ट्रसंघमा नेपालका बालबालिकाको तर्फबाट बालबालिका कै नेतृत्वमा नेपालमा बालअधिकारको स्थिति सम्बन्धी प्रतिवेदन तयारीका निमित्त सहजीकरण गर्ने समूहमा सम्मिलित हुने अवसर प्राप्त गर्ने सपना विपनामा परिणत हुनु जस्तै थियो । प्रारम्भिक दिनहरू सम्झदा अझै पनि सपना नै जस्तो लाग्दछ । प्राय सबै (साझेदार संस्था, अग्रज, वयस्कहरू)को एकै खालको प्रश्न हुन्थ्यो - ठूलो काम छ, के गर्न सकिन्छ र ? के समयमै पूरा हुन्छ त ? तर आजको दिनसम्म आउँदा यी प्रश्नहरूको उत्तर हामी सबैमा प्रस्ट रूपमा आइसकेको छ । यसका लागि शुरूका दिन देखि नै यसको प्रत्येक पाइलाको अवगत गराउनु हुँदै मलाई डोऱ्यान सहयोग गर्नहुने उद्धव पौडेल (उद्धव दाइ) तथा चन्द्रिका खतिवडा (चन्द्रिका दाइ) लाई सम्झन चाहन्छु । उहाँहरूले बालअधिकार महासन्धिमा नेपाल पक्ष राष्ट्रको रूपमा प्रस्तुत गरिएका आवधिक प्रतिवेदनहरूको बारेमा जानकारी गराउनुका साथै प्रतिवेदनका प्राविधक पक्षको बारेमा जानकारी गराउनुभयो । जुन पछि बालबालिकाले प्रतिवेदन तयारीका निमित्त बलियो आधार स्तम्भको रूपमा रह्यो । यसका साथै कन्सोर्टियम नेपालका तत्कालिन कार्य समिति जसले म तथा किरण थापालाई कार्यसमितीको तर्फबाट हामी माथि पूर्ण विश्वास गरी थप प्रक्रियाको संयोजन तथा सहजीकरण गर्ने जिम्मा दिनु भयो, उहाँहरूलाई पनि विशेष धन्यवाद दिन चाहन्छु ।

जिम्मेवारी प्राप्ति पछि र प्रतिवेदन तयारीका निमित्त विभिन्न चरणमा छलफल गरिए पश्चात एक प्रकारको खाका तयार गरियो । तर विभिन्न अप्ठ्यारा (बजेटको कमी तथा काम कै बारेमा संसय) का कारण खाकाले खोजे जसरी अगाडी बढ्न नसक्ने अवस्था देखा पर्‍यो । यसले गर्दा बढी भन्दा बढी बालबालिकाको सहभागिता कसरी गर्ने भन्ने चुनौती प्रमुख रूपमा खडा हुन पुग्यो । तर पनि कन्सोर्टियमका कार्य समितिका सदस्यहरूको दह्रो साथका कारण खाकाको सोच अनुरूपमा अगाडि बढी बालबालिकाको नेतृत्वमा नेपालमा नै पहिलो पटक बाल अधिकार महासन्धिको प्रतिवेदन तयारी गरी UN Child Rights Committee मा प्रस्तुत गर्ने काम सफलतापूर्वक सम्पन्न भइसकेको छ । यसरी जुन सपना देखिएको थियो त्यो सफलतापूर्वक सम्पन्न भएकामा आज निकै खुशी महसुस भइरहेको छ ।

यी सबै प्रक्रियाहरूमा सामेल हुने क्रममा एक ऐतिहासिक प्रक्रियाको साझेदारीबन्ने मौका त मिल्यो नै साथै यसबाट बालबालिकालाई उचित मौका प्रदान तथा वातावरण निर्माण गरिदिएको खण्डमा उनीहरू पनि आफ्नो तर्फबाट उत्कृष्ट काम प्रदर्शन गर्न सक्षम छन् भन्ने कुरा पुनः प्रमाणित भएको छ । प्रतिवेदन निर्माण गर्ने क्रममा वयस्कहरूले मात्र सहजकर्ताको भूमिका निर्वाह गरेका थिए जहाँ उनीहरूले प्रक्रिया तथा प्रतिवेदनको ढाँचाको बारेमा जानकारी, मुद्दाहरूलाई संकलन तथा प्रविवेदनको ढाँचा अनुसार समावेश गर्ने कार्य मात्र सम्पन्न गरेका थिए । बाँकी सम्पूर्ण कार्य बालबालिका आफैले गरेका थिए । यस प्रक्रियाको सफलताले आगामी दिनमा बालबालिका कै नेतृत्वमा थप प्रतिवेदनहरू निर्माणको मार्ग प्रसस्त गरेको ठानेको छु ।

*(लेखक कर्न्सोटियम्-नेपालका कार्यसमिति सदस्य हुनुहुन्छ ।)*

❑❑❑

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 102



# बालअधिकार अभियानमा सम्लग्तना र महासन्धिको प्रतिवेदन लेखनः एक अनुभूति



**तारक धिताल**

बालअधिकारसम्बन्धी महासन्धिलाई नेपालले सन् १९९० मा अनुमोदन गरे पश्चात् नै नेपालमा बालअधिकार अभियानको गतिले बढी तीव्रता लियो । बहुदलीय प्रजातन्त्रको स्थापना सँगसँगै देशभरि पलाएको आशा र स्वतन्त्रताको अनुभूतिले सबैलाई हर्षित र आशावादी बनाएको थियो । विद्यार्थी कालदेखि नै स्वतन्त्रता, न्याय र मानवअधिकारको पक्षमा क्रियाशील भएको नाताले समेत राज्यलाई मानवअधिकारप्रति प्रतिवद्ध बनाउने हरेक क्रियाकलापबाट आफूलाई सुखानुभूति हुनु स्वभाविकै थियो ।

नेपालमा बालअधिकार अभियानका अग्रणी गौरी प्रधानसँगको सामिप्यताबाट बालअधिकार अभियानमा मेरो प्रत्यक्ष सक्रिय संलग्नता बढ्दै गयो । यद्यपी विद्यालय शिक्षाको उत्तरार्धदेखि नै हामीले बालबालिका केन्द्रित कामहरूको थालनी गरिसकेका थियौं । त्यसबखतको एक स्वयंसेवी समूह तारक धिताल, कुन्दन अर्याल, अनिल मिश्र, आत्माराम पुडासैनी, मधुसुधन पन्त र रामकुमार गिरीको सक्रियतामा विद्यालयका बालबालिकालाई केन्द्रित गरी सन् १९८५ तिर नै 'हातेमालो' पत्रिकाको प्रकाशन शुरू गरेका थियौं, जुन त्यसबखत सोच र सामग्रीका दृष्टिले सर्वथा नयाँ र ज्ञानमूलक थियो, यद्यपि बालअधिकारकै शब्दहरू भने प्रारम्भमा त्यहाँ थिएनन्, तर भावहरू प्रसस्तै समेटिएका थिए ।

तत्कालिन अवस्थामा नेपालको जागिरहरूमध्ये राम्रो, सम्मानित मानिने, सेवासुविधा अधिक भएको आरएनएसीको जागिर छोडेर म बालअधिकार अभियानमा पूर्णतः होमिएँ । राज्यद्वारा स्थापित सम्मानीत संस्थालाई छोडेर भर्खरै स्थापित हुँदैगरेको गैरसरकारी संस्था सिविनसँग आवद्ध भएर

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 103



बालअधिकारको वकालतमा लाग्दा कतिपय शुभचिन्तकले चिन्ता पनि ब्यक्त गरे । राम्रो मानिएको जागिरबाट हुने व्यक्तिगत लाभबाट भन्दा समाजका अति संवेदनशिल समुह बालबालिकाको कठीनतम जीवनमा परिवर्तन ल्याउन सकिने क्षेत्रमा योगदान दिन सकिने सम्भावनाले मलाई भने प्रफुल्लीत बनाएको थियो । जहाँ मेरो प्रमुख जिम्मेवारी बालअधिकारको वकालत गर्ने थियो । नीति निर्माणको तहदेखि आम जनसमुदायसम्म बालअधिकारलाई स्थापित गर्नु थियो । अतः बालअधिकारसम्बन्धी महासन्धिका विषयमा पर्याप्त जानकारी राख्दै त्यसको प्रवर्द्धन गर्नु नियमित काम हुन गयो । बालबालिकाका विषयमा सबैलाई संवेदनशील बनाउने क्रममा सडक देखि नीति निर्माणको तहसम्म केन्द्रित विभिन्न कार्यक्रम र अभियानहरू संचालन गरियो । यसै प्रसंगमा आयोजित एक सडक कार्यक्रम मैले भरखरै जागिर छाडेको तत्कालिन आरएनएसी भवनकै अगाडी सम्पन्न गरिएको थियो, जसमा आरएनएसीका केही कर्मचारीहरू पनि हेर्नसुन्न आईपुगे । त्यतिबेला अहिले जस्तो हातहातमा मोवाइल थिएन, तुरून्तै "कमेन्ट पास" गर्ने साधन थिएन । केही दिन पछि पहिले सँगै जागिर खाएका एक मित्र भेट भयो । "तपाईंले अस्ति नै अफिस अगाडि कार्यक्रम गर्नु भएको रहेछ, निकै चर्चा भएको थियो" उनले भनी रहँदा म भित्र प्रशन्नता जागिरहेको थियो, "बालबालिकाको विषयले मन छोएछ क्यारे" मनमनै गद्गदिएँ । के चर्चा भयो, मुस्कुराउदै सोधीहालें । ङिच्च हाँस्दै उनले भने "यतिराम्रो जागिर भएको, राम्रो क्षमता भएको, धेरै संभावना बोकेको मान्छे, के लहलहैमा लागेर हिडेको होला, अहिले त सडकमा नौटंकी पो गर्न थालेछ भनेर सबैले चिन्ता ब्यक्त गरे, साँच्चै किन तपाईंले जागिर छोडेको ?" मेरो स्वकल्पना विपरितको अभिव्यक्ति थियो त्यो । म फिस्स हाँसे । चिन्ता व्यक्त गर्नु भएकोमा म आभारी छु, साथी र अग्रजहरूको म प्रतिको त्यो प्रेम र सद्भावको कदर गर्छु, तर यसै अर्थमा म भने चिन्तित छैन, मैले राम्रो जागिरभन्दा फराकिलो क्षेत्र छानेको हुँ, सबैलाई मेरो हार्दिक नमस्कार सुनाईदिनु होला भनें र हामी छुट्टियौं ।

अब प्रसंग बालअधिकार महासन्धिको प्रतिवेदन तयारीमा नै केन्दित गरौं । नेपालले प्रारम्भिक प्रतिवेदन बुझाउने समयावधी १९९२ भएपनि १९९५ मा मात्र बुझाउन सकियो भने सोको पूरक प्रतिवेदन १९९६ मा बुझाइयो । प्रारम्भिक प्रतिवेदनको लेखन कार्यमा नै भने मेरो प्रत्यक्ष संलग्नता नरहे

पनि यस सम्बन्धमा सूचनाजानकारी संकलनार्थ गरिएका कार्यशाला, अन्तरक्रिया र बालबालिकासँगको छलफल लगायतमा सक्रिय सहभागी रहेको थियो । यो नौलो विषयका रूपमा चर्चा हुन्थ्यो । व्यवस्थित अभिलेखहरूको अभाव तथा भएका अभिलेखमा पनि बालबालिका सम्बन्धित तथ्य तथ्यांकहरू विशिष्टीकृत रूपमा नपाइनुले समग्र स्थिति प्रतिविम्वित गर्न कठिनाई थियो । जुन अहिले पनि विभिन्न तहमा रहिरहेको छ । प्रारम्भिक प्रतिवेदन कै तयारीका लागि विभिन्न संघसंस्थाहरूको संयोजनमा भएको तीन दिने कार्याशाला लगायत बालबालिकासँग समेतको छलफलले प्रतिवेदन लेखनमा प्रशस्त पृष्ठपोषण पुऱ्यायो । त्यस बखतको प्रयत्न अत्यन्त सुन्दर थियो । सरकारी निकाय, राष्ट्रिय गैर सरकारी संस्था, अन्तराष्ट्रिय गैर सरकारी संस्था एवम् संयुक्त राष्ट्र संघीय निकायहरू बडो उत्साहका साथ क्रियाशील भएका थिए, राष्ट्रिय प्रतिवेदन तयारीको गर्व थियो ।

दोस्रो आवधिक प्रतिवेदन बुझाउने "ड्यूडेट" १९९७ पर्दथ्यो । तर प्रारम्भिक नै ढिलो भएका कारण यो समयमा नै जाने सम्भावना रहेन । तर यसको तयारीको काम भने केही पछि शुरू भयो । यस कार्यमा एक बालअधिकारकर्मीको हैसियतमा मेरो सघन संलग्नता रहन गयो । दोस्रो आवधिक प्रतिवेदनका लागि महिला, बालबालिका तथा समाज कल्याण मन्त्रीको संयोजकत्वमा राष्ट्रिय निर्देशन समिति गठन भएको थियो भने मन्त्रालयका सहसचिवको संयोजकत्वमा मस्यौदा समिति गठन भएको थियो । जसमा अन्य मन्त्रालयका प्रतिनिधिका साथै गैर सरकारी संस्थाहरू र बालबालिकाको संस्था समेतका प्रतिनिधित्व रहेको थियो, जसमा म पनि सामेल थिएँ । त्यस प्रतिवेदनको अन्तिम पृष्टमा संलग्नहरूको नामावली अहिले पनि देख्न सकिन्छ । उक्त प्रतिवेदन लेखनकर्ताको हैसियतमा सो अवधिका स्मरणमा रहेका केही अनुभूतिहरू संक्षेपमा उल्लेख गरौं ।

मस्यौदा समितिमा धेरै चरणमा छलफलहरू भए । अधिकांशतः सबै सदस्यहरू भेलाहुन गाह्रै पर्थ्यो । प्रतिवेदन तयार गर्ने बारे बालअधिकार समितिको निर्देशिका अनुरूप १९९६ पछिको अवधिमा भएका प्रगतिहरू लगायतको तथ्य तथ्यांक, जानकारीहरू समेट्नु पर्ने थियो । कतिपय अवस्थामा बैठकमा छलफल गर्दा धेरै कुराहरू भएका छन् भन्ने कुरा प्रायः सवैले गर्ने तर ठ्याक्कै सो सम्बन्धी अधिकारिक तथ्य, जानकारी र दस्तावेज, अभिलेखहरू उपलब्ध हुन भने नसकेको अवस्था थियो । गफै मात्रै गरेर

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 105



प्रतिवेदन भर्न सकिने कुरा पनि भएन । कलम चलाउने भन्दा जिब्रो चलाउने सीपमा प्रायः दख्खल देखिनु स्वभाविकै थियो । सरकार तथा विभिन्न संघ संस्थाले गरेका गतिविधिहरूका आधारमा नै विविध जानकारीहरू तयार गर्नुपर्ने थियो, तर एकीकृत र राष्ट्रिय प्रतिनिधित्व गर्ने सूचना, अभिलेख विरलै भेटिन्थ्ये । छलफल धेरै पटक भए, केही सामग्री संकलन पनि भए र अब बसेर लेखन कार्य गर्नुपर्ने अवस्था आयो । उक्त मस्यौदा समितिलाई प्राविधिक रूपमा तत्कालीन सेभ द चिल्ड्रेन नर्वे र युनिसेफले सहयोग गरिरहेका थिए । मस्यौदा समितिमा भएका म लगायत सबै व्यक्ति आ-आफ्ना कार्यालयको पदीय जिम्मेवारीमा व्यस्त थियौं । कसैले पनि ठ्याक्कै त्यसैका निम्तिमात्रै बसेर समय दिनसक्ने अवस्था थिएन । अन्ततः प्रारम्भिक मस्यौदा तयार गर्ने जिम्मेवारी म र तत्कालीन सेभ द चिल्ड्रेन नर्वेका तर्फबाट प्राविधिक सहयोग गर्नुहुने चन्द्रिका खतिवडाको काँधमा आइपुग्यो । सम्भव भएसम्मका दस्तावेजहरू संकलन गऱ्यौं, सबैका सुझाव टिपोट गऱ्यौं । तर लेखन कार्य गर्नका निम्ति पूरा समय दिनसक्ने अवस्था हामी दुवैमा थिएन । आ-आफ्नो कार्यालयका नियमित जिम्मेवारीहरू पूरा गर्नैपर्ने थियो ।

पुरानै मित्रता र विषय वस्तुमाथिको समज्ञानका आधारमा समेत हामीलाई जोडीमा काम गर्न सहज अवस्था थियो । संयोगवश हामी दुवैको बासस्थान नजिकै पनि थियो । दुई भाइको सल्लाह भयो-दिनभरि त कार्यालयको कामले केही गर्न भ्याइदैन, लौ अब साँझसाँझ बसौं र लेखौं, त्यही नै एउटा सरल उपाय थियो । उत्साह र जांगरको कमी थिएन, विषय प्रतिको प्रतिवद्धताले हामीलाई डोऱ्याइरहेको थियो । केही समय प्रत्येक जसो साँझ कार्यालयबाट फर्केपछि सिधै मेरो घरमा बस्ने र लेख्ने काम भयो । प्रत्येक बुँदासँग सम्बन्धित विषयमा के लेख्ने, सन्दर्भ तथ्यांक के छ छलफल गर्दै लेख्न थाल्यौं । मेरो भन्दा चन्द्रिका जीको औंला चाँडो चल्थ्यो, कम्प्युटर अगाडि चन्द्रिका जी बस्नु हुन्थ्यो र लौ अब यो बुँदामा के लेख्ने भन्नु हुन्थ्यो । आफूलाई थाहा भएका र सन्दर्भ सामग्रीबाट समेत टिपिएका कुरा म खरर भन्थें । स्पष्टताका निम्ति उहाँले थप प्रश्नहरू गर्नुहुन्थ्यो । म सरसर्ती धेरै कुरा भन्थें । 'नाइँ, नाइँ, के चैं भन्न खोजेको ठ्याक्कै फेरि भन्नुस् त' भनेर बीचबीचमै उहाँले रोक्नु हुन्थ्यो । उहाँको नाइँ, नाइँ, भन्ने थेगो मीठो लाग्थ्यो, अझै पनि लाग्छ । म पुनः समष्टिगत रूपमा भन्थे ।

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 106



नेपालीलाई अंग्रेजीमा उल्था गर्दै उहाँले वाक्य निर्माण गर्नुहुन्थ्यो र भन्न खोजेको 'सेन्स' आयो त ? भनेर हामी पुनः छलफल गर्थ्यौं, सुधार गर्थ्यौं । त्यतिबेला अहिले जस्तो लोडसेडिङ्ग थिएन, राति अबेरसम्म हामी काम गर्थ्यौं । उहाँको डेरा नजिकैको घरमा भएकाले रातमा फर्किन समस्या थिएन । अवस्थानुसार खाजा, खाना बाँडीचुडी खान्थ्यौं, ध्यान प्रतिवेदनमा नै लगाउथ्यौं । कहिले दुइतिन घण्टा त कहिले रात अबेरसम्मै काम गर्थ्यौं । विषयमा चुर्लुम्मै डुबेर लेखन कार्य गर्दा दिनभरको कार्यालयको कामपछिको थकान पनि महसुस हुन्थेन । त्यो काम हाम्रो "कन्सल्टेन्सी" पनि थिएन, न त काम गरे बापत नियमित काममा कटौति नै हुन्थ्यो, न त फुर्सदको सदुपयोग नै थियो । मात्र विषय प्रतिको प्रतिवद्धता थियो, जसको निरन्तरता कायमै छ र त शीर उचो गरेर कुरा गर्न सकिन्छ, काम गर्न सकिन्छ । अरू प्रसंग भने समय मिल्दा पछि नै गरौला ।

*(लेखक केन्द्रीय बालकल्याण समितिमा कार्यकारी संयोजकको रूपमा क्रियाशील हुनुहुन्छ)*

❑❑❑

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 107

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह

# कन्सोर्टियम-नेपाल

सन् २००० मा स्थापित नेपालमा बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समूह (कर्न्सोटियम-नेपाल) बालसहभागितामा कार्यरत संस्थाहरूको छाता सञ्जाल हो । यसले बालबालिकाको सहभागिताको अधिकारलाई घर परिवारको तहदेखि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहसम्म प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ । घोषित उद्देश्य हासिल गर्नका लागि कर्न्सोटियम-नेपालले बालसहभागिताका सम्बन्धमा अवधारणात्मक स्पष्टता ल्याउन सदस्य संस्थाहरू तथा सरोकारवालाहरूबीच तालिम, गोष्ठी, सेमिनार, छलफल, बैठक, लब्बिइङ्ग लगायतका गतिविधिहरू सञ्चालन गरिआएको छ । "अनुभवहरू" कर्न्सोटियमको नियमित प्रकाशनका रूपमा रहेको छ । यस बाहेक बालसहभागिता प्रवर्द्धनका लागि तालिम सामग्रीहरू, विधिहरूको संगालो लगायतका सामग्रीहरू पनि कर्न्सोटियमबाट प्रकाशित रहेकाछन् ।

संविधानमा बालअधिकारलाई सुनिश्चित गर्नका लागि सञ्जालहरूका तर्फबाट पहिलो तथा दोस्रो संविधानसभाका बेला गरिएका दवावमूलक गतिविधिहरूमा कर्न्सोटियमले खेलेको नेतृत्वदायी तथा संयोजनकारी भूमिका विशेष स्मरणीय रहेको छ । नागरिक समाज, बालअधिकारकर्मी, सञ्चार जगत तथा बालअधिकारका निम्ति क्रियाशील सञ्जालहरूको निरन्तरको प्रयासबाट बालसहभागिता संविधानमा मौलिक हकका रूपमा स्थापित हुनु कर्न्सोटियमका निम्ति विशेष खुसीको कुरा हो । भावी कार्यदिशाका सम्बन्धमा नीतिगत रूपमा अब बन्ने बालअधिकार ऐन तथा कानुनहरूमा बालसहभागिताको विषयलाई विशेष रूपमा उल्लेख गराउनका लागि

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 108

कर्न्सोटियमले विशेष ध्यान पुऱ्याउने छ भने संविधानका भावनालाई व्यवहारमा रूपान्तरण गर्नका लागि "संविधान शिक्षा" कार्यक्रमलाई अभियानका रूपमा स्थानीय तहसम्म पुऱ्याउने छ ।

१९९८ मा विभिन्न जिल्लाका ३०० वटा बालक्लबहरूमाथि गरिएको अनुसन्धानको प्रतिवेदनमा दिइएको सुझाव मुताविक गठन गरिएको यस सञ्जालका बालबालिकाका क्षेत्रमा क्रियाशील १० वटा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघसंस्थाहरू संस्थापक सदस्य रहेका थिए । यो सञ्जालमा सात वटा नै प्रदेशहरूको प्रतिनिधित्व रहेकोछ ।

कर्न्सोटियम नेपाल २०७० साल भाद्र १० देखि जिल्ला प्रसासन कार्यालय काठमाडौंमा विधिवत दर्ता भएको छ र यसले समाजकल्याण परिषदसँगको सम्बन्धन पनि प्राप्त गरिसकेको छ ।

*थप जानकारीका लागि*

**कन्सोर्टियम सचिवालय**
काठमाडौं-१०, नयाँबानेश्वर
फोन नं. ९७७-१-४४७८१५४
इमेलः participation.consortium@gmail.com
इमेलः www.consortium.org.np

बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह

# कन्सोर्टियम-नेपाल

## कार्यसमिति (२०१५/१६-२०१६/१७)

| सि. | नाम | पद | संस्था |
|---|---|---|---|
| १. | श्री युवराज घिमिरे | अध्यक्ष | सिविस, काठमाडौं |
| २. | श्री सन्तराम डंगोल | उपाध्यक्ष | लूः निभा बाल सरोकार समूह, |
| ३. | श्री किरण थापा | महासचिव | बाल बिकास समाज, काठमाडौं |
| ४. | श्री ईन्दिरा जोशी | कोषाध्यक्ष | पाटन सबिआर, ललितपुर |
| ५. | श्री वृजमोहन कुशवाहा | सचिव | संरक्षण नेपाल, बारा |
| ६. | श्री सन्तोष महर्जन | सदस्य | ग्लोबल एक्सन नेपाल, काठमाडौं |
| ७. | श्री प्रकाश खतिवडा | सदस्य | बाल कल्याण समाज, मकवानपुर |
| ८. | श्री रूद्र मस्राङ्गी | सदस्य | इन्द्रेणी समाज केन्द्र, पाल्पा |
| ९. | श्री गुणकेशरी श्रेष्ठ | सदस्य | फोएप, काभ्रे |
| १०. | श्री देवी रेग्मी | सदस्य | फोरेन नेपाल, मोरङ्ग |
| ११. | श्री शोभना मिश्र | सदस्य | एफा नेपाल, बाँके |

# प्रदेश संयोजक

| सि. | नाम | पद | संस्था |
|---|---|---|---|
| १. | श्री सुमन अधिकारी<br>श्री ईश्वर राणा मगर | १ नं. प्रदेश संयोजक<br>सह-संयोजक | माट्स नेपाल, संखुवासभा<br>बाल विकास समाज, उदयपुर |
| २. | श्री भाग्यनारायण महत्तो<br>श्री प्रशान्त आचार्य | २ नं. प्रदेश संयोजक<br>सह-संयोजक | जनसेवा नेपाल, रौतहट<br>जागरण अभियान, सर्लाही |
| ३. | श्री मोहन दंगाल<br>श्री नरेन्द्र कुमार सिंह | ३ नं. प्रदेश संयोजक<br>सह-संयोजक | चाइल्ड नेपाल<br>हात्तेमालो सञ्चार |
| ४. | श्री बिष्णु चिलुवाल<br>श्री तिलोत्तम पौडेल<br>श्री महेन्द्र पौडेल | ४ नं. प्रदेश संयोजक<br>सह-संयोजक<br>सदस्य | महिला आपसी सहयोग केन्द्र, लमजुङ<br>JCYCN, नवलपरासी<br>चिल्ड्रेन नेपाल, कास्की |
| ५. | श्री शालिकराम पाण्डे<br>श्री मेहरसिंह थापा<br>श्री उर्मीला चौधरी | ५ नं. प्रदेश संयोजक<br>सह-संयोजक<br>सदस्य | पछ्यौटेपन उन्मूलन समाज (Bes Nepal)<br>समाज उत्थान सहयोग केन्द्र, पाल्पा<br>स्वान, दाङ |
| ६. | श्री तेज सोनाम | ६ नं. प्रदेश संयोजक | समाज जागरण केन्द्र |
| ७. | श्री अशोक बिक्रम जैरू | ७ नं.प्रदेश संयोजक | NNSWA, Kanchanpur<br>सचिवालय कर्मचारी |

# सचिवालय कर्मचारी

| क्र. सं. | नाम | पद |
|---|---|---|
| १. | सरोज आचार्य | कार्यक्रम अधिकृत |
| २. | वर्षा श्रेष्ठ | कार्यक्रम अधिकृत |
| ३. | अमृत लामिछाने | लेखा अधिकृत |
| ४. | शन्ति रोक्का | कार्यालय सहायक |

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 112

(चाइल्ड राइट्स कमिटिका अध्यक्षबाट नेपालकी बाल प्रतिनिधि हिमा राईलाई प्राप्त पत्र) यसमा नेपालका बाल प्रतिनिधिहरूको प्रस्तुतिलाई विशेष प्रशंसा गरिएको छ ।

NATIONS UNIES
DROITS DE L'HOMME
HAUT-COMMISSARIAT

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

HAUT COMMISSARIAT AUX DROITS DE L'HOMME • OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS
PALAIS DES NATIONS • 1211 GENEVA 10, SWITZERLAND
www.ohchr.org • TEL: +41 22 917 9000 • FAX: +41 22 917 9008 • E-MAIL: crc@ohchr.org

REFERENCE: KS/CRC:

Dear Heema,

I am writing to thank you for your participation in the recently concluded 69th pre-sessional working group of the Committee on the Rights of the Child, held in Geneva from 22 to 26 September 2014.

The members of the Committee have been very grateful for your excellent presentation and the important information you have provided us with during this pre-session, which allowed us to better understand the situation of children in your country. Your efforts in reflecting the views of your peers and the challenges they meet in the realization of their rights have greatly contributed to our discussions during the pre-session.

As you know, the right of all children to be heard and taken seriously is one of the fundamental values of the Convention on the Rights of the Child. It is the right of every child without discrimination, and our Committee attaches great importance to written reports and oral information submitted by child organizations and children's representatives on the situation of children in all countries of the world.

The information you provided us with, was fully taken into account in the list of questions the Committee has sent to the authorities of your country. The Committee will also discuss your concerns and expectations with them during the meeting which will be held in June 2015.

After that meeting, the Committee will make recommendations to your country on how to improve the situation for the children. As we will only have the chance to meet with the government of your country in five years' time, we hope that, as responsible citizens within your communities, you will also help to make sure that these recommendations are effectively translated into positive changes for all children of your country.

Thank you very much again

Yours sincerely.

Kirsten Sandberg
Chairperson
Committee on the Rights of the Child

Ms Heema Rai
Consortium- Nepal, Thapagaun,
Baneswor, Kathmadu, Nepal

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 113

(चाइल्ड राइट्स कमिटिका अध्यक्षबाट नेपालका बाल प्रतिनिधि राकेश पौडेललाई प्राप्त पत्र) यसमा नेपालका बाल प्रतिनिधिहरूको नेपालको बालअधिकारको अवस्थाका बारेमा गरेको प्रस्तुतिलाई विशेष प्रशंसा गरिएको छ ।

NATIONS UNIES
**DROITS DE L'HOMME**
HAUT-COMMISSARIAT

UNITED NATIONS
**HUMAN RIGHTS**
OFFICE OF THE HIGH COMMISSIONER

HAUT-COMMISSARIAT AUX DROITS DE L'HOMME • OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS
PALAIS DES NATIONS • 1211 GENEVA 10, SWITZERLAND
www.ohchr.org • TEL.: +41 22 917 9000 • FAX: +41 22 917 9008 • E-MAIL.: crc@ohchr.org

REFERENCE: KS/CRC:

Dear Rakesh,

I am writing to thank you for your participation in the recently concluded 69th pre-sessional working group of the Committee on the Rights of the Child, held in Geneva from 22 to 26 September 2014.

The members of the Committee have been very grateful for your excellent presentation and the important information you have provided us with during this pre-session, which allowed us to better understand the situation of children in your country. Your efforts in reflecting the views of your peers and the challenges they meet in the realization of their rights have greatly contributed to our discussions during the pre-session.

As you know, the right of all children to be heard and taken seriously is one of the fundamental values of the Convention on the Rights of the Child. It is the right of every child without discrimination, and our Committee attaches great importance to written reports and oral information submitted by child organizations and children's representatives on the situation of children in all countries of the world.

The information you provided us with, was fully taken into account in the list of questions the Committee has sent to the authorities of your country. The Committee will also discuss your concerns and expectations with them during the meeting which will be held in June 2015.

After that meeting, the Committee will make recommendations to your country on how to improve the situation for the children. As we will only have the chance to meet with the government of your country in five years' time, we hope that, as responsible citizens within your communities, you will also help to make sure that these recommendations are effectively translated into positive changes for all children of your country.

Thank you very much again

Yours sincerely.

Kirsten Sandberg
Chairperson
Committee on the Rights of the Child

Mr Rakesh Paudel
Consortium- Nepal, Thapagaun,
Baneswor, Kathmadu, Nepal

Anubhav:Layout 1 3/31/2016 11:36 AM Page 114